# विद्यालय शिक्षा क्षेत्र योजना

## २०८२–२०९१


**दोगडाकेदार गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**देउलेक बैतडी**
**सुदूरपश्चिम प्रदेश,  नेपाल**

## विद्यालय शिक्षा क्षेत्र योजना २०८२-२०९१

**School Education Sector Plan (SESP), 2025-2034**

---

**दोगडाकेदार गाउँपालिका गाउँपालिका बैतडी**

**गाउँ कार्यपालिकाको कार्यालय**

**बैतडी**

**बैशाख, २०८२**

**मुद्रण प्रति : प्रति**

## अध्यक्षको मन्तव्य

ज्ञान, सीप, व्यवहार, मूल्य र दृष्टिकोणहरूको हस्तान्तरण, सिकाइ र विकासको प्रक्रिया शिक्षा हो जसले व्यक्तिको सम्पूर्ण व्यक्तित्वको विकास**,** चिन्तन क्षमताको विस्तार**,** र सजग नागरिक निर्माणमा योगदान पुऱ्याउँछ। नेपालको संविधानले शिक्षालाई नागरिकको मौलिक हकका रूपमा सुनिश्चित गरिसकेको र माध्यमिक तहसम्मको शिक्षाको जिम्मेवारी स्थानीय तहलाई हस्तान्तरण भइसकेको सन्दर्भमा हाम्रा बालबालिकाले गुणस्तरीय, समावेशी, न्यायोचित र जीवनोपयोगी शिक्षा पाउनु पर्छ भन्ने हाम्रो दृढ मान्यता हो। शिक्षालाई आधारभूत अधिकारका रुपमा सुनिश्चित गर्दै हामीले सामाजिक रुपान्तरणको मार्गमा अघि बढ्नु पर्दछ।

दोगडाकेदार गाउँपालिकाको शिक्षा क्षेत्रलाई दिगो, समावेशी र सक्षम बनाउने उद्देश्यले हामीले गाउँपालिकाको **विद्यालय शिक्षा क्षेत्र योजना (२०८२-२०९१)** तयार गरेका छौँ। यस योजना मार्फत हाम्रा विद्यालयहरूलाई आवश्यक शैक्षिक पूर्वाधार, दक्ष जनशक्ति, प्रविधि र सशक्त शैक्षिक नेतृत्वसहित आधुनिक, समावेशी र उत्तरदायी बनाउने हाम्रो लक्ष्य रहेको छ। शिक्षामा समान अवसर, गुणस्तरीय सिकाइ, स्थानीय सिप र ज्ञानको सम्मान, र सबै बालबालिकाको पूर्ण भर्ना तथा अध्यायनमा निरन्तरता सुनिश्चित गर्न हामी प्रतिवद्ध छौं। यसले हाम्रो स्थानीय सन्दर्भ, आवश्यकताहरू, अवसरहरू, चुनौतीहरू, स्रोतहरू र सामुदायिक अपेक्षाहरूलाई मध्यनजर गर्दै आउँदा १० वर्षका लागि स्पष्ट दिशानिर्देश प्रस्तुत गरेको छ।

योजना निर्माणको क्रममा सरोकारवाला संस्थाहरू, शिक्षक, विद्यालय व्यवस्थापन समिति, समुदाय, विद्यार्थी, अभिभावक, शिक्षा जानकार, संघ-प्रदेशका नीतिगत दस्तावेज तथा तथ्याङ्कमा आधारित विश्लेषणमार्फत सुझाव संकलन गरिएको छ। योजनाको निर्माणमा सहभागितामूलक र तथ्यमा आधारित विधिलाई आत्मसात गरिएको छ, जसले गर्दा योजना केवल कागजी दस्तावेज मात्र नभई समग्र दोगडाकेदार गाउँपालिकाको विद्यालय शिक्षा क्षेत्रको कार्यान्वयनमुखी मार्गचित्र तयार भएको छ।

हाम्रो गाउँपालिकाका शिक्षासँग सम्बन्धित सरोकारवालाहरू शिक्षक, विद्यालय व्यवस्थापन समिति, समुदाय, अभिभावक, विद्यार्थी, नागरिक समाज, तथा साझेदार संस्थाहरूको सहयोग, प्रतिबद्धता र सक्रिय सहभागिताबिना यो योजना सफल हुन सक्दैन। त्यसैले म सबै पक्षलाई शिक्षा सुधारको यो अभियानमा साथ र समर्थन गरिदिन हार्दिक आह्वान गर्दछु।

अन्त्यमा, योजना निर्माणमा सहयोग गर्ने सहयोगी निकाय सामुदायिक विकास केन्द्र डोटी, स्थानीय स्तरमा गठित योजना निर्माण कार्यदल, सरोकारवाला, शिक्षक, कर्मचारी, प्राविधिक र समुदायप्रति आभार प्रकट गर्दै दोगडाकेदार गाउँपालिकाको दश वर्षे **विद्यालय शिक्षा क्षेत्र योजना (२०८२-२०९१)** ले समग्र शिक्षा स्थितिमा सुधार ल्याउनेछ भन्ने पूर्ण अपेक्षा गर्दछु।

**श्री चक्र वहादुर कार्की**

अध्यक्ष
दोगडाकेदार गाउँपालिका

## उपाध्यक्षको मन्तव्य

शिक्षा कुनैपनि समुदायको समुन्नत भविष्यको जग हो । त्यसैले स्थानीय तहको शिक्षामा नीतिगत स्पष्टता, स्रोतको लक्षित परिचालन, पहुँच र समावेशी शिक्षामा सुधारका लागि दीर्घकालीन रणनीतिक योजना आवश्यक हुन्छ। यसै आवश्यकता अनुरूप दोगडाकेदार गाउँपालिकाले तयार गरेको **विद्यालय शिक्षा क्षेत्र योजना (२०८२-२०९१)** एक दूरदर्शी दस्तावेज हो, जसले हाम्रो शिक्षाको मार्गचित्र तयार गरेको छ।

योजनाले शिक्षाको पहुँच, गुणस्तर, समावेशिता, प्रविधिको उपयोग, लैङ्गिक समानता, शिक्षक व्यवस्थापन र छात्रवृत्तिको समान वितरणजस्ता विषयहरूलाई प्राथमिकताका साथ समेटेको छ । शिक्षामा लैङ्गिक समावेशिता र सामाजिक न्याय संस्थागत गर्न आवश्यक संरचनात्मक सुधार, सचेतना अभिवृद्धि र सीमान्तकृत समुदायमा विशेष हस्तक्षेप कार्यक्रमको आवश्यकता यस योजनाले औंल्याएको छ। त्यसैले यो योजना शिक्षालाई सबैका लागि पहुँचयोग्य र गुणस्तरीय बनाउने दिशामा अग्रसर हुने कुरामा विश्वाश गरिएको छ।

म विश्वास गर्दछु कि योजना कार्यान्वयनका क्रममा सबै सरोकारवाला तहहरूले जिम्मेवारीपूर्वक हातेमालो गर्दै अघि बढ्नेछन् र यसले समग्र दोगडाकेदारको शिक्षा क्षेत्रमा एक नयाँ आयाम थप्नेछ । यस योजनाले सीमान्तकृत वर्गका बालबालिकाको शिक्षा सुनिश्चित गर्दै उनीहरूलाई अवसरको मूल प्रवाहमा ल्याउनेछ।

म अन्त्यमा सबै योजना निर्माण टोलीप्रति धन्यवाद व्यक्त गर्दै यस योजनालाई सबैले व्यवहारमा उतार्ने संकल्प लिने अपेक्षा राख्दछु ।

**श्री पारवति कार्की**
उपाध्यक्ष
दोगडाकेदार गाउँपालिका, बैतडी

## प्रमुख प्रशासकीय अधिकृतको मन्तव्य

स्थानीय तहमा नीति र कार्यान्वयनको दायित्व बीच सशक्त समन्वय आवश्यक हुन्छ। यसै सन्दर्भमा दोगडाकेदार गाउँपालिकाले तयार पारेको **विद्यालय शिक्षा क्षेत्र योजना (२०८२-२०९१)** ले हाम्रो शैक्षिक दृष्टिकोणलाई व्यवस्थित बनाउँदै कार्यान्वयनयोग्य मार्गचित्र प्रदान गरेको छ।

यस योजनाले स्थानीय स्तरमा शिक्षाको वर्तमान अवस्था, चुनौती, स्रोत, अवसर र सुधारका सम्भावनाहरूको विस्तृत विश्लेषण गरेको छ। यस योजना मार्फत शिक्षा प्रशासन, शिक्षक व्यवस्थापन, बजेट प्रणाली, शिक्षा गुणस्तर, पूर्वाधारको अभाव, बालबालिकाको विद्यालय बहिर्गमन जस्ता समस्यालाई समाधान गर्न दीर्घकालीन कार्यदिशा प्रस्ताव गरिएको छ।

प्रशासनिक हिसाबले, यो योजना केवल शिक्षा शाखाको नभई सम्पूर्ण गाउँपालिकाको साझा दस्तावेज हो। कार्यक्रम, बजेट, स्रोत परिचालन, अनुगमन, मूल्याङ्कन र सेवा प्रवाहमा योजनामा आधारित भई काम गर्न सके मात्र सार्वजनिक सेवा प्रभावकारी हुन सक्छ भन्ने हाम्रो अनुभव हो। यस योजनाले त्यसैको सुनिश्चितता गर्दछ।

हामी यो योजनालाई गाउँपालिकाको नीति, बजेट तथा वार्षिक कार्ययोजनासँग समन्वय गरी चरणबद्ध रूपमा कार्यान्वयनमा लैजाने प्रतिबद्धता व्यक्त गर्दछौँ। तथ्यमा आधारित अनुगमन प्रणाली, MIS, शिक्षकको दक्षता वृद्धि र सिकाइको मापन प्रणाली सुदृढ गर्न यो योजना माइलस्टोन बन्नेछ भन्ने पूर्ण विश्वास गरिएको छ।

सहभागितामूलक योजना निर्माणमा योगदान गर्ने सबै प्रति आभार प्रकट गर्दै, आगामी दिनमा पनि निरन्तर सहकार्यको अपेक्षा राख्दछु।

**श्री नन्दराज जोशी**

प्रमुख प्रशासकीय अधिकृत
दोगडाकेदार गाउँपालिका, बैतडी

## शिक्षा शाखा प्रमुखको मन्तव्य

**विद्यालय शिक्षा क्षेत्र योजना (२०८२-२०९१)** हाम्रो गाउँपालिकाको शैक्षिक सुधारको आधार स्तम्भ हो। विद्यालय शिक्षा क्षेत्र योजनाले नै भविश्मा सञ्चालन हुने शौक्षिक गतिविधिहरुलाइ निर्देशित गर्दछ भन्ने मूल मन्त्रकासाथ शिक्षा सम्वद्ध विविध पक्षहरुलाइ हृदयाङ्गम गर्दै विद्यालय स्तरमा देखिएका समस्या तथा चनौती, सम्भावना, आवश्यकता, उपलब्ध स्रोतसाधनहरूलाई मिहिन ढंगले विष्लेशण गरी यो योजना तयार गरेको हो।

यो योजना केवल नीतिगत दस्तावेज मात्र नभई कार्यान्वयनमुखी रूपरेखा हो, जसमा शिक्षक व्यवस्थापन, विद्यार्थीको सिकाइ उपलब्धि, न्यूनतम सिकाइ स्तर, छात्रवृत्तिको समान वितरण, डिजिटल प्रविधिको उपयोग, विद्यालय पूर्वाधार लगायतका आयामलाई सशक्त रूपमा उठान गरिएको छ।

यस योजनाले हामीलाई ठोस दुरदृष्टि, लक्ष्य, उद्देश्य, नीति, रणनीति, कार्यनीति र अपेक्षित उपलब्धि सहितको बृहत खाका तथा मार्ग दर्शन प्रदान गरेको छ। अबको मार्ग भनेको यो योजनालाई यथार्थमा कार्यरुपमा उतार्ने हो जसका लागि हामी पूर्ण रूपमा प्रतिबद्ध छौँ।

साथै, योजना सफल कार्यान्वयन गर्न आवश्यक पहिलो र सबै भन्दा महत्वपूर्ण स्रोतको रुपमा रहेको वित्तिय प्रबन्ध, शिक्षक तालिम, अनुगमन संयन्त्र निर्माण, विद्यालयको कार्यसम्पादन मूल्याङ्कन तथा योजना सम्बद्ध बजेटमा मितव्ययिता पारदर्शिता, प्रभावकारीता र कार्यदक्षता अनिवार्य हुनेछ भन्ने हाम्रो बुझाइ छ। यसलाई सुनिश्चित गर्न शिक्षा शाखा निरन्तर क्रियाशील रहनेछ।

म यो अवसरमा सम्पूर्ण योजना निर्माण कार्यदल, सरोकारवाला, स्थानीय विद्यालय, शिक्षक, अभिभावक, विद्यार्थी तथा पालिकाको नेतृत्वलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

**श्री चक्र देव जोशी**

शिक्षा शाखा प्रमुख
दोगडाकेदार गाउँपालिका, बैतडी

## विषयसूची

**परिच्छेद १ : परिचय**
१.१ वर्तमान अवस्था
१.२ मुख्य समस्या तथा चुनौतीको विश्लेषण
**परिच्छेद २ : दूरदृष्टि, उद्देश्य, रणनीति तथा लक्ष्य निर्धारण**
२.१ शिक्षाको दीर्घकालीन राष्ट्रिय सोच
२.२ दोगडाकेदार गाउँपालिकाको दीर्घकालीन सोच र गन्तव्य
२.३ लक्ष्य
२.४ उद्देश्य
२.५ रणनीति
२.६ कार्यनीति
२.७ अपेक्षित मुख्य उपलब्धि
२.८ मुख्य कार्यसम्पादन सूचक र लक्ष्य निर्धारण
२.९ प्रमुख उपलब्धी तथा सूचकहरु
**परिच्छेद ३ : शिक्षाका मुख्य उपक्षेत्र**
३.१ प्रारम्भिक वालविकास र शिक्षा
३.२ आधारभूत शिक्षा
३.३ माध्यमिक शिक्षा
३.४ प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम
३.५ अनौपचारिक तथा निरन्तर शिक्षा
**परिच्छेद ४ : अन्तरसम्बन्धित विषय तथा क्षेत्र**
४.१ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन
४.२ शिक्षक व्यवस्थापन तथा विकास
४.३ शैक्षिक समता र समावेशीकरण
४.४ विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम
४.५ विद्यालय सुरक्षा, विपद न्यूनीकरण तथा उत्थानशीलता
४.६ विद्यालय भौतिक पूर्वाधार विकास
४.७ विद्यालयमा सूचना तथा सञ्चार प्रविधि
**परिच्छेद ५ : अन्य उपक्षेत्र**
५.१ छात्रवृत्ति
**परिच्छेद ६ : सुशासन तथा व्यवस्थापन**
६.१ विद्यालय सुशासन तथा  व्यवस्थापन
६.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रवन्ध
**परिच्छेद ७ : लगानी र स्रोत व्यवस्थापन**
**परिच्छेद ८ : अनुगमन तथा मूल्याङ्कन**
सन्दर्भ सामग्री

# परिच्छेद १
# परिचय

## १.१ वर्तमान अवस्था

नेपालको संविधान २०७२ जारी भइसकेपछि देश संघीय गणतान्त्रिक मूलुकका रुपमा स्थापित हुन पुग्यो । नेपाललाई संघीय गणतान्त्रिक मुलुकका रुपमा स्थापित गर्ने एवं गणतान्त्रिक शासन व्यवस्थाको रुपमा नेपाल अधिराज्यलाई केन्द्र सरकार, ७ वटा प्रदेश सरकार र ७५३ वटा स्थानीय सरकारमा शासन व्यवस्था कायम गरीएको छ भने देशका ७७ जिल्लामा स्थानीय सरकार, प्रदेश सरकार एवं केन्द्रिय सरकार संग समन्वयकारी भुमिका निर्वाह गर्न जिल्ला समन्वय समिति रहने व्यवस्था गरीएको छ ।

बैतडी जिल्लालाई ४ गाउँपालिका र ६ गाँउपालिका गरी १० वटा स्थानीय तहमा विभाजन गरीएको छ । दोगडाकेदार गाँउपालिका १० वटा स्थानीय तह मध्ये को १ (एक) तह हो । दोगडाकेदार गाँउपालिका राज्यको पुनर्संरचना हुनु पूर्व ७ वटा गाविस (रीम, सित्तड, न्वाली, श्रीकेदार, श्रीकोट, देउलेक र कटौजपानी) र दशरथचन्द नगरपालिकाको १३ नम्बर वडा को भुगोल मा विभाजित थियो । सो भू-भागलाई समेटेर गाँउपालिका गठन भएको हो ।

प्राकृतिक स्रोतको दृष्टकोणले सम्भावनायुक्त, मानवीय स्रोतको दृष्टिकोणबाट क्षमतावान नेतृत्त्व, सबल राजनीतिक दल र सचेत एवम् उत्प्रेरित गाउँपालिकाबासी यस गाउँपालिकाको दीगो विकासका आधार स्तम्भका रुपमा रहेका छन् । हिन्दू धर्मावलम्बीको अत्याधिक बाहुल्यता रहेको यस क्षेत्रमा विभिन्न समुदाय तथा जातजातीका मानिसको बसोबास रहनुका साथै विभिन्न चाडपर्वहरु मनाइने गरिन्छ । दोगडाकेदार गाउँपालिकाको केही भाग स-साना बजार क्षेत्रको रुपमा रहेको र गाउँपालिकामा साना व्यापार तथा साना उद्योगहरु र प्राकृतिक स्रोत तथा सामाजिक/ सांस्कृतिक महत्त्वका क्षेत्रहरु रहेका छन् । औषत पारिवारिक आम्दानीमा कृषि व्यवसायको सबैभन्दा ठूलो हिस्सा रहेको छ र वैकल्पिक स्रोतको रुपमा वैदेशिक रोजगारी पनि रहेको छ । स्थानीय जनशक्ति मजदुरी तथा अध्ययनका लागि विदेशिने क्रम पनि रहेको छ ।

### १.१.१ क्षेत्रफल, भौगोलिक अवस्थिति र हावापानी:

सुदूरपश्चिम प्रदेशको राजधानी गोदावरी कैलाली भन्दा करिव १९४ किलोमिटर उत्तरतर्फ पहाडी भू-भागमा अवस्थित रहेको यो गाउँपालिका समुन्द्र सतह देखि करिव १४५० मिटर उचाई, न्यूनतम तापक्रम ५ डिग्री र अधिकतम तापक्रम ४० डिग्री सेल्सियस तथा औषत १५७५ मि.मि. वर्षा रहने यस गाउँपालिकाको क्षेत्रफल १२६.३८ वर्ग किलोमिटरमा अवस्थित छ । क्षेत्रफलको हिसावले वडा नं. १ सबैभन्दा ठूलो र वडा नं. ३ सबैभन्दा सानो वडा रहेको छ । त्यसैगरी वडा नं. २ जनसंख्याको हिसाबले सवैभन्दा ठूलो र सबैभन्दा सानो वडा नं. ३ रहेको छ भने जनघनत्व करिव १८३ व्यक्ति प्रति वर्ग कि.मि. रहेको छ । समशितोष्ण हावापानी तथा ठण्डा समशितोष्ण हावापानी पाइने ८ वटा वडा रहेको यस गाउँपालिकामा २०७८ को जनगणना अनुसार कुलजनसंख्या २३१०४ (महिला १२२७७ र पुरुष १०८२७) रहेको छ । यस गाउँपालिकाको भौगोलोगिक अवस्थिती २८ डिग्रि ३२ मिनेट उत्तरी अक्षांश देखी

२९ डिग्री ५८ मिनेट उत्तरी अक्षांश सम्म तथा ८० डिग्रि ०३ मिनेट पूर्वी देशान्तर देखि ८० डिग्री ५२ मिनेट पूर्वी देशान्तर सम्म रहेको छ ।

१.१.२ प्रशासनिक विभाजन/संरचना

नेपालको संविधान अनुसार स्थानीय तह (स्थानीय सरकार) का रुपमा कायम भएको दोगडाकेदार गाउँपालिकामा ८ वटा वडाहरु रहेका छन् । गाउँपालिकाको प्रशासनिक केन्द्र वडा नं. ७ को देउलेकमा गाउँकार्यपलिकाको कार्यालय रहेको छ भने ८ वटै वडामा रहेका वडा कार्यालयहरुबाट पनि गाउँपालिकाले सेवा प्रवाह गर्दै आएको छ । गाउँ कार्यपालिकाको कार्यालयमा विभिन्न विषयगत कार्यक्रमहरु कार्यान्वयन गर्न विषयसम्बद्ध शाखाहरुको व्यवस्था गरिएको छ । कुल ८ वटा वडाहरुमा विभक्त यो गाउँपालिका राजनैतिक विभाजन अनुसार बैतडी जिल्लाको संसदीय निर्वाचन क्षेत्र नं. १ र प्रदेश निर्वाचन क्षेत्र २ (ख) मा पर्दछ ।

**१.१.३ ऐतिहासिक तथा धार्मिक स्थलहरु**

बैतडी जिल्लाको सदरमुकामबाट दोगडाकेदार गाउँपालिका उत्तर पूर्वी भुगोलमा रहेको छ । गाँउपालिका अग्ला र होचा पर्वतमालाहरुले भरिपुर्ण रहेको छ । अग्ला होचा पहाड लाई छिचोल्दै बग्ने खोलाहरु (गाड) ले पहाडका फेदमा वगरहरु बनाई मलिला र उर्वर खेतहरुका फाटहरु अवस्थित छन् । पहाडको अधिकांश भू भाग वन जंगल र झाडीहरुले ढाकेको छ । यसको होचो भाग चौलानी नदीको वगर जडावगर क्षेत्र पर्दछ भने उच्च शिखरमा देउलेक केदार धुरा, रौलाकेदार धुरा, छिना धुरा पर्दछन् । पहाडी भू-भागहरुमा भिरालो र हलुका सम्म परेका क्षेत्रमा मानव बस्तीहरु बसेका छन् । बस्तीको सेरोफेरोको भू-भागहरु खेती योग्य जमिनको रुपमा उपयोग गरीएको पाईन्छ । यो गाँउपालिका पूर्वमा रौलाकेदार धाम शिखर, उत्तरमा जमाडी गाढको वगर, दक्षिणमा भण्डारी गाड, कनसना गाड र पश्चिममा चौलानी नदीको वगरको बीचको भुगोल लगायतका क्षेत्रहरु धार्मिक तथा सांस्कृतिक दृष्टिकोणले महत्त्वपूर्ण रहेका छन् ।

**१.१.४ नदीनाला तथा खोलाहरु**

यस गाउँपालिकाको प्राकृतिक श्रोत साधनहरु सुन्दरता रपर्यटकीय दृष्टिकोणले महत्वपुर्ण रहेका छन् । यहाँका महत्वपुर्ण खोलानाला तथा नदीहरुमा जमाडी गाड,भण्डारी गाड, ढिकगाड, कनसना गाड रचौलानी नदी आदि रहेका छन ।

**१.१.५ जनसंख्या**

राष्ट्रिय जनगणना २०७८ अनुसार यस गाउँपालिकाको जनसंख्या २३१०४ रहेको छ । वार्षिक जनसंख्या वृद्धीदर ०.६१ र जनघनत्व १८३ जना प्रति वर्ग कि.मि. रहेको छ । हालको जनसंख्या वृद्धिदर तथा स्थायी तथा अस्थायी रुपमा बसाइसराइ गरी जानेदर समेतलाई ध्यानमा राखी शिक्षा योजना निर्माण गर्नुपर्ने हुन्छ ।

**१.१.६ सामाजिक तथा सांस्कृतिक अवस्था**

दोगडाकेदार गाउँपालिका सामाजिक तथा सांस्कृतिक रुपले विविधतायुक्त रहेको छ । यहाँ विभिन्न जातजाति, भाषा, क्षेत्र, धर्म, सम्प्रदाय, सांस्कृतिक परम्परा, रितिरिवाज, चालचलन भएका मानिसहरु वसोवास गर्दछन् । ब्राम्हण, क्षेत्री,

र दलित लगायतका जातजातिहरुको उल्लेख्य उपस्थिति रहेको तर यहाँको भाषामा खासै विविधता रहेको पाइदैन । परम्परा देखि विभेद र वञ्चितीकरणमा परि विकासको मूलधारमा समाहित हुन नसकेका व्यक्ति, वर्ग तथा समुदायको यस गाउँपालिकामा वाक्लै उपस्थिति रहेको छ । यस्ता व्यक्ति तथा समुदायको उत्थान हेतु नेपाल सरकारले गरेको संबैधानिक तथा कानुनी व्यवस्थाका अतिरिक्त यस गाउँपालिकाले केही लक्षित कार्यक्रमद्धारा उत्थानको प्रबन्ध गरेको भए तापनि सामाजिक व्यवहारमा आशातित सफलता प्राप्त हुन सकेको छैन् । यस्तो अवस्थामा विचारको परिवर्तन जरुरी हुने भएकाले शिक्षाको माध्यमबाट विविधतालाई सम्मान गर्ने सामाजिक सद्भाव, सहयोग र सहकार्यको संस्कृति विकास गरी समतामूलक समाज निर्माणमा सहयोग पुर्याउने शैक्षिक नीति तथा कार्यक्रम ल्याउन आवश्यक छ ।

### १.१.७ मातृभाषाको स्थिति

नेपालको सँविधान ,२०७२ को धारा ६ मा नेपालमा बोलिने सबै मातृभाषाहरूलाई राष्ट्रभाषाको रुपमा लिएको छ । यस सँविधानको धारा ३१ मा शिक्षा सम्बन्धी हकको उपधारा ५ मा मातृभाषामा शिक्षा पाउने हक र धारा ३२ मा भाषा तथा संस्कृतिको हकको व्यवस्था गरिएको छ । बालबालिकाको मातृभाषामा शिक्षा पाउने हकको सुनिश्चितताको प्रत्याभूति योजनाले सम्बोधन गर्न आवश्यक देखिन्छ ।
यस गाउँपालिकाभित्र बोलिचालीमा प्रयोग हुने मातृभाषाको आधारमा जनसङ्ख्या विवरण निम्न बमोजिम रहेको छ ।

**तालिका १ : मातृभाषा र जनसङ्ख्या विवरण**

| क्र.सं. | मातृभाषा | बोल्ने जनसङ्ख्या (प्रतिशतमा) | कैफियत |
|---|---|---|---|
| १ | नेपाली | ५% | |
| २ | बैतड़ेली | ९४.५% | |
| ३ | अन्य | ०.५% | |
| | **जम्मा** | **१००%** | |

स्रोतः दोगडाकेदार गाउँपालिकाको स्थलगत सर्वेक्षण-२०८०

यस गाउँपालिकामा कुल जनसंख्याको ५ प्रतिशत नेपाली, ९४.५% सबैभन्दा बढी बैतड़ेली भाषा बोल्ने र ०.५% अन्य भाषा बोल्ने मानिसहरुको बसोबास रहेको छ ।

### १.१.८ धार्मिक स्थिति

यस गाउँपालिका क्षेत्रका जनताहरुले पनि विभिन्न धर्म मान्ने गरेको पाइन्छ । गाउँपालिकामा कुल बसोवास गर्ने जनसंख्याको ९८ प्रतिशत जनताले हिन्दु धर्म मान्दछन । दोगड़ाकेदार गाउँपालिका भित्र खासै धार्मिक विविधता रहेको पाईदैन र आपसमा सदभाव तथा सामाजिक सौहार्दता रहेको पाइन्छ । यस गाउँपालिका भित्र बसोबास गर्ने जनताहरुको धार्मिक स्थिति देहाय बमोजिम रहेको छ ।

**तालिका २ : धर्म र जनसंख्या विवरण**

| धर्म | हिन्दु | अन्य | जम्मा |
|---|---|---|---|
| जनसंख्या | ९८ % | २% | १००% |

स्रोतः दोगडाकेदार गाउँपालिकाको स्थलगत सर्वेक्षण-२०८०

१.१.९ आर्थिक अवस्था

कृषिका लागि उर्वर माटो भएको यस गाउँपालिकामा अधिकांश जनता कृषि पेशामा आवद्ध छन । यहाँको जनताहरुको मुख्य आयस्रोत कृषि नै हो । यसका अतिरिक्त वैदेशिक रोजगार, पर्यटन, पशुपालन, रोजगार तथा उद्योग र व्यापार प्रमुख पेशाहरु हुन । पन्ध्रौ योजना अनुसार कुल ग्राहस्थ उत्पादनमा २७ प्रतिशत योगदान कृषि क्षेत्रको रहेको छ । गाउँपालिकाको घरधुरी सर्वेक्षण २०७७ अनुसार यस गाउँपालिकाका ६२.५२ प्रतिशत मानिसहरु कृषि पेशामा संलग्न भएको पाइएको छ । कृषि पेशा पनि व्यवसायमूलक भन्दा पनि निर्वाहमुखी रुपमा रहेको छ । ४७ प्रतिशत घरपरिवारको बार्षिक १ लाख भन्दा कम आम्दानी रहेको पाइएको छ ।

**१.१.१० वर्तमान शैक्षिक संस्थाको विवरणको अवस्थाः**

यस गाउँपालिकामा हाल प्रारम्भिक बालविकास देखि स्नातकोत्तर तहसम्मको अध्ययन अधयापन हुन्छ । जसको विस्तृत विवरण तलको तालिकामा प्रस्तुत गरिएको छः-

**तालिका ३ : शैक्षिक संस्थाहरुको तहगत विवरणः २०८१**

| कक्षा १-३ | कक्षा १-५ | कक्षा १-८ | कक्षा १-१० | कक्षा १-१२ | जम्मा | वाल विकास केन्द्रहरु | श्रीकोट बहुमुखी क्याम्पस | सामुदायिक सिकाई केन्द्रहरु |
|---|---|---|---|---|---|---|---|---|
| ११ | २५ | ८ | ५ | ६ | ५५ | ६१ | १ | २ |

स्रोतः IEMIS दोगडाकेदार शिक्षा, युवा तथा खेलकुद शाखा, बैतडी ।

दोगडाकेदार गाउँपालिकामा कुल ५४ विद्यालय सञ्चालनमा छन्, जसमध्ये ५४ वटा सामुदायिक र १ वटा संस्थागत विद्यालय रहेका छन् । विद्यालयहरूको तहगत संरचनामा प्राथमिक तह (कक्षा १–५) का विद्यालयहरू सबैभन्दा धेरै २५ वटा छन्, जसले प्रारम्भिक शिक्षामा पहुंच सुदृढ गरेको संकेत गर्दछ । माध्यमिक स्तर (कक्षा ९–१२) सम्मका विद्यालयको संख्या भने कम रहेको देखिन्छ, जसबाट माध्यमिक तहको पहुँच अझै विस्तार गर्नु पर्ने आवश्यकता देखिन्छ ।

प्रारम्भिक बाल विकास कार्यक्रम अन्तरगत विद्यालयमा आधारित ५३ र समुदायमा आधारित ८ गरी जम्मा ६१ बालबिकास केन्द्रहरू सञ्चालनमा छन्, जसले बालबालिकाको प्रारम्भिक शिक्षामा सकारात्मक प्रभाव पार्ने अपेक्षा गर्न सकिन्छ । यस्तै, वडा नं. ३ र ७ मा रहेका २ वटा सामुदायिक सिकाइ केन्द्रहरूले आजीवन सिकाइको प्रवर्धनमा

योगदान दिनेछन्। साथै, श्रीकोट बहुमुखी क्याम्पसले उच्च शिक्षामा स्थानीय पहुँच सुनिश्चित गर्न मद्दत पुर्याइरहेको छ।

**तालिका ४ : सम्पूर्ण विद्यालयहरुमा अध्ययनरत विद्यार्थीहरुको कक्षागत विवरण २०८१**

| कक्षा | छात्रा | छात्र | जम्मा | |
|---|---|---|---|---|
| **बालविकास (नर्सरी)** | **३०९** | **३५४** | **६६३** | |
| कक्षा १ | ३१८ | ३१४ | ६३२ | |
| कक्षा २ | २२० | २०३ | ४२३ | |
| कक्षा ३ | २२१ | २३३ | ४५४ | |
| कक्षा ४ | २४८ | ३४७ | ४९५ | |
| कक्षा ५ | २२२ | २२४ | ४४६ | |
| **कक्षा १-५** | **१२२९** | **१३२१** | **२५५०** | |
| कक्षा ६ | २६७ | २७७ | ५४४ | |
| कक्षा ७ | २४५ | २३० | ४७५ | |
| कक्षा ८ | २७५ | २७६ | ५५१ | |
| **कक्षा ६-८** | **७८७** | **७८३** | **१५७०** | |
| कक्षा ९ | १७१ | १६९ | ३४० | |
| कक्षा १० | १७१ | १७९ | ३५० | |
| **कक्षा ९-१०** | **३४२** | **३४८** | **६९०** | |
| कक्षा ११ | १०९ | ८९ | १९८ | |
| कक्षा १२ | ९५ | ११६ | २११ | |
| **कक्षा ११-१२** | **२०४** | **२०५** | **४०९** | |
| **जम्मा** | **२८७१** | **३०११** | **५८८२** | |

स्रोतः IEMIS, CEHRD, 2081, दोगडाकेदार गा पा, शिक्षा, यूवा तथा खेलकुद शाखा, बैतडी।

दोगडाकेदार गाउँपालिकाका सम्पूर्ण विद्यालयहरूमा शैक्षिक सत्र २०८१ अनुसार कुल ५८८२ जना विद्यार्थी अध्ययनरत छन्, जसमा २८७१ जना छात्रा र ३०११ जना छात्र रहेका छन् । प्रारम्भिक तह अन्तर्गत बाल विकास कक्षामा ६६३ जना (३०९ छात्रा र ३५४ छात्र) विद्यार्थी रहेको देखिन्छ, जसले बालबालिकाको प्रारम्भिक शिक्षामा सहभागिता उत्साहजनक रहेको देखाउँछ । कक्षा १ देखि ५ सम्मको प्राथमिक तहमा २५५० जना विद्यार्थी छन्, जसमा छात्रा संख्या छात्रभन्दा धेरै कम रहेको छ ।

निम्न माध्यमिक तह (कक्षा ६–८) मा १५७० जना विद्यार्थी रहेका छन्, जसमा छात्रा र छात्रको संख्या क्रमशः ७८७ र ७८३ रहेका छन् । माध्यमिक तह (कक्षा ९–१०) मा विद्यार्थी संख्या घटेर ६९० जना पुगेको छ, जसमा छात्रा ३४२ र छात्र ३४८ छन् । उच्च माध्यमिक तह (कक्षा ११–१२) मा पनि विद्यार्थी संख्या थोरै घट्दै ४०९ जनामा झरेको छ । कक्षा १२ सम्म आइपुग्दा छात्रा र छात्रको संख्या क्रमशः २०४ र २०५५ रहेको पाइन्छ ।

शैक्षिक तह बढ्दै जाँदा विद्यार्थी संख्या घट्दै गएको देखिनु केही चुनौतीको संकेत हो, जस्तै - ड्रोपआउट दर, दोहोरिने दर, आर्थिक अवस्था, वा शिक्षामा पहुँचसम्बन्धी अवरोध । विशेषतः कक्षा १ मा ६३२ जना विद्यार्थी रहे पनि कक्षा १० मा पुग्दा संख्या घटेर ३५० मात्र हुनुले माध्यमिक तहसम्म शिक्षाको नियमित प्रवाहमा गिरावट देखाउँछ । तथापि, समग्रमा विद्यार्थीहरूको सहभागिता तथा लैङ्गिक सन्तुलन सन्तोषजनक देखिन्छ, जुन स्थानीय तहको प्रयास र अभिभावकीय सहभागिताको सकारात्मक परिणाम हो ।

**तालिका ५ : सामुदायिक विद्यालयहरुमा कार्यरत शिक्षक, कर्मचारी तथा बालविकास सहजकर्ताको विवरणः २०८१**

| क्र.स. | तह/पद | स्थायी दरवन्दी | राहत/अनुदान | शिक्षण सिकाई अनुदान | जम्मा |
|---|---|---|---|---|---|
| १. | बालविकास शिक्षक | - | ७३ | - | **७३** |
| २.. | आधारभूतशिक्षक ( १-५) | ९१ | ५५ | - | **१४६** |
| ३. | आधारभूतशिक्षक ( ६-८) | १८ | ७ | १० | **३५** |
| ४. | माध्यमिक शिक्षक ( ९-१०) | २० | ७ | १२ | **३९** |
| ५. | माध्यमिक शिक्षक ( ११-१२) | - | १० | - | **१०** |
| ६. | विद्यालय सहायक | - | १० | - | **१०** |
| ७. | विद्यालय सहयोगी | - | ५९ | - | **५९** |
| ८. | सा.सि.के.सहजकर्ता (CLC) | - | २ | - | **२** |
| | **जम्मा** | **१२९** | **२२३** | **२२** | **३७४** |

स्रोतः दोगडाकेदार गा पा, शिक्षा, यूवा तथा खेलकुद शाखा, बैतडी ।

शैक्षिक सत्र २०८१ अनुसार दोगडाकेदार गाउँपालिकाका सामुदायिक विद्यालयहरूमा कार्यरत शिक्षक, कर्मचारी तथा बाल विकास सहजकर्ताहरूको संख्या कुल ३४८ जना मध्ये स्थायी दरबन्दीमा १२९ जना, राहत/अनुदान अन्तर्गत २२३ जना, र शिक्षण सिकाइ अनुदान अन्तर्गत २२ जना कार्यरत छन्।

बाल विकास तहमा ७३ जना वालविकास सहजकर्ताहरू रहेका छन्। आधारभूत तह (कक्षा १–५) मा सबैभन्दा धेरै शिक्षक अर्थात् १४६ जना कार्यरत छन्, जसमा ९१ स्थायी र ५५ जना राहत शिक्षक छन्। कक्षा ६–८ मा ३५ जना शिक्षक छन्, जसमा उल्लेखनीय रूपमा १० जना शिक्षण सिकाइ अनुदानबाट व्यवस्थापन गरिएको छ।

माध्यमिक तह (कक्षा ९–१०) मा ३९ जना शिक्षक कार्यरत छन् भने कक्षा ११–१२ मा जम्मा १० जना शिक्षक रहेका छन्। यसबाहेक, विद्यालय सहायक १० जना, विद्यालय सहयोगी ५९ जना, र सामुदायिक सिकाइ केन्द्रका २ जना सहजकर्ताहरू कार्यरत छन्।

यो विवरणले देखाउँछ कि दोगडाकेदार गाउँपालिकाको शैक्षिक सेवा सञ्चालनमा राहत/अनुदानमा आधारित जनशक्तिको ठूलो योगदान छ।

**तालिका ६ : सामुदायिक विद्यालयमा रहेका शिक्षक दरबन्दी तथा शिक्षक विद्यार्थी अनुपातको विवरण: २०८१**

| क्र. स. | तह | शिक्षक दरबन्दी विवरण | | | | विद्यार्थी सङ्ख्या | शिक्षक विद्यार्थी अनुपात |
|---|---|---|---|---|---|---|---|
| | | स्वीकृत दरवन्दी | राहत/ अनुदान | शिक्षण सिकाई अनुदान | जम्मा | | |
| १ | बालविकास | - | ७३ | - | ७३ | ६६३ | १:९ |
| २ | आधारभूत (१-५) | ९१ | ५५ | - | १४६ | २५५० | १:१७ |
| ३ | आधारभूत (६-८) | १८ | ७ | १० | ३५ | १५७० | १:४५ |
| ४ | माध्यमिक (९-१०) | २० | ७ | १२ | ३९ | ६९० | १:१८ |
| ५ | माध्यमिक(११-१२) | - | १० | - | १० | ४०९ | १:४१ |
| | **औसत** | **१२९** | **१५२** | **२२** | **३०३** | **५८८२** | **१:१९** |

स्रोतः IEMIS 2081 CEHRD, दोगडाकेदार गा पा, शिक्षा, यूवा तथा खेलकुद शाखा, बैतडी।

शैक्षिक सत्र २०८१ अनुसार दोगडाकेदार गाउँपालिकाका सामुदायिक विद्यालयहरूमा शिक्षक दरबन्दी र विद्यार्थी संख्याको आधारमा औसत **शिक्षक-विद्यार्थी अनुपात १:१९** रहेको छ, जुन राष्ट्रिय मापदण्ड अनुसार सन्तुलित मान्न सकिन्छ। कुल **५८८२ जना विद्यार्थी** अध्ययनरत रहेकोमा तिनीहरूलाई पढाउन **३०३ जना शिक्षक** कार्यरत छन्, जसमा **१२९ जना स्थायी**, **१५२ जना राहत/अनुदान**, र **२२ जना शिक्षण सिकाइ अनुदान शिक्षक** छन्।

**बालविकास तहमा** शिक्षक-विद्यार्थी अनुपात सबैभन्दा राम्रो (१:९) देखिन्छ, जसले प्रारम्भिक शिक्षामा व्यक्तिगत ध्यान पुऱ्याउने सम्भावना उच्च बनाउँछ। **कक्षा १–५ (आधारभूत)** मा १:१७ को अनुपात, र **कक्षा ६–८** मा १:४५ को अनुपात रहेको छ, जुन औसतभन्दा केही उच्च भए तापनि व्यावहारिक रूपमा सन्तोषजनक देखिन्छ। कक्षा ९–१० (माध्यमिक) मा १:१८ को अनुपात रहेको छ, तर कक्षा ११–१२ मा भने शिक्षकको संख्या अत्यन्त कम हुँदा अनुपात १:४१ पुगेको छ, जुन शैक्षिक गुणस्तरमा प्रतिकूल असर पार्न सक्ने संकेत हो।

समग्रमा शिक्षक उपलब्धता उपयुक्त देखिए पनि उच्च माध्यमिक तह र आधारभूत तह (६-८) मा **शिक्षकको गम्भीर अभाव** देखिएको छ। यसले शिक्षण सिकाइ प्रक्रियामा असमानता ल्याउने सम्भावना छ, जसका लागि दीर्घकालीन संरचनागत समाधान आवश्यक देखिन्छ। शिक्षक-विद्यार्थी अनुपात सुधार गर्न **स्थायी दरबन्दी विस्तार**, राहत कोटा व्यवस्थापन, र स्थानीय स्वयंसेवक शिक्षक परिचालन अपरिहार्य देखिन्छ।

### हाल सञ्चालित मुख्य कार्यक्रमहरू

दोगडाकेदार गाउँपालिकाले शिक्षाको गुणस्तर सुधार गर्न विभिन्न कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ। विद्यालयको भौतिक संरचना निर्माण तथा आन्तरिक तथा बाह्य वातावरण सुदृढ गर्दै बालबालिकाको उच्चतम सिकाइ बृद्धि गर्न तथा समग्र गाउँपालिकाको शैक्षिक सुधारका लागि देहायका कार्यक्रमका माध्यमबाट गाउँपालिका प्रयासरत छ।

१. **शिक्षक कार्यशाला सञ्चालन:**
शिक्षकहरूको पेशागत दक्षता अभिवृद्धि गर्न गाउँपालिका तहमा शिक्षक कार्यशाला सञ्चालन।

२. **शिक्षक, अभिभावक तथा विद्यार्थी अन्तरक्रिया:**
विद्यालयको गुणस्तर सुधार गर्न शिक्षण सिकाइमा सरोकारवालाबीच अन्तरक्रिया कार्यक्रमको आयोजना।

३. **सूचना तथा सञ्चार प्रविधिको प्रवर्धन:**

- आधारभूत विद्यालयहरूमा इन्टरनेट जडान र सञ्चालन।
- निम्न माध्यमिक र माध्यमिक तहमा ICT ल्याबसहित सूचना प्रविधि कक्षको व्यवस्था।

४. **आधारभूत शिक्षा परीक्षामा सुधार:**
कक्षा ८ को अन्तिम परीक्षालाई माध्यमिक शिक्षा परीक्षा (SEE) को मोडेलमा सञ्चालन गरी मूल्याङ्कन प्रक्रियामा सुधार।

५. **लेखा प्रणाली सुधार तालिम:**
विद्यालयको लेखा पारदर्शिता र दक्षता बढाउन लेखाको कार्यमा संलग्न शिक्षक/कर्मचारीलाई लेखा सम्बन्धी तालिम।

५. **सूचना प्रविधि तालिम:**
विद्यालयहरूमा कार्यरत IT शिक्षकहरूलाई सूचना तथा प्रविधि विषयमा व्यवहारिक तालिम।

६. **छात्रवृत्ति कार्यक्रम:**
विपन्न, गरिब, तथा आमाबुवा विहीन बालबालिकाहरूलाई छात्रवृत्तिको व्यवस्था।

७. **विज्ञ समूह तथा रोष्टर प्रशिक्षकको तयारी:**
दीर्घकालीन शिक्षण-शिक्षा सुधारका लागि दक्ष प्रशिक्षक तथा विज्ञहरूको तयारी प्रक्रिया सञ्चालन।

माथि उल्लिखित कार्यक्रमहरूका अतिरिक्त हाल तीनै तहका सरकारहरूले कार्यान्वयन गर्दै आएका केही महत्वपूर्ण कार्यक्रमहरू निम्नानुसार छन्:

१. नियमित रूपमा प्राविधिक अधिकारी (प्र.अ.) बैठक सञ्चालन।
२. बालविकास केन्द्रका सहजकर्ताहरूका लागि क्षमता विकास तालिम।
३. विद्यालयमा भौतिक पूर्वाधारको विकास र मर्मत–सम्भार (भवन निर्माण, फर्निचर सहित कक्षा कोठा, पुस्तकालय, विज्ञान प्रयोगशाला, ICT प्रयोगशाला, WASH सहितको शौचालय)।
४. शैक्षिक सामग्रीको लागि अनुदान वा खरीद।
५. कक्षाकोठा व्यवस्थापनका लागि अनुदान।
६. छात्रवृत्ति तथा प्रोत्साहन अनुदान।
७. प्रतिविद्यार्थी लागत अनुदान।
८. शिक्षण–सिकाइ सुधारका लागि अनुदान।
९. विद्यालय तथा कक्षाको अनुगमन, निरीक्षण र सुपरिवेक्षण।
१०. शिक्षण–सिकाइ अनुदान।
११. राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता सञ्चालन तथा खेलकुद र अतिरिक्त क्रियाकलापहरूको व्यवस्थापन।
१२. सामुदायिक सिकाइ केन्द्रको स्थापना र सञ्चालन।
१३. सूचना तथा सञ्चार प्रविधि (ICT) जडान।
१४. दिवा खाजा कार्यक्रम (प्रारम्भिक बालविकासदेखि कक्षा ५ सम्म)।
१५. सरकारी र विभिन्न गैरसरकारी संघसंस्थाबाट सञ्चालित आयोजना तथा कार्यक्रमहरू।
१६. अभिभावक शिक्षा कार्यक्रम।
१७. नमूना विद्यालय कार्यक्रम सञ्चालन।
१८. “पढ्दै कमाउदै” कार्यक्रम सञ्चालन।
१९. विद्यालयमा थप भौतिक पूर्वाधार विकास।
२०. अतिरिक्त कक्षा सञ्चालनका लागि अनुदान व्यवस्था।

**शैक्षिक सुधारका लागि अबलम्वन गर्नुपर्ने पक्षहरु**

### १. **शिक्षक तथा प्रधानाध्यापकको क्षमता विकास र कार्यसम्पादन व्यवस्थापन**

तथ्याङ्कअनुसार, विद्यालयमा विभिन्न तहका स्थायी, राहत, अनुदान र स्वयंसेवक शिक्षकहरू कार्यरत छन्। यद्यपि, शिक्षकको गुणस्तर सुधारका लागि नियमित क्षमता विकास तालिम तथा कार्यसम्पादन मूल्याङ्कन अनिवार्य छ। शिक्षकहरूको निरन्तर प्रशिक्षणले सिकाइ गुणस्तरमा सकारात्मक प्रभाव पार्नेछ र शिक्षण पद्धतिमा नवीनता ल्याउनेछ। साथै, शिक्षक कार्यसम्पादन करारले अनुशासन र प्रतिबद्धता सुनिश्चित गर्न सहयोग गर्नेछ।

### २. **शिक्षण पेशामा दक्ष जनशक्ति आकर्षण र व्यवस्थापन**

शिक्षक दरबन्दी र शिक्षक विद्यार्थी अनुपात हेर्दा प्रारम्भिक तहदेखि माध्यमिक तहसम्म शिक्षक अभाव स्पष्ट देखिन्छ। यसले गुणस्तरमा नकारात्मक असर पुर्‍याउन सक्छ। यसैले दक्ष शिक्षकहरूलाई आकर्षित गर्ने र विकट भेगमा पनि आवश्यक जनशक्ति व्यवस्थित गर्ने नीति अपनाउनु आवश्यक छ।

### ३. **बालविकास केन्द्रहरूको गुणस्तर सुधार र पहुँच विस्तार**

प्रारम्भिक बालविकास शिक्षामा ७७ जना सहजकर्ता कार्यरत भए पनि न्यूनतम मापदण्ड पुरा नगरेका केन्द्रहरूको गुणस्तरमा सुधार आवश्यक छ। सबै बालबालिकालाई बालविकास केन्द्रमा पहुँच दिने कार्यक्रम प्रभावकारी बनाउन गाउँपालिका थप लगानी र अनुगमन बढाउनुपर्ने देखिन्छ।

### ४. **विद्यालयको भौतिक पूर्वाधार सुधार र सिकाइ वातावरण सुदृढीकरण**

तथ्याङ्कले देखाएको छ कि विद्यालयहरूमा भवन, कक्षा कोठा, ICT ल्याब, शौचालय लगायत पूर्वाधारहरू छन्, तर सबै विद्यालयमा यी सुविधाहरू सन्तुलित र प्रभावकारी छैनन्। बालमैत्री तथा सिकाइमैत्री वातावरण निर्माण गर्न थप लगानी, रखरखाव र परिमार्जन आवश्यक छ।

### ५. **निःशुल्क र अनिवार्य शिक्षा प्रभावकारी कार्यान्वयन**

आधारभूत तहमा निःशुल्क तथा अनिवार्य शिक्षा लागू भए पनि विद्यालय छोड्ने र कक्षा दोहोर्‍याउने दर अझै उच्च छ। यसलाई घटाउन परिवार र समुदायसँग समन्वय गरी जागरूकता कार्यक्रम तथा अभिभावक शिक्षा अनिवार्य छ।

### ६. **सिकाइ उपलब्धिमा सुधार र गुणस्तरीय शिक्षा प्रवर्द्धन**

सिकाइ उपलब्धि वृद्धि गर्न विषयगत शिक्षकहरूको तालिम, गुणस्तरीय पाठ्यक्रम विकास र समसामयिक मूल्याङ्कन विधि अनिवार्य छन्। माध्यमिक तहमा विशेषगरि प्राविधिक र व्यवसायिक शिक्षामा पहुँच र गुणस्तर सुधार गर्दै रोजगारमुखी शिक्षा प्रवर्द्धन गर्नुपर्ने छ।

### ७. **सूचना प्रविधि पहुँच विस्तार र तालिम**

ICT पहुँच विस्तारका साथै शिक्षक र विद्यार्थीलाई प्रविधि उपयोगका लागि तालिम दिनु आवश्यक छ। यसले सिकाइ प्रक्रिया अझ प्रभावकारी र आकर्षक बनाउनेछ।

### ८. **अनुगमन तथा मूल्यांकनको प्रभावकारी कार्यान्वयन**

विद्यालय तथा कक्षाको अनुगमन, निरीक्षण र मूल्यांकन प्रणालीलाई थप प्रभावकारी बनाउन आवश्यक संसाधन र तालिम प्रदान गर्नुपर्ने देखिन्छ, जसले गुणस्तर सुनिश्चित गर्नेछ।

**९. छात्रवृत्ति तथा सामाजिक समावेशी कार्यक्रमहरू**

आर्थिक रूपमा कमजोर बालबालिका र अपांगताहरूलाई छात्रवृत्ति र विशेष शिक्षा सेवा उपलब्ध गराउनु शिक्षा पहुँच र समावेशीकरणमा योगदान दिनेछ।

१०. **सम्पूर्ण पक्षबीच समन्वय र दीगो योजना निर्माण**

संघ, प्रदेश र स्थानीय तहबीच समन्वय गरी शैक्षिक नीतिहरू प्रभावकारी कार्यान्वयन र निरन्तर सुधारका लागि दीगो योजना बनाउन आवश्यक छ।

**११. शिक्षक विद्यार्थी अनुपात मिलाउन स्थानीय तहबाट स्वयमसेवक शिक्षक परिचालन**

विद्यालयको शैक्षिक गुणस्तर सुधार गर्नका लागी स्थानीय तहबाट स्वयमसेवक शिक्षक परिचालन गर्नुपर्ने आवश्यकता रहेको देखिन्छ।

यी पक्षहरूलाई समुचित रूपमा लागू गर्दा दोगडाकेदार गाउँपालिकाको शैक्षिक वातावरणमा दीर्घकालीन सुधार सम्भव हुनेछ र गुणस्तरीय, समावेशी र पहुँचयोग्य शिक्षा सुनिश्चित गर्न सकिनेछ।

## १.२ मुख्य समस्या तथा चुनौतीको विश्लेषण

यस गाउँपालिकाको शैक्षक तथ्याङ्कहरुको अध्ययन र वस्तुस्थिति नियाल्दा पालिकामा विद्यालय शिक्षामा देखिएका मुख्य समस्या तथा चुनौतीहरुको विश्लेषण निम्न बुँदामा प्रष्ट्याउन सकिन्छ।

### १. सबैका लागि विद्यालय शिक्षामा पहुँच तथा सहभागिता सुनिश्चित गर्ने चुनौती

दोगडाकेदार  गाउँपालिकाभित्र ५४ वटा विद्यालयहरू तथा ६१ वटा प्रारम्भिक बालविकास केन्द्रहरू सञ्चालनमा छन् र कुल ५८८२ जना विद्यार्थी अध्ययनरत छन्। यद्यपि, विपन्न, दलित, जनजाति, अपाङ्गता भएका तथा दुर्गम भेगका बालबालिकाहरू अझै विद्यालय शिक्षाबाट वञ्चित छन् वा नियमित सहभागितामा चुनौती कायम छ। विद्यालय छाड्ने तथा कक्षा दोहोर्‍याउने दर घटाउन प्रभावकारी पहल आवश्यक देखिन्छ।

### २. सुरक्षित, बालमैत्री, लैङ्गिकमैत्री, अपाङ्गमैत्री तथा वातावरणमैत्री विद्यालयको स्थापना

केही विद्यालयहरूमा सुरक्षित भौतिक संरचना, बालमैत्री शौचालय, स्वच्छ खानेपानी तथा घेराबारको अभाव छ। लैङ्गिक तथा अपाङ्गमैत्री पूर्वाधारको कमीले सबै बालबालिकाको सहज पहुँच र सहभागिता सुनिश्चित गर्न नसकिएको स्थिति छ।

### ३. विद्यालय शिक्षामा विद्यमान असमानता

शिक्षक दरबन्दी, तालिम, स्रोत तथा विद्यार्थी संख्याको दृष्टिले विद्यालयबीच असमानता रहेको छ। कक्षा ११–१२ मा शिक्षक–विद्यार्थी अनुपात १:४१ र आधारभूत तह (६-८) मा शिक्षक-विद्यार्थी अनुपात १:४५ रहेको छ, जसले सिकाइ उपलब्धिमा प्रतिकूल असर पार्दछ। कतिपय विद्यालयमा शिक्षकमात्र नभई आवश्यक स्रोत साधन पनि पर्याप्त छैनन्।

**४. विद्यालय शिक्षाको गुणस्तर तथा सान्दर्भिकताको अभाव**

शिक्षकहरूमा राहत र अनुदानमा कार्यरतहरूको संख्या उच्च छ। नियमित तालिम, ICT प्रयोग, नवीन शिक्षण विधि तथा सान्दर्भिक पाठ्यक्रममा पहुँच कम भएकाले सिकाइमा गुणस्तरीय सुधार चुनौती बनेको छ। प्राविधिक तथा व्यवसायिक शिक्षामा विद्यार्थीको पहुँच पुग्न नसकेको अवस्था देखिन्छ।

**५. विद्यालय शिक्षामा प्रभावकारी तथा उत्तरदायी शासन तथा व्यवस्थापन प्रणालीको अभाव**

विद्यालय व्यवस्थापन समिति, अभिभावक समूह, बाल क्लब जस्ता संरचनाहरू प्रभावकारी रूपमा क्रियाशील छैनन् । लेखा प्रणाली, अनुगमन, शिक्षकको कार्यसम्पादन मूल्याङ्कनजस्ता पक्षहरू व्यवस्थित र पारदर्शी बनाउनु आवश्यक देखिन्छ।

**६. आधारभूत तहको शिक्षालाई अनिवार्य तथा निःशुल्क बनाउने राष्ट्रिय लक्ष्य प्राप्तिमा चुनौती**

यद्यपि नीति अनुसार शिक्षालाई अनिवार्य तथा निःशुल्क भनिए पनि बालबालिकाहरू अझै विद्यालयबाहिर छन्। पोशाक, स्टेशनरी, यातायात, खाजा आदिजस्ता परोक्ष खर्चहरूले विद्यालय जान कठिनाइ भइरहेको छ।

**७. विद्यालयको समायोजन तथा पुनर्नक्साङ्कनको आवश्यकता**

विद्यालयहरूको स्थान, पहुँच तथा जनसङ्ख्याको आधारमा पुनरावलोकन गरी समायोजन गर्नुपर्ने आवश्यकता छ। कतिपय विद्यालयहरू नजिक नजिक रहेका छन् भने कतिपय स्थानमा विद्यालयसम्म पुग्न कठिन छ। स्रोत साधनको समान वितरणका लागि विद्यालयको नक्साङ्कन र समायोजन अपरिहार्य छ।

दोगडाकेदार गाउँपालिकाको विद्यालय शिक्षामा पहुँच, समावेशिता, स्रोत वितरण, गुणस्तर, प्रविधिको प्रयोग, शिक्षक व्यवस्थापन र शासन प्रणालीमा व्यापक सुधार आवश्यक छ। यिनै चुनौतीहरूलाई सम्बोधन गर्न दीर्घकालीन रणनीति, समन्वय र स्रोत परिचालन अपरिहार्य छ।

# परिच्छेद २
# दूरदृष्टि, उद्देश्य, रणनीति तथा लक्ष्य निर्धारण

## २.१ शिक्षाको दीर्घकालीन राष्ट्रिय सोच :

आर्थिक तथा सामाजिक रुपान्तरणको माध्यमबाट न्यायपूर्ण समाजको विकास सहित नेपाललाइ समृद्ध र नेपालीलाइ सुखी बनाउन योगदान गर्ने "

## २.२ दोगडाकेदार गाउँपालिकाको दीर्घकालीन सोच र गन्तव्य:

**"समुन्नत समाज,परिस्कृत संस्कार, गुणस्तरीय शिक्षा समग्र दोगड़ाकेदारको आधार "**

## २.३ लक्ष्य

उपलब्ध श्रोत र साधनको अधिकतम उपयोग गर्दै साधारण रव्यावसायिक तथा प्राविधिक एवं गुणस्तरीय शिक्षाको माध्यमबाट उपयुक्त ज्ञान,सीप भएका प्रतिस्पर्धी,सिर्जनशील, संस्कारयुक्त, सक्षम, नैतिकवान एवं जिम्मेवारनागरिक उत्पादन गरी समृद्ध दोगडाकेदार, सुखी दोगडाकेदारबासीको आकांक्षा प्राप्तिमा सहयोग पुर्याउनु

## २.४ उद्देश्य

१. सबै बालबालिकालाई विद्यालय शिक्षामा समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्नु।
२. आधारभूत तथा माध्यमिक तहको शिक्षामा गुणस्तर कायम गर्नु।
३. पाठ्यक्रमले तोकेका सिकाइ उपलब्धि हासिल गर्नु।
४. बालमैत्री तथा अपाङ्गमैत्री भौतिक पूर्वाधार निर्माण गरि सिकाइ वातावरणमा सुधार ल्याउनु।
५. अनौपचारिक शिक्षा र आजीवन सिकाइका अवसर प्रदान गर्नु।
६. शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी कार्यान्वयन गर्नु।
७. अनुभवी तथा तालिम प्राप्त शिक्षकहरुमार्फत शिक्षण सिकाइ क्रियाकलाप व्यवस्थापन गर्नु।

## २.५ रणनीति

१. प्रारम्भिक बालविकास केन्द्रहरुको संस्थागत क्षमता विकासगर्ने।
२. उत्प्रेणामूलक कार्यक्रमहरु मार्फत बालबालिकाहरुको शिक्षामा पहुँच अभिवृद्धि गर्ने।
३. विद्यालय नक्साङ्कन गरी आवश्यकताका आधारमा विद्यालय समायोजन र स्थापना गरी सबै बालबालिकाहरुको सहभागिता सुनिश्चित गर्ने।
४. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको मापदण्डबमोजिम विद्यालय शिक्षामा गुणस्तर कायम गर्न विभिन्न कार्यक्रमहरु सञ्चालन गर्ने।
५. शिक्षा सरोकारवालाहरु सबैको सहयोग, सहकार्य र समन्वयमा शैक्षिक गुणस्तर वृद्धि गर्ने।
६. शिक्षामा गुणस्तर कायम गर्न शैक्षिक सुपरीवेक्षण र मूल्याङ्कनलाई प्रभावकारी बनाउने।

७. स्थानीय पाठ्यक्रम निर्माण, प्रवोधिकरण र कार्यान्वयनका माध्यमबाट पाठ्यक्रमको सान्दर्भिकता र प्रयोगमा अभिवृद्धि गर्ने ।

८. पाठ्यक्रममा आधारित शिक्षण सिकाइलाई प्रभावकारी बनाई सिकाइ उपलब्धिलाई मूल्याङ्कनसँग आबद्ध गर्ने ।

९. आवश्यक भौतिक तथा शैक्षिक स्रोत साधन उपलब्ध गराइ विद्यालयमा विभेदरहित, बालमैत्री, अपाङ्गमैत्री र लैङ्गिकमैत्री सिकाइ वातावरण सिर्जना गर्ने ।

१०. विद्यालयमा आकर्षित सिकाइ वातावरण तयार गर्न सिकाईमैत्री कक्षाकोठा स्थापना गर्ने ।

११. विद्यालयमा सरसफाई तथा स्वच्छता कायम गर्न आवश्यक पर्ने पूर्वाधाहरु निर्माण गर्ने ।

१२. वैकल्पिक सिकाइका माध्ययमबाट औपचारिक शिक्षाबाट बञ्चित भएका बालवालिकाहरुलाई सिकाइको अवसर प्रदान गर्ने ।

१३. कमजोर सिकाई उपलब्धी भएका बालबालिकाहरुका लागि अतिरिक्त कक्षाको व्यवस्था गर्ने ।

१४. सामुदायिकसिकाई केन्द्रहरुको सुदृढीकरण गरी साक्षरता तथा आयआर्जनमा आधारित शिक्षाको विस्तार गर्ने ।

१५. सिकाइ र सिपलाई आवद्ध गरी साक्षरोत्तर शिक्षा तथा जीवनोपयोगी सिकाइका अवसरहरु प्रदान गर्ने ।

१६. गाउँपालिका भित्रका माध्यमिक विद्यालयहरुमा डिजिटल शिक्षण सामग्री र प्रविधिको प्रयोग गरेर शिक्षण पद्धतिमा नवीनता ल्याउने ।

१७. गाउँपालिका भित्रका कम्तीमा ३ वटा विद्यालयहरुको प्राविधिक तथा व्यवसायिक क्षमता विकास गरि प्राविधिक शिक्षामा विस्तार गर्ने ।

१८. शिक्षक तथा कर्मचारीहरुको लागि क्षमता विकास कार्यक्रमहरु सञ्चालन गर्ने ।

१९. विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीहरुलाई उत्प्रेरित गर्दै पेसाप्रति जवाफदेही बनाउने ।

## २.६ कार्यनीति

१. विद्यालय नक्साङ्कनको आधारमा विद्यालय स्थापना, समायोजन र विस्तार गरिने छ ।

२. कम्तीमा एक वडामा एक नमूना प्रारम्भिक बालविकास केन्द्र र एक नमूना विद्यालयको विकास गरिने छ ।

३. विद्यालय शिक्षामा पहुँच वृद्धि गर्नका लागि विद्यालय भर्ना तथा स्वागत कार्यक्रम, नि:शुल्क पाठ्यपुस्तक, छात्रवृत्ति, स्थानीय उत्पादनमा आधारित विद्यालय दिवा खाजा, शैक्षिक सामग्री र नि:शुल्क स्यानीटरी प्याड वितरण र अभिभावक शिक्षा कार्यक्रमहरु सञ्चालन गरिने छ ।

४. विद्यालय बाहिर रहेका सबै बालबालिकाहरुलाई विद्यालय शिक्षाको मूल धारमा ल्याउने अभियानलाई निरन्तरता दिदै सेवा क्षेत्रभित्रका सबै बालबालिकाहरुलाई विद्यालय शिक्षामा प्रवेश गराईने छ ।

५. प्रत्येक विद्यालयहरुमा पुस्तकालय, सूचना तथा सञ्चार प्रविधि प्रयोगशाला, विज्ञान प्रयोगशालाको विस्तार गरी गुणस्तरीय शिक्षण सिकाइको अनुकुल वातावरण निर्माण गरिने छ ।

६. स्थानीय पाठ्यक्रममार्फत भाषिक तथा सांस्कृतिक विविधताअनुरुप शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गरिने छ ।

७. प्रत्येक विद्यालयहरुमा लैङ्गिक सम्पर्क शिक्षकको व्यवस्था गरी लैङ्गिकमैत्री सिकाइ वातावरण तयार गरिने छ ।

८. विद्यार्थीहरुको सिकाइलाई गतिशील बनाउन अभिभावक, शिक्षकर विद्यार्थीहरु सहभागी हुने गरी विद्यालय स्तरमा अन्तरक्रिया तथा कार्यशालाहरु आयोजना गरिने छ।

९. विद्यार्थीहरुमा रहेका प्रतिभाहरुको पहिचान गर्न तहगत अतिरिक्त क्रियाकलापहरु सञ्चालन गरिने छन्।

१०. गुणस्तरीय शिक्षा प्रवर्द्धनका लागि संघ, प्रदेश, स्थानीय सरकार र गैर सरकारी संस्थाको साझेदारीमा कार्यक्रम लागु गरिने छ।

११. पालिकास्तरीय वार्षिक शैक्षिक कार्यपात्रो र शिक्षा नीति तयार गरी कार्यान्वयनलाई निरन्तरता दिईने छ।

१२. शैक्षिक सत्रको प्रारम्भदेखि निर्धारित पाठ्यक्रमको कार्यान्वयनमा जोड दिन पाठ्यक्रम प्रबोधीकरण कार्यक्रम सञ्चालन गरिनेछ।

१३. स्थानीय मूल्य-मान्यता, परम्परागत ज्ञान र प्रविधि, यौनिक शिक्षा, सामाजिक तथा सांस्कृतिक पहिचानको संरक्षण तथा सम्वर्द्धन गर्न स्थानीय पाठ्यक्रमलाई आवश्यकता अनुसार संशोधन गरी कार्यान्वयन गरिने छ।

१४. सरोकारवालाहरुको सहभागितामा स्थानीय शैक्षिक सामग्रीहरु निर्माण गरी कक्षाकोठामा प्रयोगमा ल्याउन प्रोत्साहन गरिनेछ।

१५. शैक्षिक संस्थाहरुको नियमित सुपरीवेक्षण गरी सुधारका लागि पृष्ठपोषण प्रदान गरिने छ।

१६.नतिजामा आधारित मूल्याङ्कनका आधारमा पुरस्कार र दण्डको नीति अवलम्बन गरिने छ।

१७. शिक्षाको गुणस्तर मापनका लागि परीक्षा बाहेकका अन्य मूल्याङ्कनका साधनहरु प्रयोगमा ल्याइनेछ।

१८. गाउँपालिकाभित्र सञ्चालित शिक्षण संस्थाहरुबीच समन्वय तथा सहकार्य गर्ने वातारण निर्माण गरिने छ।

१९. कमजोर भौतिक संरचना भएका विद्यालयहरुलाई प्राथमिकता दिई भौतिक संरचना निर्माण र मर्मत सम्भार कार्यलाई निरन्तरता दिइने छ।

२०. विद्यार्थीहरुलाई खेल, योगाभ्यास र सह क्रियाकलाप सञ्चालनका लागि प्रत्येक विद्यालयमा खेलमैदान निर्माणमा जोड दिइने छ।

२१. विद्यालयमा  आवश्यक पर्ने न्यूनतम संरचनाहरुको स्थापना तथा विकास गरिने छ।

२२. संघीय सरकार, प्रदेश सरकार तथा विभिन्न गैर सरकारी संस्थाहरु सँगको समन्वय तथा सहजीकरणमा विद्यालयको भौतिक पूर्वाधार विकास र  शैक्षिक विकासमा प्राथमिकता दिइने छ।

२३.विपदको बेलामा पनि सिकाइलाई निरन्तरता दिनका लागि वैकल्पिक सिकाइ सहजीकरण कार्यविधि तयार गरी प्रभावकारी रुपमा लागु गरिनेछ।

२४. विशेष शिक्षा आवश्यक भएका बालबालिकाहरुका लागि विशेष कक्षा सञ्चालन गरिने छ।

२५. कक्षाकोठामा शिक्षण सिकाइका सन्दर्भ सामग्रीहरुको प्रयोग गर्न जोड दिइने छ।

२६. औपचारिक शिक्षाबाट बञ्चित भएका बालबालिकाहरुका लागि बैकल्पिक सिकाइका माध्यमहरुमार्फत सिकाइको अवसर प्रदान गरिने छ।

२७.सूचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षा प्रणालीको विकास गरिने छ।

२८. प्रारम्भिक बालविकास केन्द्रका सहजकर्ताहरुका लागि क्षमता विकास र मन्टेश्वरी तालिम सञ्चालन गरिने छ।

२९. शिक्षक तथा कर्मचारीहरुका लागि सेवा प्रवेश तालिम सञ्चालन गरिने छ।

३०. शिक्षकको शैक्षिक क्षमता अभिबृद्धि गर्न समय समयमा शिक्षक तथा विद्यालय कर्मचारीहरुलाई तालिम, कार्यशाला, अभिमुखीकरण कार्यक्रम, बैठक, अन्तरक्रिया कार्यक्रम  सञ्चालन गरिने छन्।

३१. प्राविधिक तथा व्यावसायिक शिक्षाको पहुँचमा विस्तार गरिने छ।

३२. सामुदायिक सिकाइ केन्द्रको क्षमता अभिबृद्धि गरी सामाजिक परिचालनका कार्यक्रममा सहभागि गराइने छ।

३३. गाउँपालिकास्तरमा अतिरिक्त क्रियाकलापहरूलाई प्रभावकारी रूपमा सञ्चालन गर्न बाल सञ्जालहरूलाई सक्रिय गराइनेछ।

३४. विद्यालयमा नेतृत्व विकास, पारदर्शिता, जवाफदेहिता कायम गर्न विद्यालयका प्रधानाध्यापक, शिक्षक, विद्यालय कर्मचारी र सरोकारवालाहरुको क्षमता अभिबृद्धि गरिने छ।

३५. कार्य सम्पादनका आधारमा प्रत्येक बर्ष उत्कृष्ट विद्यालय र शिक्षक छनौट गरी पुरुस्कृत गरिने छ।

३६. विपन्न तथा जेहेन्दार विद्यार्थीको पहिचान गरी लक्षित छात्रवृत्ति, शैक्षिक सामग्री उपलब्ध गराइ उनीहरुको शैक्षिक निरन्तरतामा जोड दिइने छ।

३७. प्रारम्भिक तहका बालबालिकाको पठन सीप अभिबृद्धि गर्न अभिभावकहरुको संलग्नतामा गाउँपालिकास्तरीय शैक्षिक कार्यक्रम सञ्चालन गरिने छ।

३८. माध्यमिक तहका विद्यार्थीहरुलाई राष्ट्र, समाज र समुदाय प्रति आस्थावान रहन र उत्तरदायित्व बोध गर्नका लागि अनिवार्य रुपमा स्काउट, रेडक्रस जस्ता मानवीय हितका कार्यहरु गर्ने संस्थाहरुको गतिविधिमा संलग्न गराइने छ।

३९. शिक्षा क्षेत्र योजना कार्यान्वयनको अवस्था पहिचान गरी आवधिक प्रतिवेदन तयार गरि नगरसभामा पेश गरिने छ।

४०.शिक्षकको पेशागत सहयोग र विद्यालय सुपरिवेक्षण कार्यका लागि गाउँपालिका स्तरमा रोष्टरहरुको विज्ञ समूह गठन गरि परिचालन गरिनेछ।

४१. स्थानीय शिक्षा ऐन, नियमावली, कार्यविधि र मापदण्ड तयार गरि  लागु गरिने छ।

४२. आधारभूत तह कक्षा ५ र ८ को परीक्षालाइ मर्यादित र स्तरयुक्त बनाउन गाउँपालिका भरि एउटै मापदण्डको प्रश्नपत्र तयार गरि पायक पर्ने विद्यालयमा परीक्षा केन्द्र कायम गरि सञ्चालन गरिने छ।

४३. गाउँपालिका भरिका सबै आधारभूत तथा माध्यामिक विद्यालय (६-१२) मा अनिवार्य रुपमा किशोरकिशोरी मैत्री सूचना केन्द्र क्रमशः स्थापना गरिने छ।

## २ ७.अपेक्षित मुख्य उपलब्धि

योजनाको अन्त्य (वि.स. २०९१) सम्ममा निम्नानुसारको मुख्य उपलब्धिहरु हासिल हुनेछः

१. सबै बालबालिकाहरुका लागि विद्यालय शिक्षामा समतामूलक पहुँच र सहभागिता सुनिश्चित भएको हुने छ।

२. आधारभूत तथा माध्यमिक तहको शिक्षामा गुणस्तर कायम भएको हुने छ।

३. पाठ्यक्रमले तोकेका सिकाइ उपलब्धि हासिल भएका हुने छन् ।

४. बालमैत्री तथा अपाङ्गमैत्री भौतिक पूर्वाधार निर्माण गरि सिकाइ वातावरणमा सुधार भएको हुने छ।

५. अनौपचारिक शिक्षा र जीवनोपयोगी सिकाइका लागि विभिन्न अवसरहरुको सुनिश्चितता भएको हुने छ।

६. शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी कार्यान्वयन भएको हुने छ।

७. सबै तह र विषयका शिक्षकहरुको क्षमता विकास भएको हुने छ।

८. विद्यालय उमेर समूहका सबै बालबालिकाहरूलाई प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभवसहित कक्षा १ मा प्रवेश गर्ने अवसर सुनिश्चित भएको हुनेछ।

९. आधारभूत विद्यालय उमेर समूहका सबै बालबालिकाले न्यनूनतम सिकाइ सक्षमतासहित आधारभूत तह पूरा गरेका हुनेछन् ।

१०. माध्यमिक विद्यालय उमेर समूहका सबै बालबालिका विद्यालयमा भर्ना भई गुणस्तरीय माध्यमिक शिक्षा प्राप्त गरेको हुनेछन् ।

११. आवश्यकतामा आधारित अनौपचारिक शिक्षा तथा जीवनोपयोगी सिकाइका अवसरहरू सबैका लागि सुनिश्चित भई साक्षर र आत्मनिर्भर समाजको निर्माण भएको हुने छ ।

१२. विद्यालय शिक्षा पद्धतिमा सुशासन कायम भई योजना तथा कार्यक्रम कार्यान्वयन नतिजामुखी भएको हुने छ ।

१३. तालिम प्राप्तर अनुभवी शिक्षकहरुबाट सिकारुमैत्री शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन भई विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार भएको हुने छ ।

१४. विद्यालय तहको शिक्षामा समतामूलक पहुँच र समावेशी सहभागिता सहित सबैका लागि गुणस्तर सुनिश्चत भएको हुने छ ।

१५. विपद्का समयमा बालबालिकाहरुले सुरक्षित शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चित भएको हुने छ ।

१६. आवश्यकताअनुसार विद्यालयहरु तथा बालविकास केन्द्रहरु विस्तार एवम् समायोजन भएका हुनेछन् ।

१७. सबै विद्यालयको वातावरण भेदभावरहित र बालमैत्रीभएको हुनेछ ।

## २.८ मुख्य कार्य सम्पादन सूचक र लक्ष्य निर्धारण

यस योजनाका अपेक्षित मुख्य कार्य सम्पादन सूचक (परिमाणात्मक नतिजा) तलको तालिकामा प्रस्तुत गरिएको छ :

| क्र.सं. | सूचक | सूचक तहको | आधार वर्ष २०८१ | २०८३ | २०८५ | २०८७ | सूचक को स्रोत | तथ्याङ्क को स्रोत |
|---|---|---|---|---|---|---|---|---|
| **१. प्रारम्भिकबालविकासरशिक्षा** | | | | | | | | |
| १.१ | प्रारम्भिक बालविकास र शिक्षामा कूल भर्ना दर* (%) | स्थानीय | ९५.५ | ९६ | ९७ | ९८ | **IEMIS** | Census |
| | | प्रदेश | ९२.४ | | ९२.७ | | | |
| | | राष्ट्रिय | ८६.२ | ८९.५ | ९४.० | ९९.० | | |
| १.२ | प्रारम्भिक बालविकास र शिक्षाको अनुभव लिई कक्षा १ मा नयाँ भर्ना भएका बालबालिका* (%) | स्थानीय | ८५ | ८८ | ९२ | ९६ | IEMIS | Census |
| | | प्रदेश | ८०.४ | | ९१.१ | ९९.६ | | |
| | | **राष्ट्रिय** | ६८.६ | ७३.० | ८५.० | ९५.० | | |
| २. आधारभूत शिक्षा | | | | | | | | |
| २.१ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको खुद प्रवेश दर (%) | स्थानीय | ९२ | ९४ | ९६ | ९८ | IEMIS | Census |
| | | प्रदेश | ९७ | | ९८.९ | १०० | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | राष्ट्रिय | ९६.९ | ९७.५ | ९९.० | १०० | | |
| २.२ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको कूल प्रवेश दर (%) | स्थानीय | ११०.३ | १०६ | १०४ | १०२ | IEMIS | Census |
| | | प्रदेश | १२७.८ | | १२३ | १०३.७ | | |
| | | राष्ट्रिय | १२१.९ | ११५.० | १०७.० | १०५.० | | |
| २.३ | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा खुद भर्ना दर* (%) | स्थानीय | ९५.३ | ९७ | ९८ | १०० | IEMIS | Census |
| | | प्रदेश | ९६.८ | | ९९.८ | ९९.५ | | |
| | | राष्ट्रिय | ९७.१ | ९९.० | ९९.५ | १०० | | |
| २.४ | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा कूल भर्ना दर* (%) | स्थानीय | ११२.८ | १०८ | १०५ | १०३ | IEMIS | Census |
| | | प्रदेश | १३८.४ | | १२०.५ | ११२.७ | | |
| | | राष्ट्रिय | ११९.२ | ११५.० | | | | |
| २.५ | आधारभूत तहको कक्षा ५ को खुदप्रवेश दर* (%) | स्थानीय | ९५.१ | ९७ | ९८ | १०० | IEMIS | Census |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ९८.३ | | | | | |
| २.६ | आधारभूत तहको कक्षा ५ को कूलप्रवेश दर* (%) | स्थानीय | ११३.१ | ११० | १०६ | १०३ | IEMIS | Census |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ११३ | ११० | १०७ | १०५ | | |
| २.७ | आधारभूत तहको कक्षा ५ सम्म टिकाउ दर* (%) | स्थानीय | ९१.३ | ९४ | ९७ | १०० | IEMIS | Census |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ९३ | | | | | |
| २.८ | आधारभूत तह (प्राथमिक कक्षा ५) पूरा गर्ने दर* (%) | स्थानीय | ८७.२ | ९० | ९५ | १०० | IEMIS | Census |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ८५.८ | ९३.१ | ९५.५ | ९९.५ | | |
| २.९ | आधारभूत तहमा (प्राथमिक कक्षा १-५)मा | स्थानीय | १३ | १० | ७ | ० | IEMIS | Census |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | भर्ना भएका ५-९ वर्ष उमेर भन्दा माथिका बालबालिका* (%) | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | २२.२ | २०.० | १५.० | १०.० | | |
| २.१० | आधारभूत तह (प्राथमिक कक्षा १-५) कूल भर्ना दरमा लैङ्गिक समता सूचाङ्क* | | स्थानीय | ०.९७ | ०.९८ | ०.९९ | १ | IEMIS | Census |
| | | | प्रदेश | ०.९८ | | १ | १ | | |
| | | | राष्ट्रिय | १.०६ | | | १.०१ | | |
| २.११ | आधारभूत तह (कक्षा १-८) मा खुद भर्ना दर* (%) | | स्थानीय | ९२ | ९३ | ९७ | १०० | IEMIS | Census |
| | | | प्रदेश | ९५.९ | | ९९.२ | १०० | | |
| | | | राष्ट्रिय | ९३.४ | ९९ | | १०० | | |
| २.१२ | आधारभूत तह (कक्षा १-८) मा कूल भर्ना दर (%) | | स्थानीय | ११५.५ | १११ | १०७ | १०३ | IEMIS | Census |
| | | | प्रदेश | १२५.३ | | ११८ | ११५.७ | | |
| | | | राष्ट्रिय | ११०.४ | | | | | |
| २.१३ | आधारभूत तहको कक्षा ८ सम्मको टिकाउ दर* (%) | | स्थानीय | ८८.२ | ९१ | ९४ | ९७ | IEMIS | Census |
| | | | प्रदेश | ७५ | | ७८.५ | ८२.३ | | |
| | | | राष्ट्रिय | ७९.३ | | | ९५ | | |
| २.१४ | आधारभूत तहको कक्षा १ मा भर्ना भई कक्षा ८ पूरा गर्ने दर*(%) | | स्थानीय | ७९.३ | ८६ | ९० | ९५ | IEMIS | Census |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ७२.७ | | | ९५ | | |
| २.१५ | आधारभूत तह(कक्षा १-८) कूल भर्ना दरमा लैङ्गिक समता सूचक* | | स्थानीय | ०.९१ | ०.९३ | ०.९६ | ०.९९ | IEMIS | Census |
| | | | प्रदेश | १.०५ | | १.०३ | १.०२ | | |
| | | | राष्ट्रिय | १.०१ | १.०१ | | | | |
| २.१६ | कक्षा ३ मा न्युनतम सिकाइ उपलब्धि हासिल गरेका (कक्षा ३ को | नेपाली भाषा | स्थानीय | ४२ | ४७ | ५२ | ५७ | IEMIS | नतीजा विश्लेषण |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | | | | | | |
| | | गणित | स्थानीय | ४० | ४५ | ५० | ५५ | IEMIS | नतीजा |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | आधारभूत वा तह २ हासिल भएका) बालबालिकाको सङ्ख्या (%) | | य | | | | | | विश्लेषण |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | | | | | | |
| | | अंग्रेजी | स्थानीय | ४१ | ४६ | ५१ | ५६ | IEMIS | नतीजा विश्लेषण |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | | | | | | |
| २.१७ | कक्षा ५ मा न्युनतम सिकाइ उपलब्धि हासिल गरेका (कक्षा ५ को आधारभूत तह हासिल भएका) बालबालिकाको सङ्ख्या (%) | नेपाली भाषा | स्थानीय | ४० | ४५ | ५० | ५५ | IEMIS | नतीजा विश्लेषण |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ४५ | ५२ | ६० | ७० | | |
| | | गणित | स्थानीय | ४३ | ४८ | ५३ | ५८ | IEMIS | नतीजा विश्लेषण |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | २८.३ | ४० | ६० | ७० | | |
| | | अङ्ग्रेजी | स्थानीय | ४४ | ४९ | ५४ | ५९ | IEMIS | नतीजा विश्लेषण |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | | | | | | |
| २.१८ | कक्षा ८ मा न्युनतम सिकाइ उपलब्धि हासिल गरेका (कक्षा ८ को तह ३ हासिल भएका) बालबालिकाको सङ्ख्या (%) | नेपाली भाषा | स्थानीय | ६७.४ | ६९ | ७१ | ७३ | IEMIS | नतीजा विश्लेषण |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ६८.५ | ७० | ७५ | ७५ | | |
| | | गणित | स्थानीय | ५० | ५५ | ६० | ६५ | IEMIS | नतीजा विश्लेषण |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ५३.५ | ६० | ६५ | ७० | | |
| | | विज्ञान | स्थानीय | ५१.२ | ५६ | ६१ | ६६ | IEMIS | नतीजा विश्लेषण |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ४३.८ | ५० | ६० | ७० | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ६.६ | | १ | ० | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३. माध्यमिक शिक्षा (कक्षा ९-१२) | | | | | | | | |
| ३.१ | माध्यमिक तह (कक्षा ९-१२) मा खुद भर्ना दर (%) | स्थानीय | ४५ | ५० | ५५ | ६० | IEMIS | Census |
| | | प्रदेश | ५९.१ | | ६८.५ | ८३.९ | | |
| | | राष्ट्रिय | ४७.६ | | ६५ | | | |
| ३.२ | माध्यमिक तह (कक्षा ९-१२) मा कूल भर्ना दर (%) | स्थानीय | ८०.३ | ८४ | ८६ | ८८ | IEMIS | Census |
| | | प्रदेश | ८५.५ | | १०७.५ | १३०.४ | | |
| | | राष्ट्रिय | ७१.४ | | | ९९ | | |
| ३.३ | माध्यमिक तहमा कूल भर्ना दरमा लैङ्गिक समता सूचक (कक्षा ९-१२) | स्थानीय | ०.९५ | ०.९६ | ०.९८ | १ | IEMIS | Census |
| | | प्रदेश | ०.९४ | | ०.९५ | १ | | |
| | | राष्ट्रिय | १.०२ | १ | १ | १ | | |
| ३.४ | आधारभूत तहवाट माध्यमिक तहमा ट्रान्जिसन दर (%) | स्थानीय | ८८.२ | ९१ | ९४ | ९७ | IEMIS | Census |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ९७.५ | | | | | |
| ३.५ | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १० मा पुग्ने दर (%) | स्थानीय | ६१.७ | ६७ | ७२ | ७७ | IEMIS | Census |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ६०.३ | | | | | |
| ३.६ | कक्षा १ मा भर्ना भएका बालबालिका | स्थानीय | २५.८ | ३२ | ३९ | ४६ | IEMIS | तथ्याक विश्लेषण |
| | | प्रदेश | | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | मध्ये कक्षा १२ मा पुग्ने दर (%) | राष्ट्रिय | २४ | | | | | |
| ४. जीवनपर्यन्त शिक्षा तथा सिकाइ र अनौपचारिक शिक्षा | | | | | | | | |
| ४.१ | साक्षरता दर (१५ वर्ष भन्दा माथि) (%) | स्थानीय | ७२.०७ | ७४ | ७६ | ८० | Census | तथ्याक विश्लेषण |
| | | प्रदेश | ७१.२ | | ७५ | १०० | | |
| | | राष्ट्रिय | ५८ | | ९५ | | | |
| ४.२ | साक्षरता दर (५ वर्ष भन्दा माथि) (%) | स्थानीय | ७७.९ | ८१ | ८४ | ८५ | Census | तथ्याक विश्लेषण |
| | | प्रदेश | ७६.३ | | ७८ | १०० | | |
| | | राष्ट्रिय | ८२ | ८९ | ९५ | १०० | | |
| ४.३ | साक्षरता दर (१५-२४ उमेर समूह) (%) | स्थानीय | ९८.१८ | ९९ | ९९.५ | १०० | Census | तथ्याक विश्लेषण |
| | | प्रदेश | ९४.२ | | ९५ | १०० | | |
| | | राष्ट्रिय | ९२ | | ९९ | | | |
| ४.४ | साक्षरता दरमा लैङ्गिक समता (१५ वर्ष भन्दा माथि) | स्थानीय | ०.६९ | ०.७ | ०.८ | ०.८ | Census | तथ्याक विश्लेषण |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ०.६५ | | | ०.८० | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ५. प्राविधिक तथा व्यावसायिक शिक्षा र सिप विकास तालिम | | | | | | | | | |
| ५.१ | प्राविधिक तथा व्यावसायिक सीप विकास तथा तालिम प्राप्त आर्थिक रूपले सक्रिय जनशक्ति (%) | स्थानीय | ५ | १० | | १५ | २० | IEMIS | तथ्याक विश्लेषण |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | ३१ | ४० | | ५० | ७५ | | |
| ५.२ | प्राविधिक तथा व्यावसायिक शिक्षा (कक्षा ९-१२ वा डिप्लोमा वा प्रि-डिप्लोमा वा सो सरह) उत्तीर्ण जनशक्ति (वार्षिक सङ्ख्या) | स्थानीय | छात्रा | ० | | ६० | ७० | IEMIS | तथ्याक विश्लेषण |
| | | | छात्र | ० | | ५५ | ६५ | | |
| | | प्रदेश | छात्रा | | | | | | |
| | | | छात्र | | | | | | |
| | | राष्ट्रिय | छात्रा | | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | छात्र | | | | | |
| ६. सुशासन तथा व्यवस्थापन | | | | | | | | |
| ६.१ | आधारभूत तह (कक्षा १-५) मा विद्यार्थीःशिक्षक अनुपात (सामुदायिक विद्यालय) | स्थानीय | १७:१ | १९:१ | २२:१ | २५:१ | IEMIS | तथ्याक विश्लेषण |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | २४.१ | | ३०.१ | ३०.१ | | |
| ६.२ | आधारभूत तह (कक्षा ६-८) मा विद्यार्थीःशिक्षक अनुपात (सामुदायिक विद्यालय) | स्थानीय | ४५:१ | ४०:१ | ३५:१ | ३०:१ | IEMIS | तथ्याक विश्लेषण |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ३०.१ | | ३०.१ | ३०.१ | | |
| ६.३ | आधारभूत तह (कक्षा १-८) मा विद्यार्थीःशिक्षक अनुपात (सामुदायिक विद्यालय) | स्थानीय | २३:१ | २४:१ | २५:१ | २६:१ | IEMIS | तथ्याक विश्लेषण |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ३३:१ | ३१:१ | ३०:१ | ३०:१ | | |
| ६.४ | माध्यमिक तह (कक्षा ९-१०) मा विद्यार्थीःशिक्षक अनुपात (सामुदायिक विद्यालय) | स्थानीय | १८:१ | २०:१ | २२:१ | २५:१ | IEMIS | तथ्याक विश्लेषण |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ४०:१ | | ३०:१ | ३०:१ | | |
| ६.५ | माध्यमिक तह (कक्षा ९-१२) मा विद्यार्थीःशिक्षक अनुपात | स्थानीय | २२:१ | २३:१ | २४:१ | २५:१ | IEMIS | तथ्याक विश्लेषण |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ४१:१ | ३५:१ | ३०:१ | ३०:१ | | |
| ६.६ | विद्युत पुगेका विद्यालयको प्रतिशत | स्थानीय | ९० | ९३ | ९६ | १०० | IEMIS | अनुगमन प्रतिवेदन |
| | | प्रदेश | ४५.७ | | ६७.३ | १०० | | |
| | | राष्ट्रिय | | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ६.७ | इन्टरनेट पुगेका विद्यालयको प्रतिशत | स्थानीय | १७.७४ | २५ | ३५ | ४५ | IEMIS | विद्यालय प्रतिवेदन |
| | | प्रदेश | १८.८ | | ३५.४ | ७६.७ | | |
| | | राष्ट्रिय | | | | | | |
| ६.८ | खानेपानीको पहुँच पुगेका विद्यालयको प्रतिशत | स्थानीय | ८० | ८७ | ९३ | १०० | IEMIS | विद्यालय प्रतिवेदन |
| | | प्रदेश | ७८.२ | | ८८.८ | १०० | | |
| | | राष्ट्रिय | | | | | | |
| ६.९ | शौचालयको पहुँच पुगेका विद्यालयको प्रतिशत | स्थानीय | ९० | ९३ | ९६ | १०० | IEMIS | विद्यालय प्रतिवेदन |
| | | प्रदेश | ७८.२ | | ८८.४ | १०० | | |
| | | राष्ट्रिय | | | | | | |
| ७. शिक्षामा लगानी | | | | | | | | |
| ७.१ | कूल बजेटको शिक्षा क्षेत्रमा विनियोजित बजेट (%) | स्थानीय | ३.८९ | ४ | ५ | ६ | वार्षिक कार्यक्रम पुस्तिका | |
| | | प्रदेश | ३.९ | | १५ | २० | | |
| | | राष्ट्रिय | १०:६८ | १५ | १७ | २० | | |
| ७.२ | प्रति विद्यार्थी सरकारी खर्च (रु. | स्थानीय | ३१ | ३२ | ३३ | ३४ | खर्च विश्लेषण | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | १८ | २१ | २१ | | | |

### २.९ प्रमुख उपलब्धि तथा सूचकहरुः

यस विद्यालय शिक्षा योजनाका प्रमुख उपलब्धि सूचकहरु निम्नबमोजिम निर्धारण गरिएको छ :-

| क्र स | सुचकहरु | आधार वर्ष (वि.स. २०८२) को अवस्था (प्रतिशतमा) | वि.स. २०८६ सम्मको लक्ष्य (प्रतिशतमा) | वि.स. २०९१ सम्मको लक्ष्य (प्रतिशतमा) | सूचकको स्रोत | तथ्याङ्क को स्रोत |
|---|---|---|---|---|---|---|
| **१** | **प्रारम्भिक बालविकास शिक्षा** | | | | | |
| १.१ | कूल भर्नादर | ९५.५ | ९६ | १०० | तथ्याङ्क | IEMIS & |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | विश्लेषण | Census |
| १.२ | चार वर्षका बालबालिकाको भर्ना अनुपात | ८० | ९५ | १०० | तथ्याङ्क विश्लेषण | IEMIS & Census |
| १.३ | न्यूनतम योग्यता पुगेका शिक्षक प्रतिशत | ८५ | ९० | १०० | तथ्याङ्क विश्लेषण | IEMIS |
| १.४ | कक्षा १ मा नवप्रवेशी मध्ये प्रारम्भिक बालविकास शिक्षाको अनुभव प्राप्त बालवालिकाको प्रतिशत | ८५ | ९० | १०० | तथ्याङ्क विश्लेषण | IEMIS |
| १.५ | आधारभूत तालिम प्राप्त सहजकर्ता | ५१ | ६० | ७५ | तालिम उपस्थिति | IEMIS |
| **२** | **आधारभूत शिक्षा** | | | | | |
| २.१ | कक्षा १ मा कूल प्रवेशदर | ११०.३ | १०२ | १०० | तथ्याङ्क विश्लेषण | IEMIS & Census |
| २.२ | कक्षा १ मा खुद प्रवेशदर | ९२ | १०० | १०० | | |
| २.३ | कक्षा १-५ कूल भर्नादर | ११२.८ | ११० | १०० | | |
| २.४ | कक्षा १-५ मा खुद भर्नादर | ९५.३ | १०० | १०० | | |
| २.५ | कक्षा १-८ मा कूल भर्नादर | ११५.५ | १०५ | १०० | | |
| २.६ | कक्षा १-८ मा खुद भर्नादर | ९२ | ९६ | १०० | | |
| २.७ | कक्षा १-८ को लैङ्गिक समता सुचकाङ्क | ०.९१ | १ | १ | | |
| २.८ | कक्षा ८ मा टिकाउ दर | ८८.२ | ९२ | ९८ | | |
| २.९ | आधारभूत शिक्षाको तह पूरा गर्ने दर | ७९.३ | ८५ | १०० | | |
| २.१० | ५ देखि १२ वर्ष उमेरका विद्यालय वाहिर रहेका | ५ | ५ | ० | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | बालबालिकाको प्रतिशत | | | | | |
| **३** | **माध्यमिक शिक्षा** | | | | | |
| ३.१ | कूल भर्नादर कक्षा ९-१० | १२०.३ | १०५ | १०० | तथ्याङ्क विश्लेषण | IEMIS & Census |
| ३.२ | खुद भर्नादर कक्षा ९-१० | ७५.५ | ८० | १०० | | |
| ३.३ | कूल भर्नादर कक्षा ९-१२ | ८०.३ | ९० | १०० | | |
| ३.४ | खुद भर्नादर कक्षा ९-१२ | ४५ | ५० | ६० | | |
| ३.५ | कूल भर्नादर कक्षा ११-१२ | ४९.४ | ५५ | ६० | | |
| ३.६ | खुद भर्नादर कक्षा ११-१२ | २४.४ | ३० | ४० | | |
| ३.७ | कक्षा १० सम्मको टिकाउ दर | ६१.७ | ७५ | ८९ | | |
| ३.८ | कक्षा १२ सम्मको टिकाउ दर | २५.८ | ४० | ६० | | |
| ३.९ | कक्षा १ देखि १२ मा खुद भर्नादरको आधारमा लैङ्गिक समता सुचकाङ्क | ०.९५ | ०.९७ | १ | | |
| **४** | **अनौपचारिक शिक्षा तथा निरन्तर सिकाइ** | | | | | |
| ४.१ | ५ वर्ष माथिको साक्षरता दर | ७७.९ | ९० | १०० | तथ्याङ्क विश्लेषण | IEMIS & Census |
| ४.२ | १५ देखि २४ बर्षको साक्षरता दर | ९८.१८ | ९९ | १०० | | |
| ४.३ | १५ वर्ष माथिको साक्षरता दर | ७२.०७ | ८० | ९० | | |
| **५** | **महिला शिक्षक प्रतिशत** | | | | | |
| ५.१ | आधारभूत तह | ७४ | | | IEMIS | IEMIS |
| ५.२ | माध्यमिक तह | ७ | | | IEMIS | IEMIS |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| **६** | **प्राथमिकता प्राप्त न्यूनतम सक्षमता (PMEC) पूरा गरेका विद्यालय प्रतिशत** | | | | | |
| ६.१ | प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्र | ५ | १८ | २८ | अनुगमन प्रतिवेदन | अनुगमन प्रतिवेदन |
| ६.२ | आधारभूत विद्यालय | ५ | १२ | १५ | | |
| ६.३ | माध्यमिक विद्यालय | १ | ५ | ७ | | |
| **७** | **स्थानीय बजेटमा शिक्षा क्षेत्रको बजेटको प्रतिशत** | ३.८९ | ५ | ८ | बार्षिक बजेट | बार्षिक बजेट |

# परिच्छेद ३
# विद्यालय शिक्षा क्षेत्रका मुख्य उपक्षेत्रहरु

## ३.१ प्रारम्भिक बालविकास र शिक्षा

नेपालमा प्रारम्भिक बालविकास कार्यक्रमको सुरुवात सन २००४ सालमा काठमाण्डौमा स्थापना भएको मन्टेश्वरी स्कूलबाट भएको पाइन्छ। मानव जीवनको सुरुवाती अवस्था प्रारम्भिक बाल्यावस्था भनिएको हो । राष्ट्रिय योजना आयोगबाटप्रारम्भिक' बालविकासराष्ट्रियरणनीति (२०७७–२०८८)ले प्रारम्भिक बाल्यावस्थालाई गर्भावस्थादेखि आठ वर्षसम्मको उमेर भनी परिभाषित गरेको छ। बालविकासको मुख्य उद्देश्य गर्भावस्थादेखि पुर्ब बाल्यावस्था सम्मका सम्पूर्ण बालबालिकाहरुको सर्वाङ्गीण विकासका लागि अति आवश्यक तत्वहरु राम्रो स्वास्थ्य, पर्याप्त पोषण, सुरक्षा तथा संरक्षण उत्प्रेरणा तथा सिकाइ एवम संवेदनशील स्याहार उचित पालनपोषणका अवसरहरु प्रदान गर्नु हो। दिगो विकासका १७ ओटा लक्ष्यहरु मध्ये ११ ओटा लक्ष्यहरु प्रत्यक्ष रुपमा प्रारम्भिक बालविकाससँग सम्वन्धित रहेकोले सबै नीति तथा कार्यक्रमले ती लक्ष्यहरुलाई प्राप्त गर्न आपसी समन्वय र सहकार्यमा काम गर्ने वातावरण बन्नुपर्ने देखिन्छ। नेपालको संविधान २०७२, को धारा-३९ मा बालबालिकाको हक अन्तर्गत उपधारा (३) मा प्रत्येक बालबालिकालाई प्रारम्भिक बालविकास तथा बाल सहभागिताको हक हुनेछ भनि उल्लेख गरिएको छ। शिक्षा ऐन,२०२८ आठौं संशोधनले बालविकास शिक्षालाई विद्यालयको संरचना भित्र कायम गरेको छ। राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ ले चार वर्ष उमेर पुरा भएका बालबालिकालाई एक वर्षको प्रारम्भिक बालविकासको अवसर प्रदान गरिने छ भनि उल्लेख गरेको छ साथै नेपालको सोह्रौ योजनामा पनि प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमलाई विद्यालय शिक्षाको अभिन्न अंगको रूपमा विकास गरी सबै बालबालिकाका लागि अनिवार्य गरिनेछ भन्ने रणनीति लिएको पाइन्छ।

प्रारम्भिक बालविकास शिक्षा विद्यालय जाने उमेर पूर्वका बालवालिकाहरुको सर्वाङ्गिण विकासमा सहयोग गरी आधारभूत शिक्षाका लागि तयार गराउने कार्यक्रम शिक्षा हो। सर्वाङ्गिण विकास अन्तर्गत बालबालिकाहरुको शारीरिक, मानसिक तथा बौद्धिक सामाजिक र संवेगात्मक विकास पर्दछन। कुनै एक पक्षको विकास कमजोर हुँदा व्यक्तिको व्यक्तित्व विकासमा बाधा पर्न सक्ने भएकाले बालबालिकामा उल्लेखित सबै पक्षको विकासमा ध्यान दिनु आवश्यक छ। त्यसैले प्रारम्भिक बालविकास शिक्षा कार्यक्रमले बालबालिकालाई लेखपढ गराउने वा अक्षर तथा अंक चिनाउने कार्यमा जोड दिने भन्दा बालबालिकाको सर्वाङ्गिण विकासमा सहयोग गर्नका साथै आधारभूत शिक्षाको लागि तयार गराउन सहयोग गर्नुपर्दछ। प्रारम्भिक बालविकास शिक्षाका कार्यक्रमहरु विभिन्न समयावधिमा सुरु गर्ने भएतापनि चार वर्ष उमेर पुगेका बालवालिकाका लागि एक वर्षको प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रम सञ्चालन गरिने कुरा प्रचलित ऐन कानूनमा उल्लेख गरिएको छ। अतः यस शिक्षालाईविशेष प्राथमिकतामा दिन आवश्यक भएकोले दोगडाकेदार गाउँपालिकाको दश वर्षिय शिक्षाक्षेत्र योजनाको मुख्य अंगको रुपमा राखिएको छ।

### ३.१.१ वर्तमान अवस्था

यस पालिका अन्तरगत जम्मा ६१ वटा बालविकास केन्द्रहरुमध्ये ५४ विद्यालयमा अधारित र ७ समुदायमा अधारित भई सञ्चालनमा रहेका छन। संस्थागत विद्यालय तथा नीजि क्षेत्रबाट सञ्चालित विद्यालयमा प्रारम्भिक बालविकास ३ वर्षे शैक्षिक कार्यक्रमको रुपमा सञ्चालनमा छ भने सामुदायिक विद्यालयहरुमा १ वर्षको प्रारम्भिक बालविकास शिक्षाको कार्यक्रम सञ्चालनमा छ। यी सबै शैक्षिक संस्थाहरुमा कूल ६६३ (३०९ छात्रा र ३५४ छात्र)

जना  बालबालिकाहरु अध्ययनरत छन् । यस गाउँपालिका अन्तर्गत हाल बालविकास शिक्षाको कुल भर्नादर ९५.५ प्रतिशत रहेको छ । कक्षा १ मा प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभव सहितको भर्नादर ८५ प्रतिशत रहेको छ । प्रारम्भिक बालविकास  शिक्षामा  लैङ्गिक समता सुचक ०.८७ रहेको छ । प्रारम्भिक बालविकास शिक्षामा कार्यरत शिक्षकहरु ७३ जना रहेका छन । वर्तमान यस अवस्थालाई विश्लेषण गर्दा प्रारम्भिक बालविकास तथा शिक्षा क्षेत्रमा देहाय बमोजिमका चुनौतिहरु देखिन्छन ।

१. प्रारम्भिक बालविकास उमेर समूहका सबै बालबालिकाहरुलाई प्रारम्भिक बालविकास र शिक्षामा पहुँच पुर्‍याउनु ।
२. सबै प्रारम्भिक बालविकास  केन्द्रहरुको न्यूनतम मापदण्ड पूरा गर्नु ।
३. सबै बालबालिकाहरुको लागि आवश्यक स्वास्थ्य, खोप, पोषण, सरसफाई तथा शुद्ध पिउने पानी जस्ता एकीकृत सेवाहरु उपलब्ध गराउनु,
४. जोखिम र विपदमा  परेका अति विपन्न बालबालिकाका लागि आपतकालीन सेवा सुनिश्चित गर्नु,
५. भर्ना भएका बालबालिकाहरु कक्षामा नियमित उपस्थितिको सुनिश्चितता गर्नु,

**प्रारम्भिक बालविकास तथा शिक्षा क्षेत्रमा देहाय बमोजिमका अवसरहरु देखिन्छन ।**

१. संविधानमा बालबालिकाको हकलाई मौलिक हकको रुपमा स्थापित गरिएको,
२. शिक्षा ऐन २०२८ ले बालविकास शिक्षालाई विद्यालय शिक्षाको रुपमा स्वीकार गरेको,
३. राष्ट्रिय शिक्षा नीति २०७६ ले बालविकास र शिक्षालाई प्राथमिकता दिएको,
४. नेपाल बालअधिकार महासन्धिको पक्ष राष्ट्र भएको,
५. यस क्षेत्रमा अन्तर्राष्ट्रिय  सहकार्यको सम्भावना रहेको,
६. सरकारी तथा गैरसरकारी संघ संस्थाहरु  बालबिकास शिक्षामा लगानी गर्न आकर्षित रहेको,

### ३.१.२ उद्देश्य

१. प्रारम्भिक बालविकास र शिक्षामा सहभागितामूलक पहुँच र सहभागिता सुनिश्चित गर्नु।
२. प्रारम्भिक बालविकास तथा शिक्षामा गुणस्तर सुनिश्चित गर्नु ।
३. सबै बालबालिकाहरुलाई प्रारम्भिक बालशिक्षाको अनुभव सहित कक्षा १ मा प्रवेश गराउनु ।
४. प्रारम्भिक बालविकास शिक्षकहरुको  पेशागत क्षमता विकास गर्नु।

### ३.१.३ रणनीति

योजनाका प्रारम्भिक बालविकास तथा शिक्षा सम्बन्धि उद्देश्यहरु हासिल गर्न निम्नलिखित रणनीतिहरु अबलम्बन गरिने छनः

१. चार वर्ष उमेरका सबै बालबालिकाहरुलाई प्रारम्भिक बालविकासमा भर्ना गर्ने ।
२. प्रारम्भिक बालविकासको न्यूनतम मापदण्ड, पाठ्यक्रम, प्रारम्भिक सिकाइ तथा विकास मापदण्ड, नर्म्स र ढाँचा अनुसार प्रारम्भिक बालविकास तथा शिक्षा सञ्चालन गर्ने ।
३. नमूना बालविकास केन्द्र स्थापना गर्ने ।
४. प्रारम्भिक बालविकास र शिक्षामा लागत सहभागिता अभिवृद्धि गर्ने ।
५. प्रारम्भिक बालविकास र शिक्षाको प्रभावकारिता वृद्धि का लागि परिवार, समुदाय, गैरसरकारी सङ्घसंस्था, निजी क्षेत्र र विद्यालयवीच सहकार्य गर्ने ।

६. बालविकास शिक्षकमा महिलालाई प्राथमिकता दिने।
७. बालविकास शिक्षकको क्षमता विकासका लागि विभिन्न तालिम कार्यक्रम सञ्चालन गर्ने।
८. बालकक्षा व्यवस्थापन, कक्षा सजावट, प्रविधिमा आधारित शैक्षिक सामग्री, बाल उद्यानको व्यवस्थापन गर्ने।
९. बालविकास शिक्षामा भर्ना गर्दा जन्मदर्तालाई अनिवार्य गर्ने।
१०. सबै बालविकास केन्द्रहरुमा आवश्यक पूर्वाधारसहित बालमैत्री तथा छापामय कक्षाकोठा व्यवस्थापन गर्ने।
११. राष्ट्रिय पाठ्यक्रम प्रारुपमा आधारित भई प्रारम्भिक बालविकास तथा शिक्षामा लागि न्यूनतम सिकाइ कार्यघण्टा सुनिश्चित गर्ने।
१२. प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमको प्रभावकारिता वृद्धिका लागि परिवार, समुदाय, गैरसरकारी संघसस्था निजीक्षेत्र र समुदायलाई जिम्मेवार बनाउने।
१३. अनाथ, असहाय, विपन्न र लक्षित वर्गका बालबालिकालाई बालविकास शिक्षाको पहुँचमा ल्याउन सहयोग गर्ने ।
१४. एकीकृत सेवा जस्तैः खोप, पोषण, शिक्षा, संरक्षण तथा समुदायको सहभागितासहित प्रारम्भिक बालविकास केन्द्र सञ्चालनमा सहयोग गर्ने।

**३.१.४ उपलब्धि, नतिजा तथा परिमाणात्मक लक्ष्य**

**उपलब्धि**

१. चार वर्ष उमेरका सबै बालबालिकाहरुलाई प्रारम्भिक बालशिक्षामा भर्ना भएका हुने छन्।
२. प्रारम्भिक बालविकास तहको कूल भर्नादर १०० प्रतिशत पुगेको हुनेछ।
३. प्रारम्भिक बालविकासको न्यूनतम मापदण्ड, पाठ्यक्रम, प्रारम्भिक सिकाइ तथा विकास मापदण्ड, नर्म्स र ढाँचा अनुसार प्रारम्भिक बालविकास तथा शिक्षा सञ्चालन भएको हुने छ।
४. प्रारम्भिक बालविकास शिक्षाको अनुभव सहित कक्षा १ मा भर्ना हुने बालवालिकाहरु १०० प्रतिशत पुगेका हुने छन् ।
५. प्रारम्भिक बालविकास तथा शिक्षाको कार्यान्वयनमा स्थानीय सरकार, परिवार, समुदाय, गैर सरकारी संघ संस्था र विद्यालयहरु जिम्मेवार हुनेछन् ।
६. सबै बालविकास केन्द्रहरुमा आवश्यक पूर्वाधारसहित बालमैत्री तथा छापामय कक्षाकोठा व्यवस्थापन भएका हुने छन्।
७. नमूना बालविकास केन्द्र स्थापना भएका हुने छन्।
८. बालविकास शिक्षकको क्षमता विकासका लागि विभिन्न तालिम कार्यक्रमहरु सञ्चालन भएका हुनेछन्।
९. बालविकास केन्द्रहरुको प्रभावकारी सुपरीवेक्षण, नियमन तथा प्राविधिक सहायताको संयन्त्र स्थापना भएको हुने छ।
१०. एकीकृत सेवा जस्तैः खोप, पोषण, शिक्षा, संरक्षण तथा समुदायको सहभागितासहित प्रारम्भिक बालविकास केन्द्र सञ्चालनमा आएका हुनेछन।

**नतिजा तथा परिमाणात्क लक्ष्य**

| क्र.सं. | सूचक | आधार वर्ष | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | बाँकी ५ |
|---|---|---|---|---|---|---|---|---|

| | | **(२०८१)** | | | | | | **वर्ष २०९१** |
|---|---|---|---|---|---|---|---|---|
| १. | प्रारम्भिक बालविकासमा कुल भर्ना दर (%) | ९५.५ | ९७ | ९८ | ९९ | १०० | १०० | १०० |
| २. | न्यूनतम मापदण्ड पूरा गरेका बालविकास केन्द्र (%) | १५ | २५ | ३५ | ४५ | ५५ | ६५ | १०० |
| ३. | नमूना बालबिकास केन्द्रको संख्या | २ | १० | १५ | २० | २५ | ३० | ५० |
| ४. | तालिम प्राप्त सहजकर्ता (%) | २० | ३० | ४० | ५० | ६० | ७० | १०० |
| ५. | बालविकास केन्द्रका बालमैत्री तथा छापामय कक्षाकोठा (%) | १५ | २५ | ३५ | ४५ | ५५ | ६५ | ८५ |
| ६. | बालविकास शिक्षाको अनुभव सहित कक्षा १ मा भर्ना हुने बालवालिका (%) | ८५ | ८७ | ८९ | ९१ | ९३ | ९५ | १०० |
| ७. | एकीकृत सेवा सञ्चालन गरेका बालविकास केन्द्र (%) | ५ | १५ | २५ | ३५ | ४५ | ५५ | ९० |

**३.१.५ प्रमुख क्रियाकलापका लागि आवश्यक अनुमानित बजेट (रु. लाखमा )**

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | भौतिक लक्ष्य ( पाँच बर्ष) | | | | | | बाँकी ५ वर्षको बजेट | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा | | |
| १ | सहयोगी कार्यकर्ताहरूलाई बालमैत्री तालिम तथा शैक्षिक सामग्री निर्माण कार्यशाला | १० | ५ | ५ | ५ | ५ | ३० | ३० | |
| २ | न्यूनतम मापदण्ड पुरा गरेका बालविकास केन्द्रहरु स्थापना | १० | १० | ५ | ५ | ५ | २५ | २५ | |
| ३ | बालविकास केन्द्रका बालमैत्री तथा छापामय कक्षाकोठाको निर्माण | २ | २ | २ | २ | २ | १० | १० | |
| ४ | विद्यालय भर्ना अभियान कार्यक्रम | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ५ | प्रविधिमैत्री शैक्षिक सामग्रीहरुको व्यवस्थापन | २ | २ | २ | २ | २ | १० | १० | |

## ३.२ आधारभूत शिक्षा

### ३.२.१ वर्तमान अवस्था

दोगडाकेदार गाउँपालिकामा शैक्षिक सत्र २०८१ मा आधारभूत तह (कक्षा १-८) मा जम्मा ४१२० जना विद्यार्थीहरु अध्ययनरत रहेका छन। दोगडाकेदार गाउँपालिकाको वर्तमान अवस्था हेर्दा आधारभूत तह कक्षा १-८ खुद भर्ना दर ९२ प्रतिशत, कूल भर्ना दर ११५.५ प्रतिशत, प्रारम्भिक बालविकासको अनुभवसहित कक्षा १ मा भर्ना भएका बालबालिकाको ८५ प्रतिशत रहेको छ । विद्यालयहरुको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, अपाङ्गमैत्री, सिकाइमैत्री र वातावरणमैत्री पूर्वाधार र सिकाइ सक्षमता भएका विद्यालयहरुको संख्या न्यून भएकोले सो संख्या बढाउनु पर्ने देखिन्छ । आधारभूत तह (१-५) का सबै विद्यार्थीहरु स्थानीय उत्पादनमा आधारित दिवा खाजा कार्यक्रमबाट लाभान्वित भएका छन् । आधारभूत शिक्षामा विद्यालय विद्यार्थी अनुपात १:७६ छ भने शिक्षक विद्यार्थी अनुपात आधारभूत तह (१-५) को १: १७ र आधारभूत तह (१-८) को १:४५ रहेको छ। आधारभूत तहमा

शिक्षक दरबन्दी मिलान गर्नु आवश्यक छ । पाठ्यक्रमको सफल कार्यान्वयनको लागि अध्यापन गर्ने शिक्षकहरुको क्षमता वृद्धि गर्नु अति आवश्यक छ । शिक्षण सिकाइ विधि सुधारका लागि सम्पूर्ण शिक्षकहरुलाई वर्तमान प्रविधिसँग जोड्नु पर्ने छ । उल्लेखित विश्लेषणका आधारमा आधारभूत शिक्षा क्षेत्रमा देहाय बमोजिमका चुनौतिहरु देखिन्छन ।

१. आधारभूत शिक्षा उमेर समूहका सबै बालबालिकाहरुको शिक्षामा पहुँच तथा सहभागिता सुनिश्चित गर्नु ।

२. आधारभूत शिक्षा निःशुल्क तथा अनिवार्य गर्नु ।

३. आधारभूत तहको शैक्षिक गुणस्तर सुधार गरी विद्यार्थीको सिकाइ उपलब्धिको वृद्धि गर्नु ।

४. खुद भर्ना दर शतप्रतिशत पुर्‍याउनु, कक्षा दोहोर्‍याउने र छोड्ने दर शून्यमा झार्नु ।

५. लैङ्गिक समता कायम गर्नु ।

६. बालमैत्री अपाङ्गमैत्री, सिकाइमैत्री  र वातावरणमैत्री भौतिक पूर्वाधार विकास गर्नु ।

७. शिक्षकहरुको विषयगत र कक्षागत दरबन्दीको व्यवस्था मिलाउनु ।

८. पोषण, स्वास्थ्य तथा दिवा खाजा लगायत विद्यार्थी सहायता प्रणालीको प्रभावकारीता वृद्धि गर्नु ।

९. विद्यार्थी मूल्याङ्कनलाई सिकाइ क्रियाकलापको अभिन्न अङ्गको रुपमा विकास गर्नु र आधारभूत तहको परीक्षा प्रणालीमा सुधार गरी परीक्षालाई विश्वसनीय र वैध बनाउनु ।

१०. शैक्षिक सुशासन तथा जवाफदेहिताको प्रत्याभूति गर्नु ।

### ३.२.२ उद्देश्य

१ अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको प्रभावकारी कार्यान्वयन गरी यस तहको शिक्षामा सबैको समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्नु ।

२ आधारभूत शिक्षा पूरा गरेका सबै बालबालिकाहरुमा न्यूनतम सिकाइ उपलब्धि हासिल हुने अवस्था सुनिश्चित गर्नु र सिकाइलाई दैनिक जीवनसँग सम्बन्धित गराउनु ।

३ आधारभूत शिक्षामा शैक्षिक गुणस्तर सुनिश्चितगर्नु ।

४ आधारभूत तहको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री,अपाङ्गमैत्री, सिकाइमैत्री, वातावरणमैत्री, भयरहित र सुरक्षित बनाउनु ।

### ३.२.३ रणनीति

१. विद्यालय नक्साङ्कन, पुनर्वितरण तथा समायोजन गर्ने ।

२. विद्यालय बाहिर रहेका विद्यालय उमेरका बालबालिकाको विवरण संकलन गरि पहुँच सुनिश्चित गर्नका लागि विभिन्न प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन गर्ने ।

३. विद्यालय छोड्ने, कक्षा दोहोर्‍याउने दर घटाउने तथा खूद भर्ना दर, तह पूरा गर्ने दरमा वृद्धि गर्न बालबालिकाहरुको अवस्था पहिचान गरी लक्षित कार्यक्रमहरु सञ्चालन गर्ने ।

४. सामुदायिक विद्यालयमा नेपाल सरकाबाट प्राप्त दरबन्दीको मिलान तथा पुनर्वितरण गरी अपुग रहेका विद्यालयहरु विद्यार्थी संख्या र विषयगत आधारमा दरबन्दी थप गर्न नेपाल सरकार समक्ष पहल गर्ने ।

५. विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघका पदाधिकारीहरुको क्षमता विकास कार्यक्रम र अभिभावक शिक्षा सञ्चालन गर्ने ।

६. विद्यालयमा खानेपानी, शौचालय र सरसफाइका संरचनाहरु तथा दिवा खाजा पकाउने भान्साकोठाहरु निर्माण तथा व्यवस्थापन गर्ने ।

७. आधारभूत तह उमेर समूहका विद्यालय बाहिर रहेका बालबालिकालाई औपचारिक शिक्षा भित्र सहभागी गराउन वैकल्पिक शिक्षण सिकाइ कार्यक्रम सञ्चालन गर्ने ।

८. विद्यालयहरूमा प्रविधिमैत्री, सुरक्षित,बालमैत्री, अपाङ्गमैत्री भौतिक पूर्वाधार विकास गरी सबै बालबालिकाका लागि सिकाइमैत्री वातावरण तयार गर्ने ।

९. प्रत्येक बालबालिकालाई आत्म सम्मानपूर्वक सिक्ने वातावरण निर्माण गर्न सम्बन्धित विद्यालयका शिक्षक र विद्यालय व्यवस्थापन समितिलाई जिम्मेवार बनाउने ।

१०. आधारभूत तहमा न्यूनतम सिकाइ उपलब्धि हासिल गर्न शिक्षकलाई प्रधानाध्यापक र प्रधानाध्यापकलाई स्थानीय तहप्रति जवाफदेहि वनाउने ।

११. शिक्षकहरुका लागि शिक्षण विधि र प्रविधि सम्बन्धी क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गर्ने ।

१२. कार्य सम्पादनका आधारमा शिक्षकहरुलाई प्रोत्साहन प्रदान गर्ने ।

१३. आवश्यकताका आधारमा आधारभूत विद्यालयहरुमा भौतिक सुविधा विस्तारका कार्यक्रमहरू सञ्चालन गर्ने ।

१४. विद्यालयको नियमित सुपरिवेक्षण, अनुगमन तथा मूल्याङ्कन प्रभावकारी बनाई शिक्षक तथा विद्यालयलाई आवश्यक प्राविधिक सहायता प्रदान गर्ने ।

१५. स्थानीय भाषा, कला, संस्कृति, सभ्यताको जगेर्ना, जीवनोपयोगी सिप, व्यावहारिक सिप र मूल्यमा आधारित शिक्षाको विकास गर्न स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयन गर्ने ।

१६. प्रत्येक विद्यालयमा विद्यालय सुधार योजना निर्माण तथा अद्यावधिक गर्न लगाई सोको कार्यान्वयन गर्ने ।

१७. विद्यालय शिक्षालाई प्रकोप संकट तथा माहामारी तथा जलवायु परिवर्तन लगायतका परिस्थितिप्रति उत्थानशील बनाउने योजना तयार गरि कार्यान्वयन गर्ने ।

१८. विद्यालयमा बाल उद्यान, फुलबारी, करेसाबारी, वृक्षारोपण आदिजस्ता कार्यक्रम सञ्चालन गर्ने ।

### ३.२.४ उपलब्धि, नतिजा तथा परिमाणात्मक लक्ष्य

**उपलब्धि**

१. आधारभूत शिक्षामा सबै बालबालिकाको पहुँच सुनिश्चित भएको हुने छ ।

२. आधारभूत तहको खुद भर्नादर सत प्रतिशत पुगेको हुने छ ।

३. आधारभूत शिक्षाको गुणस्तर अभिवृद्धि भएको हुने छ ।

४. आधारभूत तहमा विद्यालय छोड्ने दर र कक्षा दोहोर्‍याउने दरमा कमि आइ कक्षा उत्तीर्ण दर शतप्रतिशत पुगेको हुनेछ ।

५.विद्यालयहरूमा बालमैत्री, अपाङ्गमैत्री, सिकाइमैत्री, वातावरणमैत्री, भयरहित र सुरक्षित भौतिक पूर्वाधार विकास हुने छ ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र. स. | सूचक | आधार वर्ष २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | बाँकी ५ वर्षको लक्ष्य |
|---|---|---|---|---|---|---|---|---|
| १. | आधारभूत तहको खुद | ९२ | ९३ | ९४ | ९५ | ९६ | ९७ | १०० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | भर्नादर (%) | | | | | | | |
| २. | आधारभूत तह पूरा गर्ने दर (%) | ७९.३ | ८२ | ८५ | ८८ | ९१ | ९४ | १०० |
| ३. | न्यूनतम सिकाइ सबलीकरण मापदण्ड पूरा गरेका आधारभूत तहका विद्यालय (%) | ५ | १० | १५ | २० | २५ | ३० | ५० |
| ४. | आधारभूत तह मा विद्यालय बाहिर रहेका बालबालिकाको सङ्ख्या | २५ | २० | १५ | १० | ५ | ० | ० |
| ५ | आधारभूत तहमा तालिम प्राप्त शिक्षक (%) | ४० | ५० | ६० | ७० | ८० | ९० | १०० |
| ६ | बालमैत्री, अपाङ्गमैत्री, सिकाइमैत्री, वातावरणमैत्री, भयरहित र सुरक्षित भौतिक पूर्वाधार भएका विद्यालय (%) | १० | १५ | २० | २५ | ३० | ३५ | ६० |
| ७ | DPRP बनाई कार्यान्वयन गर्ने विद्यालय (%) | ५ | २० | २५ | ३० | ४० | ४५ | ७० |
| ८ | विद्यालय सुधार योजना निर्माण, अद्यावधिक गरी कार्यान्वयन गर्ने विद्यालय (%) | १५ | २५ | ३५ | ४५ | ५५ | ६५ | ९५ |

**तालिका ३.२.५ प्रमुख क्रियाकलापहरु सञ्चालन गर्न अनुमानित बजेट (रु. लाखमा)**

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | आवश्यक बजेट अनुमानित (शुरुका ५ बर्षको) | | | | | | बाँकि ५ बर्ष बजेट | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | भर्ना अभियान | १ | १ | १ | १ | १ | ५ | ५ | संघ, |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २ | भौतिक पूर्वाधार व्यवस्थापन | २० | २० | २० | २० | २० | १०० | १०० | प्रदेश, स्थानीय सरकार र सहयोगी संस्था |
| ३ | सिकाइ उपलब्धि परीक्षण | २ | २ | २ | २ | २ | १० | १० | |
| ४ | बिषयगत क्षमता विकास | ५ | ५ | ५ | ५ | ५ | २५ | २५ | |
| ५ | परीक्षा व्यवस्थापन | २ | २ | २ | २ | २ | १० | १० | |
| ६ | शिक्षक तालिम | २ | २ | २ | २ | २ | १० | १० | |
| ७ | अभिमुखीकरण | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ८ | DPRP निर्माण | २ | २ | २ | २ | २ | १० | १० | |
| ९ | विद्यालय सुधार योजना निर्माण तथा अद्यावधिक | १ | १ | १ | १ | १ | ५ | ५ | |

### ३ ३.माध्यमिक शिक्षा

नेपालको विद्यालय शिक्षाको संरचना मध्ये कक्षा ९ देखि १२ सम्मको चार वर्षको शिक्षालाई माध्यमिक शिक्षाको तह भन्ने कुरा ऐन कानूनमा उल्लेख गरिएको छ। नेपालको संविधानले शिक्षालाई नागरिकको मौलिक हकको रुपमा परिभाषित गर्दै माध्यमिक शिक्षा निःशुल्क हुने व्यवस्था गरेको छ। माध्यमिक शिक्षाका धारहरु साधारण, परम्परागत र प्राविधिक तथा व्यावसायिक धार हुन। यस तहमा एकलपथिय पाठ्यक्रमको नीति अबलम्बन गर्ने गरिएको छ। मानविय मूल्य, मान्यता र लोकतान्त्रिक संस्कार अबलम्बन गर्दै राष्ट्र र राष्ट्रियताको प्रवर्धनका लागि सचेत नागरिकको जिम्मेवारी वहन गर्न सक्ने, विविधता, सद्भाव र सह अस्तित्वलाई आत्मसात गर्दै सभ्य, सुसंस्कृत र समतामूलक समाज निर्माणका लागि भूमिका निर्वाह गर्न सक्ने, दैनिक जीवनमा भाषिक एवं सञ्चारका साथै गणितीय सीपको प्रयोग गर्न सक्ने, श्रमप्रति सम्मान गर्दै कामको संसारमा प्रवेश गर्न सक्ने, प्राकृतिक एवं सामाजिक घटनाको विश्लेषण गर्दै सकारात्मक व्यवहार प्रदर्शन गर्ने जस्ता सक्षमताहरु यस तहमा अध्ययन गर्ने विद्यार्थीहरुका लागि तोकिएका छन। साथै विद्यार्थीहरुको मूल्याङ्कन एवम् स्तर निर्धारणका लागि राष्ट्रिय परीक्षा बोर्ड अन्तर्गत कक्षा १० को अन्तिम परीक्षा प्रदेश स्तरबाट र कक्षा १२ को अन्तमा लिईने परीक्षा संघबाट सञ्चालन हुने व्यवस्था छ। १६ औं योजनाले माध्यमिक शिक्षामा निःशुल्क पहुँच सुनिश्चित गरी शिक्षालाई गुणस्तरीय, जीवनोपयोगी र प्रविधिमैत्री बनाउने कुरामा जोड दिएको छ भने शिक्षा नीति २०७६ ले गुणस्तरीय माध्यमिक शिक्षामा सबैको निःशुल्क पहुँच सुनिश्चित गर्दै सिर्जनशिलता, रचनात्मकता, अध्ययनशीलता, सकारात्मक चिन्तन र सदाचार जस्ता गुण सहितको प्रतिस्पर्धी, सीपयुक्त एवं उत्पादनशील जनशक्ति तयार गरिने उद्देश्य राखेको छ।

१६ औं योजनाले माध्यमिक शिक्षालाई वृति विकास र उच्च शिक्षालाइ उद्धम तथा रोजगार केन्द्रित,**" पढ्दै कमाउदै र कमाउदै पढ्दै**" अबधारणा उल्लेख गरिएको छ। साथै यस योजनाले माद्यमिक शिक्षामा खोज अनुसन्धान विकासमा आधारित नविनत्तम व्यवहारिक प्रयोगात्मक, सीपयुक्त र जीवनोपयोगी शिक्षाको प्रवर्द्धन

गरिनेछ नीति लिईएको छ । उच्च शिक्षालाई आधारभूत शिक्षासँग जोड्ने मुख्य सेतु पनि माध्यमिक तहको शिक्षा नै हो ।

### ३.३.१ वर्तमान अवस्था

दोगडाकेदार गाउँपालिकामा शैक्षिक सत्र २०८१ सम्ममा कक्षा १-१२ सम्म सञ्चालन भएका सामुदायिक विद्यालयहरु ६ वटा रहेका छन । माध्यमिक तहको लैङ्गिक समता सुचकाङ्क ०.९५ प्रतिशत रहेको छ । यस तहमा शैक्षिक सत्र २०८१ मा जम्मा १०९९ जना विद्यार्थीहरु सामुदायिक विद्यालयहरुमा अध्ययनरत रहेका छन । दोगडाकेदार गाउँपालिकाको वर्तमान अवस्था केलाएर हेर्दा माध्यमिक तहकक्षा ९-१२ को खूद भर्ना दर ४५ प्रतिशत, कूल भर्ना दर ८०.३ प्रतिशत रहेको छ । विद्यालयहरुको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, समावेशी र सुरक्षित बनाउन आवश्यक देखिन्छ । माध्यमिक तहमा विद्यालय छोड्ने र दोहोर्‍याउने दरलाई कम गर्नु अति जरुरी देखिन्छ । पाठ्यक्रमको सफल कार्यान्वयनको लागि सो तहमा अध्यापन गर्ने शिक्षकहरुको क्षमता वृद्धि गर्नु आवश्यक छ । शिक्षण सिकाइ विधि सुधारका लागि सम्पूर्ण शिक्षकहरुलाई वर्तमान प्रविधिसँग जोड्नु अति आवश्यक देखिन्छ । संविधानले माध्यमिक शिक्षा निःशुल्क भनेको भएतापनि हाल माध्यमिक तहको शिक्षा पुर्ण रुपमा निःशुल्क गर्न सकिएको छैन । शिक्षक तथा कर्मचारीका लागि तालिम तथा अध्ययन भ्रमण, प्रधानाध्यापकहरुको लागि नेतृत्व विकास सम्बन्धी तालिमहरु पर्याप्त रूपमा सञ्चालन गर्न सकिएको छैन । विभिन्न ढंगले विकास गरिएको व्यक्तिगत क्षमतालाई संस्थामा प्रयोग गर्न सकिएको अवस्था छैन । सूचना तथा सञ्चार प्रविधिमा आधारित व्यवस्थापन प्रणालीलाई अझै लागु गर्नुपर्ने आवश्कता छ । राम्रो नेतृत्व भएका विद्यालयहरुको व्यवस्थापन प्रभावकारी भएकोले प्रधानाध्यापकहरुको नेतृत्व विकास सम्बन्धी तालिमहरु सञ्चालन गर्नु अति आवश्यक छ । माध्यमिक तहमा विषयगत शिक्षक तथा दरवन्दि पर्याप्त छैनन् । उल्लेखित विश्लेषणका आधारमा माध्यमिक शिक्षा क्षेत्रमा देहाय बमोजिमका चुनौतिहरु देखिन्छन ।

१. माध्यमिक तहसम्मको शिक्षा पूर्ण रुपमा निःशुल्क गर्ने ।
२. प्राविधिक तथा व्यवसायिक माध्यमिक शिक्षाको विस्तार गर्ने ।
३. कक्षा १० उत्तीर्ण गरेका विद्यार्थीहरुको कक्षा ११ मा भर्नादर बढाउने ।
४. सूचना तथा सञ्चार प्रविधिमा शिक्षक तथा विद्यार्थीहरुको पहुँच विस्तार गर्ने ।
५. सिकाइको गुणस्तर सुधार गरी सिकारु सिकाइमा सुधार ल्याउने ।
६. शिक्षकको पेशागत वृत्ति विकास गर्ने ।
७. विषयगत शिक्षक दरवन्दिको व्यवस्थापन गर्ने ।
८. सामुदायिक र संस्थागत विद्यालयबीच रहेको शैक्षिक गुणस्तरको अन्तर कम गर्ने ।
९. विद्यालय शिक्षामा संघ, प्रदेश र स्थानीय तहको साझा तथा विशिष्टिकृत भूमिका सुस्पष्ट ढंगले परिभाषित गर्ने ।
१०. विद्यालयमा न्यूनतम भौतिक तथा शैक्षिक गुणस्तर सुनिश्चित गर्ने ।

### ३.३.२ उद्देश्य

१ माध्यमिक शिक्षामा सबैको पहुँच विस्तार तथा गुणस्तरीय शिक्षा प्रदान गर्नु ।
२ माध्यमिक शिक्षामा खुद भर्नादर तथा टीकाउ दर बढाउनु ।
३ निःशुल्क माध्यमिक शिक्षाको कार्यान्वयन गर्नु ।
४ विद्यालय शिक्षाको शासकीय र व्यवस्थापकीय प्रबन्धमा सुधार गरी विद्यालय पद्धतिलाई विविधता अनुकूल, उत्थानशील र जवाफदेही बनाउनु ।

५ प्राविधिक तथा व्यवसायिक शिक्षाको क्षेत्र विस्तार गरी स्वरोजगार, उद्यमशील र देश निर्माणको लागि योग्य र मूल्यमा आधारित जनशक्ति उत्पादन गर्नु।

६ उच्च शिक्षा अध्ययनका लागि योग्य तथा र स्वःपहिचान सहितको जनशक्ति उत्पादन गर्नु।

७ माध्यमिक तहको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, सिकाइमैत्री, समावेशी र सुरक्षित बनाउनु।

**३.३.३ रणनीति**

१. जोखिममा परेका, विपन्न, दलित तथा अन्य पिछडिएको वर्गका विद्यार्थीहरूको सिकाइ आवश्यकता सम्बोधन गर्न सिकाइ सामग्री लगायतका सहयोग कार्यक्रमहरू सञ्चालन गरिनेछ।

२. कक्षा दोहोऱ्याउने र अनुत्तीर्ण हुने विद्यार्थीहरूको संख्या क्रमशः घटाउन उपचारात्मक शिक्षण विधि अपनाइनेछ।

३. प्राथमिकताको आधारमा विद्यालयमा आवश्यक न्यूनतम भौतिक पूर्वाधार (जस्तै भवन, शौचालय, खानेपानी) को व्यवस्थाका लागि प्रदेश तथा संघीय सरकारहरूसँग समन्वय गरिनेछ।

४. "आफ्नो विद्यालय आफैं बनाऔं" भन्ने नारालाई आत्मसात गर्दै भौतिक निर्माण कार्यमा समुदायको लागत सहभागिता प्रोत्साहित गरिनेछ।

५. आन्तरिक विद्यार्थी मूल्याङ्कनको प्रभावकारी प्रयोगमार्फत मूल्याङ्कन प्रणालीलाई सिकाइ सुधारको औजारको रूपमा प्रयोग गरिनेछ।

६. शिक्षक तथा विद्यार्थीको सक्रिय सहभागितामा शैक्षिक सामग्रीको विकास तथा विस्तार गरिनेछ।

७. प्रत्येक शिक्षकले शिक्षण सुधार योजना अनिवार्य रूपमा तयार गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था गरिनेछ।

८. शिक्षणमा विद्यार्थी केन्द्रित विधि तथा परियोजना कार्यलाई प्राथमिकता दिइनेछ।

९. लागत सहभागिताको आधारमा प्रत्येक विद्यालयमा प्रविधियुक्त शिक्षण-सिकाइलाई उच्च प्राथमिकता दिइनेछ।

१०. शिक्षकले कक्षाकोठामा बिताउने न्यूनतम समय सुनिश्चित गर्न विशेष कार्यविधि तयार गरी कार्यान्वयनमा ल्याइनेछ।

११. माध्यमिक तहमा साधारण धारसँगै अतिरिक्त रूपमा प्राविधिक तथा व्यावसायिक धारसमेत सञ्चालन गरिनेछ।

**३.३.४ नतीजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.सं. | सूचक | आधार वर्ष २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | बाँकी ५ वर्षको लक्ष्य |
|---|---|---|---|---|---|---|---|---|
| १ | माध्यमिक तह को खुद भर्दा दर | ४५ | ५० | ५५ | ६० | ६५ | ७० | ९५ |
| २ | माध्यमिक तह को कुल भर्नादर | ८०.३ | ८५ | ९० | ९५ | १०० | १०० | १०० |
| ३ | न्यूनतम भौतिक पूर्वाधार भएका विद्यालय (%) | ५० | ५५ | ६० | ६५ | ७० | ७५ | १०० |
| ४ | न्युनतम सिकाइ सवलिकरण मापदण्ड पूरा गरेका माध्यमिक विद्यालय संख्या | १५ | २५ | ३५ | ४५ | ५५ | ६५ | १०० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ५ | तालिम प्राप्त शिक्षक (%) | | | | | | | |
| ६ | बालमैत्री, अपाङ्गमैत्री, सिकाइमैत्री, वातावरणमैत्री, भयरहित र सुरक्षित भौतिक पूर्वाधार भएका विद्यालय (%) | १० | २० | ३० | ४० | ५० | ६० | ८० |
| ७ | DPRP बनाई कार्यान्वयन गर्ने विद्यालय (%) | १५ | २५ | ३५ | ४५ | ५५ | ६५ | ९५ |
| ८ | विद्यालय सुधार योजना निर्माण, अद्यावधिक गरी कार्यान्वयन गर्ने विद्यालय (%) | ३० | ४० | ५० | ६० | ७० | ८० | १०० |
| ९ | विद्यालय विकासमा अभिभावकको संलग्नता (%) | २० | ३० | ४० | ५० | ६० | ७० | १०० |

**३.३.५. प्रमुख क्रियाकलापहरु सञ्चालन गर्ने अनुमानित बजेट (रु. लाख)**

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | आवश्यक बजेट अनुमानित (शुरुका ५ बर्षको) | | | | | | बाँकि ५ बर्ष बजेट | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | भर्ना अभियान | १ | १ | १ | १ | १ | ५ | ५ | संघ, प्रदेश, स्थानीय सरकार र सहयोगी संस्था |
| २ | भौतिक पूर्वाधार व्यवस्थापन | २० | २० | २० | १० | १० | ८० | ८० | |
| ३ | सिकाइ उपलब्धि परीक्षण | २ | २ | २ | २ | २ | १० | १० | |
| ४ | बिषयगत क्षमता विकास | २ | २ | २ | २ | २ | १० | १० | |
| ५ | परीक्षा व्यवस्थापन | २ | २ | २ | २ | २ | १० | १० | |
| ६ | शिक्षक तालिम | २ | २ | २ | २ | २ | १० | १० | |
| ७ | अभिमुखीकरण | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ८ | DPRP निर्माण | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ९ | विद्यालय सुधार योजना निर्माण तथा अद्यावधिक | १ | १ | १ | १ | १ | १ | ५ | |

### ३.४ प्राविधिक तथा व्यावसायिक शिक्षा

शिक्षालाई उत्पादनसँग जोडी प्रयोगात्मक कार्यको माध्यमबाट ज्ञान हासिल गरी श्रम बजारमा विक्ने नागरिक उत्पादन गर्ने काम प्राविधिक शिक्षाले गर्दछ। यो शिक्षा समाज र समग्र मुलुकको समृद्धिसँग जोडिएको हुन्छ। त्यसैले पनि हाम्रो जस्तो बसी बसी खानलाई पढ्नु पर्छ भन्ने मानसिकता बोकेका समाजमा गरीखाने शिक्षालाई प्राथमिकता दिएर कार्यान्वयन नगर्दासम्म मुलुकको समुन्नति सम्भव देखिदैन। सरकारले प्राविधिक तथा व्यावसायिक शिक्षाको विकास र विस्तारलाई उच्च प्राथमिकता राखेर स्थानीय तहसम्म यसको पहुँच विस्तार गरी सिपयुक्त दक्ष जनशक्ति उत्पादन गरेर स्वदेशमै रोजगारीको विकास गराउन सहयोग गर्नु पर्दछ । त्यसैले प्राविधिक तथा व्यावसायिक शिक्षा र सिप विकास आजको आवश्यकता हो । प्राचीन कालदेखि नै अनौपचारिक रूपमा सिकेका सिपलाई उपयोग गर्दै व्यवसाय गरेको पाइन्छ । लिच्छवी काल, मल्लकाल तथा राणाकालमा विभिन्न कार्य गर्दै विदेशमा समेत नेपालमा उत्पादित सामग्री व्यापकता तथा तालिम लिनसमेत विदेश पठाउने कार्य गरेको थियो । राणाकालीन तथा शाहकालीन समयमा पनि कालीगडी व्यवसायले व्यापकता पाएको र वेलायतबाट कालीगडहरू झिकाइ नेपालीहरूलाई डकर्मी, सिकर्मी जस्ता तालिमहरू दिइएको थियो । औपचारिक रूपमा स्थापित प्राविधिक तथा व्यावसिक शिक्षाको सुरूवात वि.सं. १९९९ सालमा स्थापित प्राविधिक तालिम शिक्षालय हाल इन्जिनियरिङ्ग कलेजबाट भएको थियो । नेपालमा विद्यालय शिक्षालाई जीवनोपयोगी बनाउने उद्धेश्यले विद्यालय तहमा व्यावसायिक सिप र ज्ञान सिकाउने प्रयास वि.सं. २००४ सालदेखि नै सुरू भएको हो।

शिक्षालाई सिपसँग, सिपलाई रोजगारी र उत्पादनसँग र उत्पादनलाई बजारसँग जोड्न सक्ने शिक्षा प्रणालीको विकास र विस्तार गर्न आवश्यक छ । विद्यालय शिक्षाको अन्तिम तह माध्यमिक तहको शिक्षाले नागरिकलाई जीवन निर्वाह गरेर खाने सक्ने आधारभूत व्यावसायिक सिप र दक्षता सहितको श्रम शिक्षा दिन जरूरी छ। माध्यमिक तहको शिक्षाको उत्पादन कम्तिमा पनि स्थानीय स्तरमा उपलब्ध स्रोत साधनमा आधारित व्यावसायिक र उद्यमशीलताको माध्यमबाट श्रम गरेर जीवनयापन र आय आर्जनमा संलग्न भई आत्मनिर्भर र स्वाबलम्बी बन्न सक्ने हुनुपर्छ । अहिलेको मुलुकमा जनसङख्याको २८.६ % बहुआयामिक गरीबीको मारमा परेका छन । यसको प्रमुख कारण देशमा उपलब्ध मानव संशाधनको व्यवस्थापन र विकासका लागि योजनाबद्ध रूपमा काम हुन नसक्नुलाई लिन सकिन्छ।

राष्ट्रिय शिक्षा नीति २०७६ ले श्रम बजारको आवश्यकताको आधारमा सिप नक्साङ्कन गरी तोकिएको मापदण्डको आधारमा सबै स्थानीय तहमा प्राविधिक तथा व्यावसायिक शिक्षा र सिप प्रदायक संस्थाहरूको स्थापना गरिनेछ भन्ने कुरा अघि सारेको छ। त्यसरी नै प्रत्येक प्रदेशमा कम्तिमा एउटा प्राविधिक तथा व्यावसायिक शिक्षा र सिप विकासका विषयगत प्रयोगशाला सहितका अनुसन्धानकेन्द्रहरू स्थापना गरिनेछ भनि उक्त नीतिमा उल्लेख गरिएको छ। नेपालको आवधिक योजनाहरूले पनि निजी क्षेत्र, गैरसरकारी क्षेत्र, स्थानीय निकाय र विकास साझेदारहरुसँगको सहकार्यमा शिक्षा र तालिमका अवसरहरू विस्तार गरिनेछ रणनीति लिइएको पाइन्छ । जीवनोपयोगी शिक्षा र सिपमूलक तालिमलाई मानवीय क्षमता र दक्षता अभिबृद्धि गर्ने सामाजिक तथा आर्थिक रूपान्तरणको आधारशिला मानिएको छ। राष्ट्रिय योजना आयोगले मुलुकलाई राष्ट्रिय श्रम बजारलाई लक्षित गरी प्राविधिक शिक्षा तथा तालिमका कार्यक्रमहरूको विस्तार गरी आवश्यकता भएका इन्सिच्युटहरू खोल्ने, शिक्षालय, तालिमकेन्द्रहरू स्थापना गरी कार्यक्रमहरू सञ्चालन गर्ने नीति अख्तियार गरेको छ। प्राविधिक शिक्षा र तालिमका कार्यक्रमहरूमा द्धन्द्ध पीडित, सहिद परिवार, पछाडि पारिएका वर्ग, आदिवासी, जनजाति, मुसलमान, महिला र पिछडिएका क्षेत्रलाई प्राथमिकता राखी प्राविधिक शिक्षा र घुम्ति तालिमहरू सञ्चालन गर्ने कार्यक्रम राज्यले अगाडि सारेको छ।

**३.४.१ वर्तमान अवस्थाः**

नेपालको संविधान धारा-३० मा रोजगारीको हकअन्तर्गत प्रत्येक नागरिकलाई रोजगारीको हक हुने, धारा ५१ को ज १ मा शिक्षालाई वैज्ञानिक प्राविधिक, व्यावसायिक, सिपमूलक, रोजगारमूलक एवम् जनमुखी बनाउँदै सक्षम, प्रतिस्पर्धी, नैतिक एवम राष्ट्रप्रति समर्पित जनशक्ति तयार गर्ने, यस्तै शिक्षा २०२८ (संशोधनसहित) ले विद्यालय शिक्षालाई प्रारम्भिक बालविकासदेखि कक्षा १२ सम्म परिभाषित गरी माध्यमिक शिक्षा ९-१२ मा प्राविधिक र व्यावसायिक धारको व्यवस्था गरेको छ । राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ ले श्रमप्रतिको सम्मान एवं सकारात्मक सोच भएका रोजगार तथा स्वरोजगार उन्मूख उत्पादनमुखी, उद्यमशील र सिपयुक्त नागरिक तयार गरिनेछ भन्ने उद्देश्य राखी थप एक वर्ष अवधिको प्राविधिक र व्यावसायिक धार तर्फ व्यवहारिक अभ्यास व्यवस्था गरेको छ । विद्यालयमा प्राविधिक तथा व्यावसायिक शिक्षा सञ्चालन निर्देशिका २०६९( दोस्रो संशोधन) कार्यमूलक, व्यवहारिक प्राविधिक तथा व्यावसायिक सिपयुक्त जनशक्ति उत्पादन गरिनेछ कुरा उल्लेख गरिएको छ । पन्ध्रौं योजनाले पनि शिक्षालाई मौलिक हकको रूपमा प्रत्याभुत गरी आधारभूत तहको शिक्षालाई अनिवार्य र निःशुल्क गरिनेछ र शिक्षालाई रोजगारीमूलक बनाउने सिपमुलक तथा व्यावसायिक शिक्षाको विस्तार गरी लगानीमा वृद्धि गरी प्राविधिक शिक्षालाई हरेक स्थानीय तहसम्म सर्वसुलभ गरिने कुरामा जोड दिएको थियो भने चालू १६औं योजनामा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट २०७८ मा प्रकाशित तथ्याङ्कलाई हेर्दा केही समय यता प्राविधिक तथा व्यावसायिक शिक्षाका कार्यक्रमहरूको सङख्यात्मक रूपमा निकै विस्तार भएको छ । CTEVT को केन्द्रको संरचना र ७ ओटा प्रदेश कार्यालयहरू बाहेक ६१ ओटा आङ्गिक पोलिटेक्निक्स, २० ओटा साझेदारीमा सञ्चालित पोलिटेक्निक्स शिक्षालयहरू, ५६३ ओटा सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा, ४२१ ओटा सम्बन्धन प्राप्त नीजि शिक्षालयहरू र ११४० ओटा छोटो अवधिका निजी तालिम प्रदायक संस्थाहरू देश भरि विस्तार गरिएका छन ।

नेपालमा हाल विभिन्न १२ ओटा विषयगत मन्त्रालयहरूले प्राविधिक शिक्षा र सिपमूलक तालिमसँग सम्बन्धित रोजगारमूलक तथा स्वरोजगार सिर्जना गर्ने कार्यक्रमहरू सञ्चालन गर्दै आएका छन । जसमध्ये पनि ६ ओटा मन्त्रालयहरू (कृषि तथा पशुपन्छी विकास, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन, शिक्षा विज्ञान तथा प्रविधि र स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, श्रम तथा रोजगार र उद्योग तथा वाणिज्य) ले मुख्यरूपमा प्राविधिक शिक्षा र तालिमका कार्यक्रमहरू सञ्चालन गरेको देखिन्छ ।

दोगडाकेदार गाउँपालिका अन्तर्गत कुनै पनि विद्यालयमा प्राविधिक विषयको पठन पाठन सञ्चालनमा छैन ।

स्रोह योजनाको दीर्घकालीन सोचःसमृद्ध नेपाल सुखी नेपालीको नारालाई साकार वनाउन विद्यालय तह देखि नै प्राविधिक तथा व्यावसायिक शिक्षा सञ्चालन गर्नुपर्दछ ।

**चुनौतीहरु**

१. आजको पुस्तालाई कार्यक्षमता हासिल गराई रोजगारीको संसारसँग प्रभावकारी रूपमा जोड्ने चुनौती ।

२. प्राविधिक तथा व्यावसायिक शिक्षामा सबै वर्ग र समुदायको पहुँच सुनिश्चित गर्न ।

३. आवश्यक स्रोत साधनको अपर्याप्तता तथा प्रभावकारी व्यवस्थापनको अभाव ।

४. शिक्षणको माध्यम अंग्रेजी भएको कारण सबै विद्यार्थीका लागि समान पहुँचमा चुनौती ।

५. प्राविधिक तथा व्यावसायिक शिक्षकको दिगो व्यवस्थापन गर्न कठिनाइ ।

**३.४.२ उद्देश्य**

१. प्राविधिक तथा व्यावसायिक शिक्षा तथा सिप विकासका कार्यक्रमहरूमा सबैको पहुँच विस्तार गर्नु ।

२. प्राविधिक तथा व्यावसायिक शिक्षा तथा सिप विकासका अवसरहरू सिर्जना गर्ने आवश्यक नीतिगत र कार्यान्वयन संयन्त्रहरूको विकास गर्नु।

३. सिप विकासका अवसरहरूलाई सान्दर्भिक, उपयोगी र गुणस्तरीय बनाउँदै सामाजिक तथा श्रम बजारसँग सुसंगत शिक्षा प्रणाली निर्माण गर्नु।

**३.४.३ रणनीतिहरू**

१. दोगडाकेदार गाउँपालिकामा प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपको अवसर सृजना गरिनेछ।
२. प्राविधिक शिक्षामा अवसर दिन पिछडिएको वर्ग,क्षेत्र र समुदायलाई समेट्न विशेष अवसर दिने नीति अवलम्बन गरिनेछ।
३. प्राविधिक शिक्षामा पहुँच बढाउन पालिका भित्र प्राविधिक शिक्षालयहरुको स्थापना गरिने छ।

**३.४.४ नतीजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.सं. | सूचक | आधार वर्ष २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | बाँकी ५ वर्षको लक्ष्य |
|---|---|---|---|---|---|---|---|---|
| १ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रदान गर्ने विद्यालय संख्या | ० | ० | १ | ० | ० | ० | ३ |

**३.४.५. प्रमुख क्रियाकलापहरु सञ्चालन गर्ने अनुमानित बजेट (रु. लाख)**

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | आवश्यक बजेट अनुमानित (शुरुका ५ बर्षको) | | | | | | बाँकि ५ बर्ष बजेट | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रदान गर्ने शिक्षालय स्थापना | १ | २ | ४ | ४ | ४ | १५ | ४५ | संघ, प्रदेश, स्थानीय सरकार र सहयोगी संस्था |
| २ | भौतिक पूर्वाधार व्यवस्थापन | | १० | १० | | २० | ४० | ५० | |

**३.५ अनौपचारिक तथा निरन्तर शिक्षा**

औपचारिक शिक्षा प्रणालीको संरचनाभन्दा बाहिर मानव जीवनका लागि आवश्यक ज्ञान, सिप र प्रक्रियाको प्रशोधन गरिनेछ । जीवनपर्यन्त अर्थात आजीवन सिकाइ प्रणाली अनौपचारिक शिक्षा हो । अनौपचारिक शिक्षा एवम् आजीवन शिक्षाले समाजमा विद्यमान विभिन्न किसिमका समूहका लागि आफ्नो लक्ष्य बनाई सेवा प्रदान गर्दछ । निरक्षरका लागि साक्षरता, साक्षरका लागि साक्षरोत्तर, सिकाइ अवसरका लागि स्तरवृद्धि, शिक्षासँग सिप र आम्दानी जोड्दै शिक्षित समाजको विकासका लागि अनौपचारिक एवम् आजीवन शिक्षाले काम गर्दछ। साक्षरता तथा निरन्तर शिक्षा कार्यक्रमहरूको समन्वयात्मक रूपले विकास, योजना तथा सञ्चालनका लागि स्थानीय सरकारहरूसँग

सहकार्य गरिनेछ । अनौपचारिक शिक्षा र औपचारिक शिक्षाको दोहोरो प्रवेशको अवसर प्रदान गरी प्राप्त ज्ञानको समकक्षता निर्धारण तथा प्रमाणीकरण गरिनेछ तथा निरक्षर र नवसाक्षरलाई जीवनपर्यन्त शिक्षा दिन सामुदायिक सिकाइ केन्द्रमार्फत साक्षरता स्वयम् सेवक परिचालन गरिने नीति लिएको छ ।

एकातिर निरक्षर जनताहरुलाई साक्षर बनाउने र नव साक्षरलाई निरन्तर शिक्षा दिनु राज्यको दायित्व हो भने अर्कोतिर उनीहरुका लागि आयमूलक र कार्यमूलक कार्यक्रम दिनु पनि आवश्यक हुन्छ । जसलाई सार्थक बनाउनका लागि सामुदायिक सिकाइ केन्द्रको अवधारणा कार्यान्वयनमा आएको छ । तर एकातिर संचालनमा रहेका सिकाई केन्द्रको व्यवस्थापन प्रभावकारी ढंगले हुन सकिरहेको छैन भने अर्कोतिर साक्षर भएकाहरु पनि निरन्तर शिक्षाको अवसर नपाउँदा पुनः निरक्षर बन्नु पर्ने अवस्था टड्कारो रुपमा रहेको देखिन्छ । राज्यले काम दिन नसक्दा र सामुदायिक सिकाइ केन्द्रले काम खोज्न नसक्ने कारणले गर्दा कतिपय सामुदायिक सिकाइ केन्द्रहरु बन्द हुने अवस्थामा छन् । दक्षिण कोरियाको इन्चोनमा भएको विश्व शिक्षा मञ्चको घोषणाअनुसार जीवनपर्यन्त सिकाइको अवसर प्रवर्धन गरिने विषयमा नेपालले प्रतिबद्धता जाहेर गरेको छ । तसर्थ साक्षर, नवसाक्षर र कक्षा ५ पूरा नगरेका नागरिकहरुका लागि जीवनपर्यन्त शिक्षाको अवसर उपलब्ध गराउनुपर्ने दायित्व राज्यमा रहेको छ ।

वि.सं.२००७ सालमा नेपालमा प्रजातान्त्रिक युग सुरु हुँदा कुल जनसंख्याको झन्डै २ प्रतिशत मात्रै नागरिकहरु साक्षर थिए । प्रजातन्त्रको आगमनसँगै नेपालमा शैक्षिक जागरणको शिक्षा, माध्यमिक शिक्षा, उच्च शिक्षा, प्राविधिक शिक्षाको साथै अनौपचारिक शिक्षालाई के कसरी अगाडि बढाउनु पर्छ भन्ने बारेमा युगानुकुल सुझाबहरु दिएको थियो । उक्त प्रतिवेदन प्रौढ साक्षरता कार्यक्रमलाई जोड दिन सिफारिस गरे पछि वि. सं. २०१३ सालदेखि योजनावद्ध रुपमा अनौपचारिक प्रौढ साक्षरता कार्यक्रम सञ्चालनमा ल्याइएको हो ।

विश्व-व्यापीकरण, तीव्र सहरीकरण र बसाइसराइ, सूचना-प्रविधिको क्षेत्रमा भएको क्रान्तिले विश्वको हरेक मुलुक र समाजमा तीव्र परिवर्तनहरु भइरहेका छन् । बालबालिका र युवाको लागि मात्र हैन प्रौढ र ज्येष्ठ नागरिकका लागि पनि निरन्तर सिकिरहने व्यवस्था र वातावरणको जरुरत पर्दछ । संयुक्त राष्ट्रसंघको युनेस्को लगायत अन्य अन्तरराष्ट्रिय संस्थाहरुले पनि दीगो विकास लक्ष्य प्राप्तिको रणनीतिमा आजीवन सिकाइलाई महत्वकासाथ प्रस्तुत गरेका छन् । युनेस्कोले अघि सारेको परिभाषा र व्याख्या अनुसार आजीवन सिकाइको अवधारणा लोकतन्त्र, मानवीय र मानव मुक्तिको मूल्य मान्यतामा आधारित रहेको छ । सुखी र खुशी जीवनयापनका लागि सिक्ने प्रक्रिया जीवनभर चलिरहनु पर्छ । हरेक उमेर समूहका मानिसहरु सिकाइ प्रक्रियामा संलग्न भइरहनु पर्छ र घरपरिवार, कार्यथलो, विद्यालय, समुदाय र हरेक सामाजिक स्थानमा सिकाइ प्रक्रिया हुनसक्छ ।

आजीवन सिकाइ एउटा छुट्टै विधि होइन यो त समग्र शिक्षा प्रणालीलाई मार्ग निर्देशन गरिने सिद्धान्त हो । बाल शिक्षा, आधारभूत शिक्षा हुदै माध्यमिकदेखि उच्च शिक्षासम्म पुग्ने क्रममा हरेक व्यक्तिलाई आजीवन कसरी सिकी रहने भन्ने ज्ञान र सीप प्रदान गर्नु जरुरी हुन्छ । त्यसैले अतिरिक्त, अनौपचारिक र औपचारिक सबै माध्यमबाट आजीवन सिकाइको अभ्यासलाई सुदृढ तुल्याउनु जरुरी छ । मानव जीवनलाई सहज, उन्नतर सुखी तुल्याउनु नै आजीवन सिकाइको मुल ध्येय हो ।

### ३.५.१ वर्तमान अवस्था

राष्ट्रिय शिक्षा नीति २०७६ ले नेपाललाई पूर्ण साक्षर मुलुक तुल्याई अनौपचारिक, वैकल्पिक, परम्परागत र खुल्ला शिक्षाका माध्यमबाट आजीवन सिकाइ संस्कृतिको विकास गर्नु सबै प्रकारका आपाङ्गता भएका व्यक्तिका लागि

गुणस्तरीय शिक्षाको पहुँच सुनिश्चित गरी जीवन पर्यन्त शिक्षाका माध्यमबाट मर्यादित जीवनयापन गर्न सक्षम र प्रतिस्पर्धी नागरिक तयार पार्ने उद्देश्य निर्धारण गरेको छ।

आधारभूत तथा माध्यमिक शिक्षाको जिम्मेवारी स्थानीय तहमा हस्तान्तरण भएसँगै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले अनौपचारिक शिक्षा तथा आजीवन सिकाइको जिम्मेवारी स्थानीय तहलाई प्रदान गरेको छ। देश संघीय संरचनामा रुपान्तरण भएपछि शिक्षा क्षेत्रको पुनःसंरचना हुँदा साविकको अनौपचारिक शिक्षा केन्द्र, शिक्षा तथा मानव स्रोत विकास केन्द्रको एउटा शाखामा सीमित हुन पुगेको छ। प्रदेश तहमा सामाजिक विकास मन्त्रालय र सो अन्तर्गत शैक्षिक योजना तथा अनुसन्धान शाखा रहे पनि उक्त शाखाको कार्यविवरणमा अनौपचारिक तथा आजीवन सिकाइसँग सम्बन्धित विषय समावेश छैन। स्थानीय तहमा रहेको शिक्षा शाखाको कार्यविवरणमा यस सम्बन्धी विषय समावेश भए पनि यस विषयले प्राथमिकता प्राप्त गरेको देखिदैन। यसरी हेर्दा शिक्षा क्षेत्रको एउटा सिङ्गै पाटोको रुपमा रहेको अनौपचारिक शिक्षा तथा आजीवन सिकाइले न त व्यक्तिगत रुपमा न त संस्थागत र प्राणालीगत रुपमा नै क्षमता विकास गरिने विषयले महत्व पाएको देखिन्छ। विगत १ दशक भन्दा बढी अवधिदेखि साक्षरतालाई अभियानका रुपमा सञ्चालन गर्दा समेत अझै १३ जिल्ला साक्षर घोषणा हुन बाँकी रहेका छन्। सबै युवाहरुका लागि खुल्ला तथा दूर शिक्षाको अवसर उपलब्ध गराउन सकिएको छैन। अनौपचारिक शिक्षा नीति र खुल्ला तथा दूर शिक्षा नीतिले परिकल्पना गरेको उपलब्धि हासिल गर्न सकिएको छैन। सामुदायिक सिकाइ केन्द्रहरुलाई अपेक्षित रुपमा सुदृढीकरण गर्न सकिएको छैन। त्यसैगरी आश्यकता अनुरुप आजीवन सिकाइका अवसरहरु विस्तार गर्न सकिएको छैन। देश संघीय संरचनामा रुपान्तरण भए पश्चात अनौपचारिक तथा जीवनपर्यन्त सिकाइको व्यवस्थापन (संरचना, लगानी, अपनत्व आदि) को जिम्मेवारी स्थानीय तहमा हस्तान्तरण भएको तर यसको मर्म अनुसार कार्यसम्पादन हुन सकेको देखिदैन आवधिक रुपमा शैक्षिक सर्वेक्षण गरिने व्यवस्था गर्न नसकिएकाले साक्षरता सम्बन्धी तथ्याङ्कका लागि पनि राष्ट्रिय जनगणनाको प्रक्षेपणमा भर पर्नु पर्ने अवस्था रहेको छ। यस दोगडाकेदार गाउँपालिकामा हाल अनौपचारिक शिक्षा संचालन गर्न २ वटा सामुदायिक सिकाइ केन्द्र छन। बैतडी जिल्ला साक्षर घोषणा गरिएपनि वि.सं. २०७८ सलको जनगणनाअनुसार यस गाउँपालिकाको साक्षरता दर (१५ वर्ष भन्दा माथि) ७२.०७ प्रतिशत रहेको देखिन्छ।

**अवसरहरू**

१. अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ कार्यक्रमहरूलाई सहज र सर्वसुलभ बनाउँदै सबैका लागि पहुँच सुनिश्चित गर्ने नीति तथा कानुनी व्यवस्था विद्यमान छन्।

२. साक्षरता, निरन्तर सिकाइ, आयमुखी सिप, सूचना प्रविधियुक्त कार्यमूलक सिकाइ लगायतका कार्यक्रमहरू समावेश गरी आजीवन शिक्षा र समकक्षताको व्यवस्था गर्ने अवसर उपलब्ध छ।

३. सामुदायिक सिकाइ केन्द्रहरूलाई समय सापेक्ष रूपमा सञ्चालन गरी स्थानीय सिकाइ आवश्यकताहरू पूरा गर्न सकिने सम्भावना छ।

४. साक्षर व्यक्तिहरूलाई निरन्तर शिक्षामा संलग्न गराई ज्ञान र सीप अद्यावधिक गर्ने अवसर।

५. साक्षरता तथा निरन्तर शिक्षालाई दैनिक व्यवहार, उत्पादन र जीवन उपयोगितासँग जोड्ने सम्भावना।

६. साक्षरता कार्यक्रममा प्राप्त सीपको प्रमाणीकरण गराई त्यसलाई रोजगारीका अवसरहरूसँग जोड्ने सम्भावना।

चुनौतीहरू

१. साक्षरता तथा निरन्तर शिक्षाका कार्यक्रमहरूमा गैरसरकारी तथा समुदायमा आधारित संस्थाहरूको सक्रिय सहभागिता नहुनु।
२. साक्षर गाउँपालिका घोषणा भए तापनि निरन्तर शिक्षा तथा सीपमूलक कार्यक्रम सञ्चालन नहुँदा पुनः निरक्षरता बढ्ने।
३. पुरुषको तुलनामा महिलाहरूको निरक्षरता दर उच्च हुनु।
४. साक्षरता प्राप्त व्यक्तिहरूले सिकेको सीप र ज्ञानको प्रयोग तथा अभ्यास नगर्दा पुनः निरक्षर हुने अवस्था सिर्जना हुनु।

**३.५.२ उद्देश्यहरु**

१. सबै नागरिकका लागि साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसर र पहुँच सुनिश्चित गर्नु।
२. आजीवन सिकाइ संस्कृति सापेक्ष अनौपचारिक शिक्षा तथा निरन्तर सिकाइका लागि एकिकृत प्रणालीमा आधारित संस्थागत सुदृढीकरण गर्नु।
३. बालवालिकाको सिकाइका लागि अभिभावकहरूको सचेतनामा सुधार ल्याउनु।
४. नवसाक्षरहरूलाई जीविकोपार्जनका गतिविधिहरूको सहभागितामा वृद्धि गर्नु

**३.५.३. रणनीतिः**

१. सामुदायिक सिकाइ केन्द्रलाई सुदृढ गरिनेछ। यसका लागि स्थानीय आवश्यकता, माग र स्रोतका आधारमा स्थानीय समुदायसँगको सहकार्यमा सामुदायिक सिकाइ केन्द्र स्थापना तथा सञ्चालनमा ल्याउने।
२. स्थानीय सरकारको संयोजनमा सामुदायिक सिकाइ केन्द्र, विद्यालय, विकास साझेदार, नागरिक समाज, सञ्चार माध्यम, अभिभावक, अन्य साझेदारहरु परिचालन गरी साक्षरता तथा साक्षरोत्तर कक्षाहरु सञ्चालन गरिनेछ।

**३.५.४ नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.सं. | सूचक | आधार वर्ष २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | बाँकी ५ वर्षको लक्ष्य |
|---|---|---|---|---|---|---|---|---|
| १ | भाषिक तथा गणितीय साक्षरता (१५ वर्ष भन्दा माथि) प्रतिसत | ७२.०७ | ७४ | ७६ | ७८ | ८० | ८२ | ९० |
| २ | सामुदायिक सिकाइ केन्द्रहरुको संख्या | २ | | २ | | २ | १ | ७ |

**३.५.५. प्रमुख क्रियाकलापहरु सञ्चालन गर्ने अनुमानित बजेट (रु. लाख)**

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | आवश्यक बजेट अनुमानित (शुरुका ५ बर्षको) | | | | | | बाँकि ५ बर्ष बजेट | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | साक्षरता तथा साक्षरोत्तर कक्षा | ० | २ | २ | २ | २ | ८ | ८ | संघ, प्रदेश, स्थानीय सरकार र सहयोगी संस्था |
| २ | भौतिक पूर्वाधार व्यवस्थापन | १० | ५ | ५ | ५ | ५ | ३० | ३० | |

## परिच्छेद४-
## अन्तरसम्बन्धित  क्षेत्रहरू-

### ४  १. पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन

पाठ्यक्रम सिकाइको योजना हो । सिकाइ पद्दतीलाई मार्ग दर्शन गर्ने महत्वपूर्ण आधार पाठ्यक्रम हो । औपचारिक शिक्षा पद्धतिमा पाठ्यक्रमद्वारा निर्देशित ज्ञान,सिप र अभिवृत्ती प्राप्तिमा विद्यार्थीलाई सक्षम बनाउने दिशामा शिक्षण सिकाइ तथा मुल्याङ्कन प्रक्रिया सञ्चालित हुनु पर्दछ ।पाठ्यक्रमको माध्यमबाट प्राप्त हुने शिक्षा अर्थात् ज्ञान सिप र अभिवृत्तीको माध्यमबाट व्यक्तिलाई समाज तथा विश्व परिवेश अनुकूल समायोजन हुन,सक्रिय र ससुचित नागरिक जीवन व्यथित गर्न रोजगारी प्राप्त गर्न पेशा तथा व्यवसाय छनौट तथा सञ्चालन गर्न र आर्थिक क्रियाकलापमा सरिक हुन सहयोग गर्दछ । शिक्षाको परिवर्तित अवधारणाको विकास सँगैसँगै स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयनमा पनि विशेष जोड दिएको पाइन्छ ।स्थानीय पाठ्यक्रम स्थानीय भाषा, परम्परागत सिप, र दैनिक आवश्यकतामा आधारित हुन्छ । केन्द्रबाट तय हुने पाठ्यक्रमले स्थानीय संस्कृती, जनजीवन, भूगोल लगायतका पक्षलाई समेट्न सक्दैन भन्ने मान्यताका आधारमा स्थानीय पाठ्यक्रमको अवधारणा आएको हो (विद्यालय शिक्षाको रष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६) । नेपाल जस्तो विविध भौगोलिक, सांस्कृतिक, भाषिक लगायतका परिवेशका कारण समाजको आवश्यकता र चाहना फरक फरक छन् । त्यसैले नेपालको सन्दर्भमा पाठ्यक्रम तयार पार्दा स्थानीय पाठ्यक्रमको अवधारणालाई आत्मसात गर्नु पर्ने खाँचो छ । स्थानीय आवश्यकताका विषयवस्तु त्यहीका नागरिकको अपनत्व हुने गरी सरोकारवालाले स्थानीय ज्ञान, सिप र प्रविधिलाई समेटी विकास गर्ने पाठ्यक्रम नै स्थानीय पाठ्यक्रम हो । यसमा केन्द्रिय पाठ्यक्रमले समेट्न नसकेका विषयवस्तु हुनु पर्दछ । जसले स्थानीय ज्ञानको प्रस्फुटन गर्नुका साथै नवीनतम् ज्ञान र सिपको मार्ग दर्शन पहिल्याउन सहयोग गर्दछ । स्थानीयस्तरमा रहेका मूल्य, मान्यता, कला संस्कृतिको संरक्षण र सम्वर्द्धन गर्दै आगामि पुस्तामा हस्तान्तरण गर्न सहयोग गर्दछ । स्थानीय पाठ्यक्रमलाई शैक्षिक विकेन्द्रीकरणको महत्वपूर्ण खुड्किलाका रुपमा पनि लिन सकिन्छ ।

नेपालमा केन्द्रिय तहमा पाठ्यक्रम निर्माण गर्दा स्थानीय आवश्यकता, परम्परा, भाषा र संस्कृति  तथा जनजिविकाका अभ्यासहरुको संरक्षण र सम्बर्धन गर्न नसकिने हुँदा नेपाल सरकारले स्थानीय पाठ्यक्रम प्रारुप २०७१ र  स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन २०७६ जस्ता महत्वपुर्ण निर्देशिका तथा पाठयक्रम प्रारुपको विकास गरेकोछ। उक्त शिक्षाका दस्तावेजहरुले स्थानीय पाठ्यक्रमको आवश्यक्ता महसुस गरेको देखिन्छ। कुनै पनि योजनाको सैद्धान्तिक पक्ष जतिसुखै राम्रो भए पनि त्यसको व्यवहारिक पक्ष कम्जोर हुँदा योजनाको कुनै तुक हुदैन । स्थानीय पाठ्यक्रमले तयगरेका व्यवहारिक उद्येश्यहरु के-कति पुरा भए वा भएन भनि लेखाजोखा गर्न पाठ्यक्रमको अभिन्न अंगका रुपमा मुल्यङकनलाइ महत्वपुर्ण पाटोको रुपमा लिनुपर्दछ। मुल्याङकनको अभावमा पाठ्यक्रमले गति लिन नसक्ने हुदा मुल्याङकन र पाठ्यक्रम एउटा सिक्काको दुइवटा पाटो जस्तै हुन ।

### ४.१.१  वर्तमान अवस्था

प्रारम्भिक बालविकासदेखि माध्यमिक तह (कक्षा १२ सम्म) को पाठ्यक्रमको विकास शिक्षा मन्त्रालय अन्तर्गतको पाठ्यक्रम विकास केन्द्रले गर्ने गरेको छ। विद्यालय तहको विद्यमान पाठ्क्रम वि.सं. २०६३ तयार गरी वि.सं. २०७१ मा सामान्य परिमार्जन गरिएको राष्ट्रिय पाठ्यक्रम प्रारूपका आधारमा व्यवस्थित गरिएको भनिए पनि कक्षा ११ र १२ लाई विद्यालय तहको पाठ्यक्रममा पूर्ण रुपमा समायोजन नगरी तत्कालीन उच्च माध्यमिक शिक्षा परिषद्ले

तयार गरेको उच्च शिक्षाको तयारीउन्मुख पाठ्यक्रम नै कार्यान्वयनमा रहेकोमा हाल विद्यालय तहको पाठ्यक्रममा समायोजन गरिएको छ । यसै क्रममा वि.सं. २०७६ मा नयाँ पाठ्यक्रम प्रारूप तयार भई सो विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ कार्यान्वयन गर्ने क्रममा विद्यालय तहमा नयाँ पाठ्यक्रम विकास गरी वि. सं. २०७७ देखि कक्षा १ र ११ मा कार्यान्वयन सुरु भएको छ भने वि. सं. २०८० मा विद्यालय तहका सबै कक्षाहरुमा यो पाठ्यक्रम कार्यान्वयन हुने भैसकेको छ । यसै अनुसार दोगडाकेदार गाउँपालिकाले पनि नेपाल सरकारबाट स्वीकृत पाठ्यक्रम लागू गरेको छ। माध्यम भाषाका रुपमा प्राथमिक तह (कक्षा १-५) का लागि मातृभाषा वा नेपाली हुन सक्ने र अन्य तहको हकमा नेपाली वा अंग्रेजी हुन सक्ने व्यवस्था छ ।

विद्यालय तहको पाठ्यक्रमलाई प्रभावकारी बनाउनका लागि  कक्षा १-३ एकिकृत पाठ्क्रमको अवधारणा बमोजिम अन्तरसम्बन्धित विषयवस्तुलाई एकिकृत गरिएको, व्यवहारकुशल र जीवनोपयोगी सिपहरु समावेश गरी क्रियाकलाप तर्जुमा गर्ने रणनीति लिइएको छ । आधारभूत तहमा स्थानीय कला,संस्कृति, भेषभुषा, सिप, इतिहास, भाषा र परम्परामा आधारित स्थानीय पाठ्यक्रम निर्माण गरि कार्यान्वयन गर्नु पर्ने व्यवस्था वर्तमान पाठ्यक्रम प्रारुपले गरे पश्चात दोगडाकेदार गाउँपालिकाले पनि आधारभूत तह कक्षा १-८ मा स्थानीय पाठ्यक्रमको विकास गरि कार्यान्वयन गरिएको  छ ।

विद्यालय शिक्षाको मुल्याङ्कनका लागि आधारभूत तह कक्षा ५ र ८ को अन्तिम परीक्षा गाउँपालिका स्तरीय रुपमा सञ्चालन तथा व्यवस्थापन हुने गरेको छ । साथै राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ अनुसार कक्षा १ देखि ३ सम्म निरन्तर विद्यार्थी  मूल्यांकन र कक्षा ४ देखि ८ सम्म आन्तरिक ५० प्रतिसत र बाह्य ५० प्रतिसतका दरले मूल्यांकन प्रणाली अवलम्बन गरिएको छ | कक्षा १० र १२ मा राष्ट्रिय तहमा राष्ट्रिय परीक्षा बोर्डबाट सार्वजनिक परीक्षा सञ्चालन गरी विद्यार्थीको योग्यता परीक्षण गरिदै आएको छ भने नमुनामा आधारित राष्ट्रिय उपलब्धि परीक्षण शैक्षिक गुणस्तर परीक्षण केन्द्रबाट विभिन्न कक्षाहरुमा सञ्चालन गरी शिक्षा प्रणालीको गुणस्तरको लेखाजोखा गरिदै आएको छ । अधिकांश विद्यालय तहमा सञ्चालन गरिएका परीक्षाका प्रश्नहरुले प्रायजसो संज्ञानात्मक तहका तल्लोस्तरका क्षमता मात्र परीक्षण गरेको देखिन्छ । अधिकांश प्रयोगात्मक परीक्षाहरु प्रभावकारी हुन सकेका छैनन् । तसर्थ प्रयोगात्मक परीक्षा लाई प्रभावकारी बनाउनलाई  पाठ्यक्रमले निर्दिष्ट गरेका प्रयोगात्मक सामाग्रीहरुको उचित प्रयोग तथा व्यवस्थापनमा जोड दिनु पर्ने देखिन्छ |

स्थानीय पाठ्यक्रम बाहेक अन्य पाठ्यक्रम तथा पाठ्यपुस्तक विकासको कार्य पाठ्यक्रम विकास केन्द्रले गर्दछ । सन्दर्भ सामग्रीको नाम दिई पाठ्यक्रम विकास केन्द्रले स्वीकृति दिएका पुस्तकहरु पाठ्यपुस्तककै रुपमा विद्यालय व्यवस्थापना समितिको निर्णय अनुसार अधिकांश संस्थागत र केही सामुदायिक विद्यालयले प्रयोग गर्ने गर्दछन् । बहुपाठ्यपुस्तकको नीति तय गरिए पनि औपचारिक रुपमा कार्यान्वयनमा ल्याइएको छैन बजारमा विषयवस्तुमा गहिरो र विस्तृत अध्ययनमा सघाउने सन्दर्भ सामग्रीभन्दा पनि प्रश्नोत्तर, प्रश्नहरुको संकलन, गेस पेपर जस्ता सामग्री उत्पादन हुनाले विद्यार्थीको सिकाइ प्रक्रियामा नकारात्मक प्रभाव परेको देखिन्छ । शैक्षिक सत्र सुरु भइ सक्दा सहज अवस्थामा मुद्रित पाठ्यपुस्तक तथा पाठ्यसामग्रीको पहुँचमा पुऱ्याउनु एक प्रमुख समस्या हो । महामारी र विपद्को बेलामा विभिन्न विधि र माध्यम (अनलाइन, अफलाइन, मुद्रित आदि) आमनेसामने विधिमा मात्र भर पर्नु पर्ने तर दुर्गम भौगोलिक कठिनाइ,नेट इन्टरनेटको असुविधा लगायत मुद्रित सामग्रीको अभावले विपदमा शिक्षा क्षेत्र नराम्ररी प्रभावित हुने गरेको देखिन्छ ।

स्थानीय पाठ्यक्रममा विद्यालय तहको पाठ्यक्रमलाई सान्दर्भिक तथा प्रभावकारी बनाउन कक्षा १-८ मा अन्तर सम्बन्धित विषयबस्तुलाई एकीकृत गरिएको, व्यवहार कुशल तथा जीवन उपयोगी सीपहरु समावेश हुने गरी सिकाई क्रियाकलाप तर्जुमा गर्ने रणनीति लिइएको, आधाभूत तहमा स्थानीय कला संस्कृति, भाषा, इतिहास, परम्परा, सीप तथा ज्ञानमा आधारित स्थानीय पाठ्यक्रम स्थानीय तहले विकास गरी कार्यान्वयन गर्नु पर्ने र सबै कक्षाका विषयवस्तुलाई यथासम्भव स्थानीय परिवेश तथा दैनिक जीवनसँग सम्बन्धित गराई सिकाइ क्रियाकलाप सञ्चालन गर्नु पर्ने व्यवस्था गरिएको छ।

शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयको हरित विद्यालय स्रोत पुस्तिका, हरित विद्यालय कार्यक्रम कार्यान्वयन पुस्तिका (२०७५) मा व्यवस्था भए बमोजिम यस गाउपालिकाको नीति तथा कार्यक्रममा हरित विद्यालयको अवधारणालाई समावेस गरिएको छ। उक्त अवधारणालाई कार्यान्वयन गर्न प्रत्येक विद्यालयलाई प्रोत्साहनका कार्यक्रमहरु समेट्ने गरि कार्यनीति रहेको छ। केहि विद्यालायाहरुमा उक्त नीति कार्यान्वयनको अभ्यासमा रहेको छ।

विश्व बजारमा प्रतिस्पर्धा गर्न सक्ने नागरिक तयार गर्ने उद्देश्यले स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तकमा वित्तीय साक्षारता सम्बन्धि विषय वस्तुहरु समेटिएको छ। साथै उद्धमशिलता, संचार शीप, र संवेग व्यवस्थापन जस्ता जीवनोपयोगी शीपलाई पाठ्यक्रम र पाठ्यपुस्तकमा समावेस गरिएको छ।

समग्रमा यस गाउँपालिकामा गरिदै आएका असल अभ्यासहरु अन्तर्गत पाठ्यक्रम प्रबोधिकरण गर्ने , स्थानीय पाठ्यक्रमलाई समयानुकुल परिमार्जन गर्ने, बिषय विज्ञद्वारा नमुना कक्षा प्रदर्शन गर्ने, शिक्षक छनौटकालागि घुम्ती प्रधानाध्यापक बैठक संचालन गरि विद्यालयहरुका असल अभ्याहरु आदान प्रदान गर्ने, उत्कृष्ट कार्यसम्पादन गर्ने विद्यालय र प्रधानापकलाई सम्मान गर्ने, परम्परागत स्थानीय कला, सिप, प्रविधी र संस्कृतीलाई संरक्षण र सम्बर्धन गर्नकालागी स्थानीय पाठयक्रमको माध्यमद्वारा विद्यालयहरुमा प्रयोगात्मक रुपमा विभिन्न कार्यक्रमहरु गरिदै आएका छन्।

**अवसर/चुनौतीहरु**

१. स्थानीय पाठ्यक्रम र पाठ्यसामाग्री विकासका लागि जनशक्ति विकास गर्नु।
२. सरोकारवालाको अर्थपूर्ण सहभागिताको सुनिश्चितता गर्नु।
३. मूल्याङ्कन पद्धतिलाई शिक्षण सिकाइसँग जोडनु।
४. स्थानीय पाठ्यक्रममा आधारित पाठ्यपुस्तक निर्माण गर्नमा जोड दिनु।
५. परिवर्तित पाठयक्रमको बारे प्रबोधिकरण कार्यमा जोड दिनु।
६. पाठयक्रम विकास गर्दा सिकारुको उमेर,क्षमता,रुची र तहलाई आधार मान्नुपर्ने।
७. हरित विद्यालय स्रोत पुस्तिका र हरित विद्यालय कार्यक्रम कार्यान्वयन पुस्तिकाको प्रभावकारी कार्यान्वयन गर्न।
८. नवप्रबर्तनात्मक पाठ्यक्रमको विकास गर्नु।

**४.१.२. उद्देश्य**

१. स्थानीय पाट्यक्रमका माध्यमबाट स्थानीय समुदायको पेसा, व्यापार र व्यवसायको प्रचार-प्रसार तथा जानकारी प्रदान गर्नु।
२. विद्यालय तहमा तोकिएको पाठ्यक्रमलाई पूर्ण रुपमा कार्यान्वयन गर्नु।
३. पाठ्यक्रम,पाठ्यपुस्तक प्रयोग र कार्यान्वयनमा एकरुपता ल्याउनु।
४. सिकाइका लागि मूल्यांकन प्रणालीका रुपमा विद्यालय तहको मूल्यांकन प्रक्रियामा सुधार ल्याउनु।

५. स्थानीय पाठ्यक्रम तथा शैक्षिक सामग्रीहरुको विकास तथा व्यवस्थापनमा क्षमता विकासमा सुधार ल्याउनु।
६. राष्ट्रिय पाठयक्रम र राष्ट्रिय शिक्षा नीति बीच स्थानीय पाठयक्रम,स्थानीय शिक्षा नीतिको समजस्यता कायम गर्नु।

**४.१.३ रणनीति**

१. स्थानीय पाठ्यक्रमलाई समयसापेक्ष, सान्दर्भिक, गुणस्तरीय र प्रभावकारी बनाई समृद्ध नेपाल निर्माणका लागि सक्षम र प्रतिस्पर्धी नागरिक तयार गर्न पाठ्यक्रम विकास तथा कार्यान्वयन प्रक्रियालाई अनुसन्धान तथा आवधिक मूल्यांकनमा आधारित बनाउने।

२. पाठ्यक्रम तथा पाठ्यपुस्तक विकास प्रक्रियालाई बढी सहभागितामूलक बनाई स्थानीय सरोकारवालामा अपनत्व विकास गरी जवाफदेही बनाउनसिकरुको उमेर,क्षमता,रुची लाई आधार मानि विद्यालयमा आधारित स्थानीय पाठ्यक्रम विकास गरि प्रभावकारी मूल्यांकनमा जोड दिईनेछ।

३. विकास गरिएका पाठ्यक्रम तथा पाठ्यसामग्रीलाई सम्बन्धित शिक्षक तथा सरोकारवालालाई प्रभावकारी ढङ्गले प्रवोधीकरण गर्ने।

४. नवीनतम पाठयक्रम तथा मुल्यांकन प्रक्रिया वारे शिक्षक तथा सरोकारवालालाई तालिमको उचित ब्यबस्था गरिनेछ।

५. आधारभूत तह र माध्यमिक तहमा हुने सार्वजनिक परीक्षालाई सुधार गर्ने।

६. स्थानीय पाठ्यक्रमको विषय क्षेत्रमा विषयवस्तु छनौट गर्दा विषयवस्तुको क्रमलाई विचार गरी बढी उपयोगी हुने विषयवस्तु छनौट गरिने छ। जीवनोपयोगी र व्यवहारकुशल सीप समेत विकास गर्ने गरी पाठ्यक्रम विकास गर्ने।

७. स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयनका लागि स्थानीय सरकारको क्षमता विकास गर्ने, पाठ्यक्रम पुनर्संगठन र कार्यान्वयनका लागि शिक्षकको क्षमता विकास गर्ने।

८. स्थानीय पाठयक्रम लाई समय सान्दर्भिक परिमार्जन र सुधार गरिने छ।

९. परियोजनामा आधारित, समूहकार्यमा आधारित र सिकाइ केन्द्रित अभ्यासलाई मूल्यांकनको आधार बनाउने।

१०. विपद, महामारी तथा संकटको अवस्थामा बैकल्पिक विधीबाट शिक्षण सिकाई क्रियाकलापलाई निरन्तरता दिने।

११. नवप्रबर्तनात्मक पाठ्यक्रमको विकास गरिने छ|

**४.१.४ प्रमुख उपलब्धि तथा नतिजा**

**उपलब्धि**

१. स्थानीय पाठ्यक्रम र पाठ्य सामग्री निर्माण तथा कार्यान्वयन भएको हुनेछ।
२. स्थानीय भेषभुषा,चालचलन,रीतिरिवाज,सामाजिक मूल्य मान्यताको संरक्षण हुनेछ।
३. पाठ्यक्रममा आधारित मूल्याङ्कन प्रक्रिया प्रभावकारी रुपमा कार्यान्वयन भएको हुनेछ।
४. विद्यार्थीको सिकाइ उपलब्धीमा सुधार भएको हुनेछ।
५. विपदको अवस्थामा पनि शिक्षण सिकाइ क्रियाकलाप निरन्तर संचालन भएको हुने छ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र. सं. | सूचक | आधार वर्ष २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | बाकीँ ५ वर्ष २०९१ |
|---|---|---|---|---|---|---|---|---|
| १. | एकीकृत पाठ्यक्रम लागु गरेका विद्यालय संख्या | ५४ | ५४ | ५४ | ५४ | ५४ | ५४ | ५४ |
| २. | परीक्षामा स्तरिकृत प्रश्न प्रयोग गर्ने विद्यालय संख्या | १० | ५४ | ५४ | ५४ | ५४ | ५४ | ५४ |
| ३. | स्थानीय भाषामा कक्षा संचालन गर्ने विद्यालय | ११ | १५ | २० | २५ | ३५ | ४० | ४० |
| ४. | निरन्तर विद्यार्थी मुल्यांकन गर्ने विद्यालय | ५४ | ५४ | ५४ | ५४ | ५४ | ५४ | ५४ |
| ५. | जलवायु परिवर्तन तथा उत्थानशिलता सम्बन्धि सामग्री प्रयोग गर्ने विद्यालय संख्या | ० | २ | ५ | १० | २० | २५ | ३० |

## ४.१.५. प्रमुख क्रियाकलापहरु सञ्चालन गर्न अनुमानित बजेट (रु. लाख)

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | आवश्यक बजेट अनुमानित (शुरुका ५ बर्षको) | | | | | | बाँकि ५ बर्ष बजेट | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | अनुगमन तथा मूल्याङ्कन | १ | १ | १ | १ | १ | ५ | ५ | संघ, प्रदेश, स्थानीय सरकार र गै.स.सं. |
| २ | स्थानीय पाठ्यक्रम प्रवोधीकरण कार्यशाला | ० | ४ | ० | ० | ० | ४ | ५ | |

## ४.२ शिक्षक व्यवस्थापन तथा विकास

गुणस्तरीय शिक्षा प्रवाहका लागि विभिन्न स्रोत साधनको आवश्यकता पर्छ । शैक्षिक सेवा प्रवाहका लागि चाहिने स्रोत मध्ये मानवीय स्रोत एक हो । विद्यालयमा परिवर्तनलाई सम्बोधन गर्न सक्ने शैक्षिक नेता शिक्षक हो । शिक्षक योग्य, दक्ष, पेसाप्रति समर्पित प्रतिबद्ध, विद्यार्थीको सिकाइप्रति जवाफदेही हुनु पर्छ । शिक्षकमा भएको पर्याप्त ज्ञान, शिक्षण सिकाइ क्रियाकलाप संचालनमा दक्षता र नमूना व्यक्तित्व प्रदर्शनले विद्यार्थीहरूको सिकाइमा सकारात्मक प्रभाव पार्दछ । सबै तहको शिक्षामा योग्य, दक्ष, समर्पित र अभिप्रेरित शिक्षकहरूको व्यवस्थापनबाट नै शिक्षाको गुणस्तर सुनिश्चित गर्न सकिन्छ । यसका लागि शिक्षक व्यवस्थापन र विकास प्रभावकारी हुन आवश्यक छ । नेपालमा विद्यालय तहको शिक्षामा पहुँच, गुणस्तर, समता, सान्दर्भिकता, सुशासन प्रवर्धन गर्नका लागि विगतमा संचालित विभिन्न योजना, परियोजना तथा कार्यक्रमहरूले शिक्षक व्यवस्थापन र शिक्षकको पेशागत क्षमता अभिवृद्धिलाई उच्च प्राथमिकता दिई विभिन्न कार्यक्रमहरू संचालन गरेको पाइन्छ ।

अहिले शिक्षक तयार पार्ने काम विभिन्न विद्यालय तथा विश्वविद्यालयहरूले गरेका छन् । शिक्षक अध्यापन, अनुमति पत्रको वितरण, परीक्षा संचालन, शिक्षक पदपूर्तिको लागि परीक्षा संचालन तथा नियुक्तिका लागि सिफारिस गर्ने र शिक्षक बढुवा सम्बन्धी काम शिक्षक सेवा आयोगले गर्दै आएको छ । रिक्त दरबन्दीमा शिक्षक नियुक्ति गर्ने शिक्षकको कार्यसम्पादन मूल्यांकन गर्ने काम स्थानीय तहले गर्दै आएका छन् । शिक्षकको पेशागत विकासका लागि नीति निर्माण गर्ने शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले पाठ्यक्रम निर्माण गर्ने र प्रशिक्षक तयार गर्ने काम शिक्षा तथा मानव स्रोत विकास केन्द्रले शिक्षकको क्षमता अभिवृद्धिका लागि तालिम संचालन शिक्षा तालिम केन्द्रहरूले गर्दै आएका छन् ।

यति हुँदाहुँदै पनि शिक्षक तयारी कार्यलाई आवश्यकता र अनुसन्धानमा आधारित बनाउन सकिएको छैन । सरकारका विभिन्न निकाय र विद्यालय तथा विश्वविद्यालयहरूको बीचमा शिक्षक तयारी गर्ने क्रममा प्रभावकारी सम्बन्ध र सहकार्य हुन सकिरहेको छैन । देशमा विभिन्न तरिकाबाट नियुक्ति गरिएका शिक्षकहरू स्थायी, अस्थायी, राहत अनुदान,शिक्षण सिकाई अनुदान शिक्षक,प्राविधिक धार तर्फका शिक्षक,स्वयंसेवक, निजी स्रोतका शिक्षक आदि छन् । विभिन्न तरिकाबाट नियुक्ति भएका शिक्षकहरूको सेवाको शर्त र सुविधाहरू पनि फरक-फरक छन् । शिक्षकको कार्य सम्पादन मूल्याङ्कन पनि शिक्षक बढुवाको लागि मात्र भएको तर यसलाई विद्यार्थीहरूको सिकाइ उपलब्धीसँग जोड्न सकिएको छैन ।

यस योजनामा शिक्षाको गुणस्तर अभिवृद्धि गर्ने,शिक्षण पेशालाई आकर्षक र पहिलो रोजाइको पेशाको रुपमा अभिवृद्धि गर्ने, शिक्षण सिकाइलाई प्रभावकारी र गुणस्तरीय बनाउने शिक्षकहरूको पेशागत विकासलाई अभिवृद्धि गर्ने, विद्यार्थीलाई सिकाइप्रति जिम्मेवार बनाउने, विद्यार्थी संख्याको आधारमा शिक्षक दरबन्दीको वितरण गर्ने, विषयगत शिक्षक पदको संजाल निर्माण गर्ने कार्यलाई प्राथमिकता दिइनेछ । यसमा शिक्षक व्यवस्थापन तथा विकासको वर्तमान अवस्थाको समीक्षा तथा चुनौतीहरूको आधारमा शिक्षक व्यवस्थापन तथा विकासलाई प्रभावकारी र व्यवस्थित बनाउन कार्यक्रमका उद्देश्यहरू, रणनीतिहरू, कार्यक्रम कार्यान्वयनबाट हासिल हुने अपेक्षित नतिजा तथा क्रियाकलापहरू समावेश गरिएको छ ।

### ४.२.१ वर्तमान अवस्थाः

शिक्षक सेवा आयोग नियमावली २०५७ ( संशोधन सहित ) अनुसार शिक्षक हुनको लागि अध्यापन अनुमति पत्र अनिवार्य हुनु पर्ने, स्थायी शिक्षकहरूका लागि शिक्षक सेवा आयोगले लिने परीक्षा उतीर्ण भएको हुनुपर्ने, बढुवाको

निश्चित मापदण्ड पूरा गर्नुपर्ने व्यवस्था पेशाको सुरक्षाको कारणले शिक्षण पेशालाई समाजमा प्रतिष्ठित पेशाका रूपमा लिन थालिएको छ। नियमित रूपमा स्थायी नियुक्ति गर्ने कार्यको थालनीले शिक्षण पेशामा थप आकर्षण बढेको छ। वर्तमान अवस्थामा देशमा स्थायी अस्थायी, राहत, शिक्षण सिकाई अनुदान, प्राविधिक धार तर्फका शिक्षक,स्वयंमसेवक तथा निजी शिक्षकहरू छन्। विभिन्न किसिमका स्थायी,अस्थायी राहत, स्वयंसेवक तथा अन्य निजी शिक्षकहरुको व्यवस्थापनको लागि संघीय शिक्षा ऐन नियम, प्रदेश शिक्षा ऐन नियम तथा प्रचलित कानुन लाई आधार मानि उपर्युक्त मापदण्ड तथा निर्देशिका बनाई प्रयोगमा ल्याउनु आवश्यक देखिन्छ। यस गाउँपालिकाका सामुदायिक विद्यालयको कुल स्थायी शिक्षक दरबन्दी सङ्ख्या १२९ रहेको छ। त्यस मध्ये २० जना माध्यमिक तह (कक्षा९-१०) १८ जना आधारभूत तह कक्षा ६-८ र ९१ जना आधारभूत तह कक्षा १-५ रहेकाछन्। त्यसै गरी राहत तर्फ माध्यमिक तहमा ७ आधारभूत तह (कक्षा ६-८) ७ तथा प्राथमिकमा ५५ गरि ६९ जना राहतमा कर्यतरत छन्। बालविकास सहजकर्ता तर्फ ७३ जना संघीय अनुदान मार्फत र ६९ जना गाउँपालिकाबाट गरि ५ जना कार्यरत छन्।

पेशागत रुपमा दक्ष र अभिप्रेरित शिक्षकबाट नै कक्षाकोठाको सिकाइमा सुधार आउन सक्छ। यसका निम्ति शिक्षकलाई पेशागत विकासका अवसरहरू उपलब्ध हुन आवश्यक छ। शिक्षकको पेशागत विकासका विभिन्न तौर तरिकाहरू छन्। शिक्षक तालिम कार्यशाला, सेमिनार, कन्फिरेन्स, कार्यमूलक अनुसन्धान, शिक्षकहरूको सिकाइ सञ्जाल, अवलोकन भ्रमण, मेन्टरिङ्ग आदिबाट शिक्षकमा पेशागत विकास सम्भव छ। शिक्षकको क्षमता अभिवृद्धि गरी कक्षाकोठाको शिक्षण सिकाइ सुधार ल्याउन नेपालमा विभिन्न परियोजना तथा कार्यक्रमहरू संचालनमा आए। सरकारले विभिन्न कार्यक्रम मार्फत् शिक्षकहरूको लागि विभिन्न खालका तालिमहरूको संचालन गरिरहेको छ। त्यसै गरी स्थानीय सरकारहरूले पनि विद्यालयका आवश्यकता अनुसार शिक्षकहरूको क्षमता विकासमा सहयोग गर्दै आएको छ।

शैक्षिक गुणस्तर सुधारका लागि शिक्षक व्यवस्थापनको पाटोमा दोगडाकेदार गाउँपालिकाले विभिन्न प्रयासहरु गर्दै आएको छ। यस क्रममा आ.व. २०७४/७५ देखि शुन्य दरबन्दी वा राहत अनुदान प्राप्त नगरेका आधारभूत तह कक्षा ६-८ र माध्यमिक तह कक्षा ९-१० अंग्रेजी, गणित, विज्ञान शिक्षक अनुदान कोटामा २२ जना कार्यरत छन्।

यस पालिका अन्तर्गत भएका केहि असल अभ्यासमा विद्यार्थी संख्याको आधारमा शिक्षक दरबन्दी मिलान गर्नु, शिक्षकलाई ICT तालिम प्रदान गर्नु, विद्यालय कर्मचारीलाई IEMIS तालिम प्रदान गर्नु, आदि रहेका छन्। तथापी यस पालिकामा शिक्षक व्यवस्थापनका सन्दर्भमा देहायका चुनौतीहरु रहेको अवस्था छ।

**चुनौतीहरु**

१. शिक्षक तथा कर्मचारीहरूको व्यवस्थापन गर्न।

२. शिक्षण पेशालाई रोजाइको पेशाको रूपमा विकास गर्न।

३. पाठ्यक्रमले निर्धारण गरेका सिकाइ उपलब्धि सुनिश्चित गर्न र शिक्षण सिकाइलाई विद्यार्थी केन्द्रित बनाउन शिक्षण विधि तथा शिक्षण सिकाइ क्रियाकलापमा विविधता ल्याउन।

४. शिक्षकको पेशागत सहयोगको सुदृढ प्रणाली स्थापित गर्न।

५. शिक्षक तथा कर्मचारीहरूलाई आफ्नो पेशाप्रति जवाफदेही तथा उत्तरदायी बनाउन।

६. शिक्षकको पेशागत विकासको अवसर, विस्तार र प्रभावकारिता सुधार गर्ने गरी संस्थागत प्रवन्ध गर्न।

७. विद्यार्थी सिकाइ उपलब्धिलाई शिक्षकको कार्यसम्पादन मूल्याङ्कनसँग आवद्ध गर्ने कार्यलाई प्रभावकारी रूपमा विकास गरी उत्कृष्टलाई पुरस्कृत गर्न।

८. सामुदायिक विद्यालयका प्रधानाध्यापक नियुक्ति प्रक्रिया प्रभावकारी कार्यान्वयन गर्न।

९. शिक्षकले तालिममा सिकेका कुराहरूलाई प्रभावकारी रूपमा कक्षा कोठामा कार्यान्वयन गर्न ।

१०. शिक्षकको पेशागत विकासलाई विद्यार्थीको सिकाइ उपलब्धिसँग जोड्न ।

११. शिक्षक दरबन्दी मिलान कार्यलाई हरेक वर्ष स्वचालित रूपमा कार्यान्वयनमा ल्याउन ।

**४.२.२ उद्देश्य**

१. गुणस्तरीय सिकाइकालागि तहगत तथा विषयगत दक्ष शिक्षकको व्यवस्थापन गर्नु ।

२. विद्यालय सुपरीवेक्षण तथा शिक्षकको पेशागत सहयोगको लागि स्थानीय तहमा एकद्वार प्रणालीको विकास तथा कार्यान्वयन गर्नु ।

३. शिक्षक दरबन्दी मिलानलाई अध्यावधिक गर्नु ।

**४.२.३ रणनीतिः**

१. शिक्षकको पेसागत विकासकालागी स्थानीय सरकारले स्पष्ट कार्यविधी बनाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने छ ।

२. शिक्षक विद्यार्थी अनुपातको आधारमा तहगत, क्षेत्रगत र विषयगत रुपमा शिक्षक दरबन्दी मिलान, दरबन्दी पुनर्वितरण गर्ने ।

३. अनुसन्धानात्मक कार्यमा संलग्न शिक्षकहरुको दक्षता वृद्धिको लागि प्रोत्साहन मूलक कार्यक्रमहरु लागू गरिनेछ ।

४. शिक्षक पेशागत सहयोग प्रणालीमार्फत शिक्षकलाई निरन्तर पेशागत सहयोग गरिनेछ ।

५. स्थानीय तहमा विषयगत शिक्षक सन्जाल तथा आवश्यकता अनुसार अनुभवी शिक्षकबाट सहयोग तथा मेन्टरिङ्ग पद्धति विकास गरिनेछ ।

६. शिक्षकको उपस्थिति, नियमितता र कार्यसम्पादनमा सुधार गरी नतिजाप्रति जवाफदेही हुने पद्धतिको विकास गरिनेछ ।

७. प्रधानाध्यापक तथा शिक्षकको वृत्तिविकासलाई विद्यार्थीको सिकाइ सुधारसँग सम्बन्धित गरिनेछ ।

८. शिक्षक नियुक्ति, सरुवा, तालिम तथा पेशागत विकासमा सहभागिता गराउँदा विद्यार्थीको सिकाइमा कम अवरोध हुनेपद्धति विकास गरिनेछ ।

९. सूचना तथा संचार प्रविधिलाई शिक्षण सिकाइ प्रक्रियाको अभिन्न अङ्गको रुपमा स्वीकृत गर्दै प्रविधिमैत्री व्यवहारिक र नतिजामूलक बनाउने साथै IEMIS को सदृढीकरण गरिनेछ ।

**४.२.४ प्रमुख उपलब्धि तथा नतिजा**

**उपलब्धिः**

१. दरबन्दी मिलान सम्पन्न भइ तहगत, कक्षागत र विषयगत रुपमा शिक्षक व्यवस्थापन भएको हुनेछ ।

२. शिक्षकहरुलाई निरन्तर पेशागत विकासका अवसरहरु प्राप्त भएको हुनेछ ।

३. सबै शिक्षकहरु सुचना तथा सञ्चार प्रविधि प्रयोगमा दक्ष भएका हुनेछन् ।

४. शिक्षण पेशा थप प्रतिस्पर्धी र सम्मानित भएको हुनेछ ।

५. पेशागत विकासका प्रावधानहरूको विस्तार र सुदृढीकरण भई स्थानीय तहमा शिक्षक पेशागत सहयोग प्रणाली मार्फत निरन्तर पेशागत सहयोग प्राप्त हुनेछ ।

६. शिक्षकको उपस्थिति, शिक्षण विधि तथा तौर तरिकाहरू र कार्य सम्पादनमा सुधार हुनेछ।शिक्षक विद्यार्थी अनुपातका आधारमा तहगत, विषयगत रुपमा शिक्षक दरबन्दी मिलान तथा पुनर्वितरण भएको हुनेछ।
७. शिक्षकको विद्यालय तथा कक्षाकोठा उपस्थितिमा वृद्धि तथा शिक्षकहरूको कार्यसम्पादनमा सुधार भएको हुनेछ।

**प्रमुख क्रियाकलाप तथा लक्ष्य**

| क्र.सं. | सूचक | आधार वर्ष २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | बाँकी ५ वर्ष २०९१ |
|---|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक वालविकास र शिक्षामा कार्यरत तोकिएको योग्यता प्राप्त शिक्षक तथा सहजकर्ताको संख्या | ७३ | ७३ | ७३ | ७३ | ७३ | ७३ | ७३ |
| २ | आधारभूत तहमा कार्यरथ तोकिएको योग्यता प्राप्त शिक्षक प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० |
| ३ | माध्यमिक तह (कक्षा ९-१२) मा कार्यरत न्युनतम योग्यता तथा तालिम प्राप्त शिक्षक प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० |
| ४ | सुचना तथा प्रविधि सम्बन्धी न्युनतम सक्षमता रहेका शिक्षक प्रतिशत | ५० | ६० | ७० | ८० | ८५ | ९० | १०० |
| ५ | शिक्षक पेशागत सहयोग प्रणाली लागु भएका विद्यालय | ० | २० | २० | ३० | १० | १० | १० |

## ४.२.५. प्रमुख क्रियाकलापहरु सञ्चालन गर्ने अनुमानित बजेट (रु. लाख)

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | आवश्यक बजेट अनुमानित (शुरुका ५ बर्षको) | | | | | | बाँकि ५ बर्ष बजेट | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | अपुग शिक्षक भएको विद्यालयमा स्वयंसेवक शिक्षक नियुक्ति गर्ने | २० | ३० | ४० | ५० | ६० | २०० | ३०० | संघ, प्रदेश, स्थानीय सरकार र सहयोगी संस्था |
| २ | आवश्यकता अनुसार मागमा आधारित छोटो अवधिको तालिम सञ्चालन गर्ने | १० | १० | १० | १० | १० | ५० | ५० | |
| ३ | शिक्षक पेशागत सहयोगको लागि स्थानीय विज्ञ समूह सहित कार्यविधि तयार गरी स्रोत शिक्षक परिचालन | ० | ४ | ० | ० | ० | ४ | ५ | |
| ४ | कमजोर विद्यार्थीका लागि विशेष सहयोगी कक्षा सञ्चालन गर्ने | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ५ | पुस्तकालय स्थापना | १ | १ | १ | १ | १ | ५ | ४ | |
| ६ | विज्ञान प्रयोगशाला स्थापना | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ७ | इन्टरनेट सेवाको व्यवस्था | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ८ | निरन्तर विद्यार्थी मुल्याङ्कन | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ९ | असल अभ्यासको अवलोकन गराउने | १ | १ | १ | १ | १ | ५ | ५ | |
| १० | विषयगत शिक्षक अनुभव आदान प्रदान कार्यक्रम | १ | १ | १ | १ | १ | ५ | ५ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | सञ्चालन | | | | | | | | |
| ११ | उत्कृष्ट सिकाइ उपलब्धी हासिल गर्ने विषयगत शिक्षक सम्मान | १ | १ | १ | १ | १ | ५ | ५ | |
| १२ | निरन्तर विद्यार्थी मूल्याङ्कन | १ | १ | १ | १ | १ | ५ | ५ | |
| १३ | शिक्षण तथा सिकाइ सामग्रीको विकास | १ | १ | १ | १ | १ | ५ | ५ | |
| १४ | छोटो अवधिको शिक्षक तालिम | २ | २ | २ | २ | २ | १० | १० | |
| १५ | विद्यालयमा आधारित सुपरीवेक्षण तथा सहयोगका लागि क्षमता विकास | १ | १ | १ | १ | १ | ५ | ५ | |
| १६ | सिकाइ आदान प्रदान, क्षमता विकास, प्रविधि हस्तान्तरण र ज्ञानको सञ्जाल निर्माण | १ | १ | १ | १ | १ | ५ | ५ | |

### ४.३ शैक्षिक समता तथा सामाजिक समावेशीकरण

सबै बालबालिकाका लागि विभेद रहित वातावरणमा क्षेत्रीय, धार्मिक, भाषिक, जातीय, लैङ्गिक, अपाङ्गता भएका, आर्थिक रुपमा विपन्न लगायतका भिन्नतालाई सम्मान गर्दै आफ्नो समुदायमा शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चित गर्ने शैक्षिक प्रक्रियालाई समावेशी शिक्षा भनिन्छ । बालबालिकाका सिकाइ आवश्यकता र क्षमता फरक-फरक हुनु प्राकृतिक यथार्थ हो । फरकपनलाई स्वभाविक रुपमा स्वीकार गर्नु सबैका लागि अनुकुल हुने सिकाइ पद्दति विकास गर्नु र सबै बालबालिकालाई सम्मान पूर्वक सिकाइको व्यवस्थापन गर्नु, समावेशी शिक्षाको अनिवार्य आवश्यकता हो । समावेशी शिक्षामा बालबालिकालाई उनीहरुको आवश्यकता र चाहना अनुसारको गुणस्तरीय शिक्षा प्रदान गरी सहजतापूर्वक जीवनयापन गर्ने अवस्थाको सिर्जना गर्ने ध्येय राखिएको हुन्छ । शिक्षाको माध्यमबाट उनीहरुलाई राज्यको मूलप्रवाहमा समाहित गर्ने प्रयत्न गरिन्छ । बालबालिकालाई उनीहरुको क्षमता र चाहना अनुसारको शिक्षा प्रदान गर्ने प्रयास हुन्छ । सिकाइलाई सार्थक बनाउन समय सापेक्ष शिक्षण विधि र शैक्षणिक सामग्री प्रयोग गरिन्छ । उनीहरुलाई आत्मनिर्भर, स्वाबलम्बी, विवेकशील बनाउनु र देश तथा समाजप्रति अपनत्व महसुस

गराउनु समावेशी शिक्षाको उद्देश्य हो । यसले सबै बालबालिकाहरु सिक्न सक्छन् भन्ने मान्यतालाई आत्मसाथ गर्दछ ।

नेपाल सामाजिक, सांस्कृतिक रुपमा विविधता भएको मुलुक हो । यहाँ विभिन्न भाषिक र सांस्कृतिक तथा जातजातिगत समुदायहरुको बसोबास छ । नेपाली समाजको यो विविधतालाई एकातिर पहिचान तथा समस्याका रुपमा लिने गरिन्छ भने अर्कोतिर ऐतिहासिक रुपमा यही भिन्नताका आधारमा सामाजिक विभेद र वञ्चितीकरणमा परेका समुदायहरु पनि छन् । उदहारणका लागि दलित तथा सीमान्तकृत समुदाय, नेपाली बाहेक अन्य मातृभाषी समुदाय, अल्पसंख्यक सांस्कृतिक समुदायहरु ऐतिहासिक रुपमा सामाजिक, आर्थिक तथा शैक्षिक वञ्चितीकरणमा पर्न गई अहिलेसम्म पनि यस्तो बञ्चितीकरणको असर कुनै न कुनै रुपमा देखिने गरेको छ । भौगोलिक क्षेत्रगत आर्थिक स्तरगत तथा लैङ्गिक भिन्नताको प्रभाव पनि शैक्षिक पहुँच, सहभागिता र नतिजामा परिरहेको देखिन्छ । त्यसै गरी विभिन्न किसिमका अपाङ्गता भएका बालबालिकाहरु कठीन परिस्थितिमा रहेका बालबालिकाहरुमा शिक्षाको पहुँच पुर्याई सहभागी बनाउन थप प्रयास आवश्यक छ ।

विविधताको सम्मान र समता तथा समावेशिता अभिवृद्धि गरी शिक्षामा सबैको सहज पहुँच पुर्याइ अर्थपूर्ण सहभागिता कायम गर्ने र सिकाई सुनिश्चित गर्नका लागि यसका कारण तथा वाधाहरु पहिचान गरी ती बाधाहरु हटाउनु पर्दछ । यस्ता बाधाहरूमा समुदाय तथा परिवेश अनुसार भिन्नता हुन सक्ने कुरालाई पनि ध्यान दिनु पर्दछ । कुनै बाधाहरु भौतिक तथा स्रोत सामग्रीसँग सम्बन्धित हुन सक्दछन भन्ने कुनै सांस्कृतिक, सामाजिक, मनोवैज्ञानिक हुन सक्दछन् । कतिपय वाधाहरू संरचनागत पनि सक्दछन् ।

### ४.३.१. वर्तमान अवस्थाः

नेपालको शिक्षामा बालिका तथा महिलाहरु र अपाङ्गता भएकाहरुका लागि केही विशेष प्रवन्ध स्वरुप वि.सं. २००४ सालमा छात्राहरुका लागि छुट्टै विद्यालय पद्मकन्या विद्याश्रमको स्थापना र वि.सं. २०२१ मा लेबोरेटरी स्कूलमा दृष्टिविहीन बालबालिकाका लागि एकीकृत विद्यालय शिक्षा प्रारम्भ भई हालसम्म सञ्चालित छ । त्यसैगरी वि.सं. २०२५ सालदेखि खगेन्द्रबहादुर बस्नेतको अगुवाईमा सुरु भएको नेपाल अपाङ्ग अन्धा संघ नवजीवन गृहले २०२६ सालदेखि अपाङ्ग पुरुषहरुको लागि आवसीय व्यवस्था सुरु गरेकोमा २०३१ सालदेखि महिलाहरुकालागि पनि आवसीय प्रवन्धको सुरुवात भएको थियो । अपाङ्गता भएको व्यक्तिको स्याहार तथा शिक्षाको प्रबन्ध सहित यो नेपाल अपाङ्ग अन्धा संघ नवजीवन गृह केही पछि खगेन्द्र नवजीवन केन्द्रको रुपमा स्थापित भई हाल काठमाडौंको जोरपाटीमा सञ्चालन भईरहेको छ । शिक्षा नियमावली २०२८ अनुरुप २०३० सालमा विशेष शिक्षा परिषद गठन भई अपाङ्गता भएकाहरुको शिक्षाको लागि सरकारबाट औपचारिक संस्थागत थालनी भएको पाइन्छ । बालबालिका तथा महिला शिक्षामा वि. सं. २०५० को दशकदेखि केही प्रोत्साहन मूलक कार्य प्रारम्भ भए पनि अपाङ्गता लगायत आर्थिक, सामाजिक, भाषिक, लैङ्गिक तथा भौगोलिककारणले वञ्चितीकरणमा परेको बालबालिकाको शिक्षामा पहुँच तथा सहभागिताको लागि वि.सं. २०५० को दशकदेखि केही योजनाबद्ध प्रयास सुरु भएको थियो ।

नेपालको संविधानको प्रस्तावनाले नेपाललाई समावेशी बनाउने अठोट गरेको छ । संविधानले आधारभूत तहको शिक्षालाई नागरिकको मौलिक हकको रुपमा लिदै आधाभूत तहको शिक्षा अनिवार्य र निशुल्क हुने र अपाङ्गता भएका र आर्थिक रुपले विपन्न नागरिकले कानून बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने हक हुने व्यवस्था गरिएको छ । राष्ट्रिय शिक्षा नीति २०७६ ले पनि शिक्षामा समता र समावेशिता अभिवृद्धिका लागि विभिन्न नीतिहरु

तय गरेको छ । अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५, अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ र अनिवार्य तथा निःशुल्क शिक्षा नियमावली २०७७ ले अपाङ्गता भएका व्यक्ति तथा आर्थिक सामाजिक रुपले पछाडि परेका समुदायलाई छात्रवृत्ति तथा नेपाल सरकारले 'तोकिदिए बमोजिमका शैक्षिक संस्थाद्वरा निशुल्क रुपमा विद्यालय शिक्षा, उच्च शिक्षा र प्राविधिक तथा व्यवसायिक शिक्षा उपलब्ध गराउने प्रावधान राखेको छ । विद्यालय शिक्षामा समता र समावेशीकरणका लागि सूचक सहितको एकिकृत समता र नीति २०७१ कार्यान्वयनबाट वञ्चितीकरणमा परेका बालबालिकाहरुलाई थप सहयोग सहितको शैक्षिक अवसरको व्यवस्था गरिएको छ । अपाङ्गता भएका बालबालिका,छात्रा,दलित तथा जनजाति समुदायका बालबालिकाहरुलाई छात्रवृत्ति र प्राविधिक तथा व्यवसायिक शिक्षामा प्राथमिकता एवम् आरक्षण कोटाको व्यवस्थाले यस समूहका बालिकबालिकामा शिक्षामा पहुँच र सहभागिता बढेको तथ्यांकले देखाएको छ । तापनि पहुँचमा सुधारको लागि सहभागिता र गुणस्तर सुधारमा 'अझै थुप्रै कार्यहरु गर्नु पर्ने देखिएको छ । यसै सम्बन्धमा दिगो विकासको लक्ष्य ४ ले समावेशीता, समतालाई विशेष जोड दिए अनुसार नेपालले राष्ट्रिय कार्य योजना तयार गरेको छ ।

विद्यालय शिक्षामा सबैको समतामूलक र समावेशी पहुँचका लागि उल्लेखित नीतिगत व्यवस्थाका साथै विभिन्न कार्यक्रमहरु पनि सञ्चालित छ । उदाहरणका लागि दिवा खाजा, पाठ्यपुस्तक सहित निःशुल्क शिक्षा, आपाङ्गता भएका बालबालिकाहरु, छात्रा तथा सीमान्तकृत बालबालिकाहरुलाई लक्षित गरी आवसीय तथा गैर आवसीय छात्रवृत्तिले समतामूलक र समावेशी पहुँचका लागि योगदान गरेका छन् । यसै गरी समता तथा समावेशिताका लागि आधारभूत तहमा मातृभाषा तथा बहुभाषाको प्रयोग गरी सिकाइने नीति, विद्यालय तहमा महिला शिक्षकको नीतिको समावेशी व्यवस्था, विद्यालय नर्सको प्रारम्भ. पाठ्यक्रममा लैङ्गिक लगायत सांस्कृतिक धार्मिक जातीय संवेदनशीलतालाई विचार गरी विविधताको सम्मान गर्ने प्रयास गरिएको छ ।

समग्रमा यस पालिका भित्र शैक्षिक समता र समावेशीकरणका लागि भएका असल अभ्यासहरुमा बिपन्न लक्षित छात्रवृति, दलित छात्रवृति, अपांग छात्रवृति र दिवाखाजा ब्यवस्थान रहेका छन्|

**अवसर तथा चुनौतीहरुः**

१. लक्षित समूह महिला, दलित, जनजाति, लोपोन्मुख समुदाय, कठीन भौगोलिक अवस्थामा रहका, जोखिममा परेका, आर्थिक रुपले विपन्न, द्वन्द्व प्रभावित र सामाजिक तथा आर्थिक कारणले बञ्चितीमा परेका व्यक्तिहरुको शिक्षामासमतामूलक पहुँच पुर्याउने ।

२. सबै किसिमका अपाङ्गता भएकाहरुका लागि शिक्षामा पहुँच पुऱ्याउने ।

३. पाठ्यक्रम, पाठ्यसामग्री, शिक्षण सिकाइ प्रक्रियालगायत समस्त शैक्षिक प्रणालीमा विविधता, समता तथा समावेशिता अभिवृद्धि गर्ने ।

४. विद्यालयमा बालमैत्री , अपांग मैत्री, लैंगिक मैत्री वातावरण सिर्जना गर्ने ।

### ४.३.२ उद्देश्य

१. लक्षित वर्गको शिक्षामा पहुँच वृद्धि गर्नु ।

२. विद्यालयमा विभेद रहित वातावारणको सुनिश्चतता गर्नु ।

३. विद्यालयका शैक्षिक गतिविधिहरुमा समता तथा समावेशिताको सुनिश्चितता गर्नु ।

### ४.३.३ रणनीति

१. घरधुरी सर्वेक्षण गरी बालबालिकाको अवस्था र आवश्यकता अनुसार शिक्षामा पहुँच र सहभागिताको प्रबन्ध मिलाइने छ।

२. विद्यालयमा लैङ्गिक तथा अपाङ्गमैत्री शैक्षिक वातावरण निर्माण गरी विशेष लक्षित समूहका सबै बालबालिकाहरुलाई विद्यालय शिक्षा उपलब्ध गराइने छ।

३. आवश्यकतामा आधारित बैकल्पिक शिक्षाद्वारा सम्पूर्ण वालवालिकाहरुको गुणस्तरीय शिक्षामा पहुँच सुनिश्चित गरिने छ।

४. विद्यालयमा दिवा खाजासहित स्वास्थ्य, पोषण, सरसफाई र किशोरीहरु लक्षित महिनाबारी स्वच्छता सम्बन्धी सेवा युक्त शिक्षा प्रदान गरिने छ।

५. आवश्यकतानुसार लक्षित वर्गलाई पोशाक, स्टेशनरी तथा सिकाइ समाग्रीका लागि छात्रवृत्ति उपलब्ध गराइने छ।

६. विद्यालयद्वारा अभिभावकलाई शैक्षिक समता र समावेशीकरण सम्बन्धि सचेतनामुलक कार्यक्रमहरु संचालन गरिने छ|

७. लक्षित समूहका बालबालिकाहरुको शिक्षामा पहुच सुनिश्चितताका लागि समुदाय, सामुदायिक अध्ययन केन्द्र, गैरसरकारी संस्था, निजी क्षेत्र आदिलाई सक्रिय गराइने छ।

### ४.३.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

१. विद्यालय तहको शिक्षामा समतामूलक पहुँच र समावेशी सहभागिता सहित सबैका लागि गुणस्तरीय शिक्षा सुनिश्चित हुने।

२. लक्षित समूहका बालबालिकाहरुको शिक्षाको गुणस्तर सुधार हुने।

३. विद्यालयमा विभेद रहित, अपाङ्ग मैत्री, लैङ्गिक मैत्री तथा बालमैत्री वातावरण सिर्जना हुने।

**प्रमुख क्रियाकलाप तथा लक्ष्य**

| क्र.सं. | सूचक | आधार वर्ष २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | बाँकी ५ वर्ष २०९१ |
|---|---|---|---|---|---|---|---|---|
| १ | आधारभूत तहमा विद्यालय बाहिर रहेका विद्यार्थी संख्या | ५ | ५ | ४ | ३ | २ | ० | ० |
| २ | आधारभूत तहमा लैंगिक समता सूचक | १.००५ | १ | १ | १ | १ | १ | १.००५ |
| ३ | माध्यमिक तहमा लैंगिक समता सूचक | ०.९९ | १ | १ | १ | १ | १ | ०.९९ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४ | अपाङ्गता भएका बालबालिकाको शिक्षा सहभागिता प्रतिशत | २० | ४० | ६० | ७० | ८० | ९० | |
| ५ | समावेशी शिक्षा सम्बन्धी शिक्षक प्रशिक्षण प्राप्त गर्ने शिक्षक प्रतिशत | १० | ३० | ५० | ७० | ९० | १०० | |

### ४.३.५. प्रमुख क्रियाकलापहरु सञ्चालन गर्न अनुमानित बजेट (रु. लाख)

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | आवश्यक बजेट अनुमानित (शुरुका ५ बर्षको) | | | | | | बाँकि ५ बर्ष बजेट | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | शिक्षाको अवसरबाट बञ्चित हुनाका कारण पहिचान गरि वैयक्तिक आवश्यकता अनुसारको वैकल्पिक, शैक्षिक कार्यक्रम तथा साहायता पद्वति तर्जुमा गरि कार्यान्वयन गर्ने। | २ | २ | २ | २ | २ | १० | ८ | संघ, प्रदेश, स्थानीय सरकार र सहयोगी संस्था |
| २ | बालाबालिकाको परीक्षण गरि अपाङ्गताको आधारमा वर्गीकरण र अभिलेखीकरण गरि उपयुक्त शिक्षाको प्रबन्ध गर्ने | २ | २ | ३ | २ | ३ | १२ | १० | |
| ३ | वालवालिकाको सिकाइ अनुरुपका सिकाइ सामाग्री तथा अन्य आवश्यक सामाग्री विकास तथा पेशागत विकासका कार्यक्रम समता तथा समावेशीकरण विषयवस्तुलाई समावेश गर्ने | ३ | ३ | ३ | २ | २ | १३ | १० | |
| ४ | बिशेष शिक्षा अन्तगतका स्रोत कक्षाहरू सन्चालन र व्यवस्थापन | २ | २ | २ | २ | २ | १० | १० | |

## ४.४ विद्यालय दिवा खाजा सहित स्वास्थ्य तथा पोषण कार्यक्रम

बालबालिकाको विकास तथा उमेरगत सिकाइसँग उनीहरूको स्वास्थ्य तथा पोषणको राम्रो अवस्थाले बालबालिकालाई सिकाइमा सक्रिय सहभागिता बढाइ उपलब्धि सुधार गर्न प्रोत्साहित गर्दछ। बालबालिकाहरूको राम्रो स्वास्थ्यका लागि सरसफाइ तथा स्वच्छताको अभ्यास र प्रारम्भिक स्वास्थ्य जाँच तथा स्वास्थ्य सेवाहरू प्राप्ती र यस्ता आधारभूत स्वास्थ्य सरसफाई तथा स्वच्छता सम्बन्धी सेवा तथा अभ्यास विद्यालयमा प्रदान गर्दा सेवाप्रवाहलाई तुलनात्मक रूपमा सहज प्रभावकारिता मितव्ययिता बनाउन सहयोग पर्दछ।

विद्यालय खाजा कार्यक्रम नेपालको संविधानको मुलभूत सिद्धान्तमा खाद्य सम्प्रभूतालाई मौलिक हकको रूपमा स्वीकारेको सन्दर्भमा नेपालको राष्ट्रिय स्वास्थ्य नीति-२०७६ तथा राष्ट्रिय शिक्षा नीति-२०७६ एवम बालबालिका सम्बन्धि अन्य कानूनले बालबालिकाको स्वास्थ्य पोषण तथा खाद्य सम्प्रभूता सम्बन्धि अधिकार स्थापित गरेको छ। स्वास्थ्य पोषण तथा दिवाखाजा सेवा सम्बन्धि केही रणनीति तथा क्रियाकलाप योजना बालविकास तथा शिक्षा, आधाभूत शिक्षा र माध्यमिक शिक्षा खण्डमा पनि समावेश गरिए पनि उल्लेखित उपक्षेत्रसँग अन्तरसम्बन्धित विषयका रूपमा विद्यार्थीको विकास र सिकाइलाई सहयोग पुग्ने विद्यार्थी सहायता प्रणाली मध्ये एक महत्पूर्ण प्रणाली विद्यालयमा आधारित स्वास्थ्य तथा विद्यालय दिवा खाजा सहित पोषण सम्बन्धि योजनाको समग्र विषय यस खण्डमा प्रस्तुत गरिएको छ। यस खण्डमा विद्यालय दिवा खाजाको वर्तमान अवस्थाको समिक्षा गरी चुनौतीहरू पहिचान गरिएका छन भने चुनौतीहरूको सामना गर्नकालागि आवश्यक रणनीति उदेश्य, नतिजा तथा मुख्य क्रियाकलापहरू समावेश गरिएको छ।

### ४.४.१ वर्तमान अवस्था

नेपालमा विभिन्न समयमा विद्यालय स्वास्थ्य तथा पोषण र खानेपानी सरसफाइ तथा स्वच्छता सम्बन्धि केही कार्यक्रम तथा निर्धारित कक्षा तथा क्षेत्रका विद्यार्थीकालागि दिवा खाजा कार्यक्रमको वर्तमान अवस्थाको विश्लेषण गर्दा सबैका लागि शिक्षाको डकार बैठक सन् २००० ले सिफारिस गरेको ढाँचालाई मुख्यगरी चारवटा अङ्गहरू समाबेश गरेको छ ।

- विद्यालय स्वास्थ्य सम्बन्धि नीतिहरू तय गर्नु
- सुरक्षित पानी तथा सरसफाइ सहित सुरक्षित विद्यालय वातावरण सिर्जना गर्नु,
- सिपमा आधारित स्वास्थ्य शिक्षकको प्रवन्ध गर्नु
- विद्यालयमा आधारित स्वास्थ्य तथा पोषण सेवा प्रदान गर्नु,

उल्लेखित बुँदाहरूलाई आधार मानि यस गाउँपालिकाको वर्तमान अवस्थालाई विश्लेषण गरी दिवाखाजा स्वास्थ्य तथा पोषण सरसफाइ तथा स्वच्छताको अलग अलग समीक्षा गरी तिनीहरूको अन्तर सम्बन्ध उल्लेख गरी योजना तयार गरिएको छ।

**दिवा खाजा**

नेपालमा सन् १९७४ देखि छानिएका जिल्लाहरुका छानिएका विद्यालयहरूमा विश्व खाद्यकार्यक्रमको अनुदानमा आधारित दिवा खाजा कार्यक्रम प्रारम्भ भएकोमा विभिन्न चरण र मात्रामा हाल सञ्चालन हुँदै आई कर्णाली र सुदूरपश्चिम प्रदेशका ३ जिल्लाहरु बैतडी,बाजुरा र दार्चुला जिल्लामा खाद्यान्न अनुदानमा दिवा खाजा कार्यक्रम सञ्चालित छन् भने सन् २००८ देखि छानिएका प्राथमिक विद्यालय तथा समुदायमा प्रारम्भ गरिएको सरकारको नगद अनुदानमा आधारित दिवा खाजा कार्यक्रमलाई विस्तार गरी आ.व. २०७८/२०७९ मा सामुदायिक पूर्व प्राथमिक

देखि आधारभूत तहको कक्षा ६ सम्मका सबै विद्यार्थीहरूलाई दिवाखाजाको व्यवस्था गरिएकोमा आ. व. २०८१/८२ देखि कक्षा ८ सम्म अध्यनरत सबै विद्यार्थीहरुकालागी उक्त कार्यक्रम लागु गरिएको छ।

नेपाल सरकारले प्रारम्भिक बालविकास देखि कक्षा ६ सम्मका सार्वजनिक विद्यालयमा अध्ययनरत सबै बालबालिकाका लागि दिवा खाजाको प्रबन्धका लागि बजेट व्यवस्था गर्नु महत्वपूर्ण उपलब्धि रहेको छ। विद्यालय दिवा खाजाले विद्यार्थीमा नियमितता भई सिकाइ स्तरमा समेत प्रगति हुने अवस्था देखिएको हुनाले यस कार्यक्रमलाई महत्वका साथ निरन्तरता दिनु आवश्यक देखिएको छ। यसकार्यक्रमलाई विद्यार्थीको समग्र पोषणका अवस्थाको सुदृढीकरण गरी एकीकृत तथा सम्बन्धित गर्नु पर्ने छ।

**विद्यालय स्वास्थ्य र पोषण**

विद्यार्थीको स्वास्थ्य तथा पोषणको अवस्थाले संज्ञानात्मक क्षमता, शैक्षिक उपलब्धी, गुणस्तरीय जीवनयापन तथा समाजका लागि विभिन्न पक्षमा योगदान गर्ने क्षमतालाई प्रभाव पार्ने भएकाले स्वास्थ्य तथा पोषणको महत्वपूर्ण स्थान रहनेछ। नेपाल सरकार जनसंख्या मन्त्रालयले तयार पारेको राष्ट्रिय पोषण रणनीतिमा १३ वटा स्वास्थ्य तथा पोषण सम्बन्धि रणनीतिहरू तय गरेकोमा त्यस मध्ये एउटा रणनीति विद्यालय स्वास्थ्य तथा पोषणसँग सम्बन्धित थियो । यसले विद्यालयका बालबालिकाहरूको कुपोषण घटाउने र विद्यार्थीहरूको विद्यालय भर्ना र दैनिक उपस्थितिमा सुधार गर्ने लक्ष्य थियो।

दिवाखाजा लगायतका वाल स्वास्थ्य तथा पोषणलाई नेपालका विभिन्न कानून तथा नीतिहरूमा समावेश गरिएको छ। यस क्रममा नेपालको पन्ध्रौं योजनाले एक विद्यालय एक स्वास्थ्य कार्यकर्ताको व्यवस्था गरिने उल्लेख छ भने कतिपय प्रदेशहरूले यो कार्यक्रम स्थानीय कार्यविधि बनाएर क्रमशः लागु गर्न थालिसकेको छ। यस योजनाले बालबालिकाको स्वास्थ्य तथा पोषणमा तथा स्वच्छता खाद्यसम्प्रभुतालाई नीतिगत प्राथमिकता दिए पनि कसरी विद्यालयहरूसँग जोड्ने भन्ने रणनीतिहरूले स्पष्ट पारेको देखिदैन। राष्ट्रिय योजना आयोगको संयोजकत्वमा तयार गरिएको बहुक्षेत्रीय पोषण योजना दोस्रो सन् २०१८ (२०२२ ले विभिन्न क्षेत्रबीचका कार्यक्रम एकीकृत गर्ने, यस सम्बन्धि नीति तथा रणनीति निर्माण र कार्यक्रममा समन्वय संयन्त्र बनाए पनि एकातिर क्षेत्रगत उत्तरदायित्वमा रहने हुनले समन्वयात्मक कार्य प्रभावकारी हुन सकेको देखिदैन भने विद्यालयसँग यस बहुक्षेत्रीय पोषण योजनाको भरपर्दो सम्बन्ध स्थापित हुनसकेको छैन। यसले पोषणमा बढी महत्व दिने हुँदा बालबालिकाको स्वास्थ्य पोषण, दिवाखाजा र सरसफाइ एवम् स्वच्छतालाई अन्तर सम्बन्धित तथा आवश्यकताका आधारमा एकीकृत गर्न प्रयास हुने देखिदैन। विद्यालय क्षेत्र विकास कार्यक्रमले बालबालिकाको स्वास्थ्य तथा पोषणमा सुधार गरी सिकाइमा सुधार गर्नका लागि जुका नियन्त्रण, सुक्ष्म पोषक तत्व तथा दृष्टि, स्वास्थ्य तथा पोषण शिक्षा प्राप्त गरी विद्यालयका सबै विद्यार्थीहरूको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार गर्ने उदेश्य राखी विभिन्न रणनीतिहरू प्रस्ताव गरिएका थिए। यी उदेश्य प्राप्तीका लागि सञ्चालन गरिने हुँदा कार्यक्रमको नतिजामा एकरूपता देखिएको छैन विशेषतः विद्यालय र स्थानीय सरकार एवं स्वस्थ्य संस्थाको सक्रियता स्वेच्छिक सहकार्यमा यी कार्यक्रमको प्रभावकारीता निर्भर भएको देखिन्छ।

**सरसफाइ र स्वच्छता**

विद्यालयमा हुने सरसफाइ र स्वच्छताको अभ्यास तथा शिक्षाले बालबालिकाको स्वास्थ्यमा सकारात्मक प्रभाव पार्ने स्पष्ट देखिन्छ। यसले बालबालिकाको भावी जीवनका लागि सरसफाइ तथा स्वच्छताको अभ्यासमा सहयोग गर्नका लागि साथै परिवार तथा समुदायमा सकारात्मक प्रभाव पार्दछ। बालबालिकाको स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँच हुनु उनीहरूको संविधान प्रदत्त हक पनि हो भने दिगो विकास लक्ष्य नं. ४ र ६ अन्तरगत सबै विद्यालयहरूमा सुरक्षित तवरले व्यवस्थित खानेपानी, सरसफाइ र स्वच्छताको प्रावधान हुनु पर्ने गरी सुचकाङ्कहरू पनि तोकिएका

छन । तत्कालीन शिक्षा विभागले २०७४ मा तयार गरी २०७६ मा परिमार्जन गरिएको विद्यालयहरूमा शुद्ध खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धि कार्यविधि २०७४ ले उल्लेख गरे अनुसार सबै विद्यालयहरूमा हुनुपर्ने माथि उल्लेख गरिएका सुविधाहरू साथमा छात्रा छात्रका संख्याको आधारमा अलग अलग शौचालय, हरियाली स्वच्छता वातावरणका साथमा अपाङ्गता तथा फरक क्षमताका सबै बालबालिकाहरूलाई सहज हुने गरी व्यवस्थापन हुनु पर्ने, विद्यालयमा महिनावारी स्वच्छता व्यवस्थापन शिक्षाको प्रबन्ध पनि अनिवार्य हुनुपर्ने छ । स्वच्छता लगायतका माथि उल्लेखित सुविधाहरूमा गुणस्तरीयता, दिगोपना,विद्यालयहरूमा व्यवस्थापन भएका र भविष्यमा व्यवस्थापन गरिने सबै कार्य विधि २०७४ को पुनरावलोकन गरी तदनुकूलको संस्थागत व्यवस्था आवश्यक देखिन्छ| सबै तहका विद्यालयहरूमा छात्र र छात्राका लागि अलग-अलग शौचालय निर्माण गर्ने कार्य विगत केही वर्ष देखि लागु भएको हो र हाल प्रायः सबै विद्यालयमा यो सुविधा उपलब्ध छ । तर पनि विद्यार्थी संख्याको अनुपातमा धैरै विद्यालयमा केही समस्या देखिएको छ भने अधिकांस विद्यालयमा अझै अपाङ्ग मैत्री भएका छैनन्। विद्यालयमा महिनावारीको समयमा सुरक्षित तथा सहज रूपमा स्यानीटेरी प्याडको वितरण तथा परिवर्तन गर्ने अलगअलग कोठाहरू छैनन् भने धैरै विद्यालयहरूमा महिनावारी स्वच्छता सम्बन्धी शिक्षा तथा परामर्श दिने गरिएको छैन । सबै विद्यालयहरूमा यस पालिका भित्र वातावरणीय सरसफाइ, हरियाली वातावरण स्वच्छताको सुविधा प्रदान गर्न सकिएको छैन। केही विद्यालयमा खाजाघरको अभाव देखिएको छ । विपद व्यवस्थापन सम्बन्धित केही कार्य गरिए पनि महामारी तथा स्वास्थ्य संकट बारे थप कार्य प्रभावकारी रुपमा गरिनु पर्ने छ ।

समग्रमा यस गाउपालिका अन्तर्गत **विद्यालय दिवा खाजा सहित स्वास्थ्य तथा पोषण कार्यक्रम**को सन्दर्भमा भएका असल अभ्यासहरू मा पालिकाले विद्यालयहरुमा भान्सा निर्माण गर्नु,  भान्सेको व्यवस्थापन गर्नु, छात्राहरुलाई निशुल्क सेनेटरी प्याड वितरण गर्नु, जुकाको औषधी र आइरन चक्की वितरण गर्नु, सरसफाई र पोषण सम्बन्धी जनचेतना फैलाउने कार्यक्रम संचालन गर्नु आदि रहेका छन्|

**अवसर तथ चुनौतीहरूः**

१ वाखाजा, स्वास्थ्य तथा पोषण र सरसफाइ स्वच्छताका लागि आवश्यक प्रबन्ध सुनिश्चित गर्न ।

२ विद्यालय दिवा खाजाका लागि स्थानीय उत्पादनमा आधारित स्वच्छ तथा गुणस्तरीय खानाको व्यवस्थापन गर्न ।

३ दिवा खाजा कार्यक्रमको प्रभावकारी अनुगमन र मूल्याकन पद्धतिको विकास गर्न ।

४ विद्यालय खाजा, स्वास्थ्य, पोषण तथा सरसफाई स्वच्छता सम्बन्धि नीति तथा कार्यक्रमलाई प्रभावकारी कार्यान्वयन गर्न ।

### ४.४.२ उद्देश्य

१. विद्यालयका बालबालिकाहरुलाई स्वस्थ  तथा पोषणयुक्त आहराको सुनिश्चितता गर्नु,

२. विद्यालयका बालबालिकाहरूको स्वास्थ्य, पोषण तथा सरसफाइ सम्बन्धी सकरात्मक व्यवहारको विकास गर्नु ।

### ४.४.३ रणनीति

योजनाका उदेश्यहरू हासिल गर्न निम्न रणनीतिहरू अवलम्वन हुनेछन् ।

१. विद्यालय स्वास्थ्य तथा पोषण रणनीति २०७६ को प्रभावकारी कार्यान्वयनका लागि आवश्यक मापदण्ड र कार्यविधि तयार गरि लागु गरिने छ ।

२. बालबालिकाका लागि विद्यालयमै स्वच्छ तथा पोषिलो खाजा तयारीको लागि भान्साघर, खाजा खानेकोठा, बालमैत्री खानेपानी धारा लगायतका सुविधा विस्तार गरिने छ।
३. छात्राका लागि सेनिटेरी प्याड परिवर्तन गर्ने कोठाको व्यवस्था सहितका शौचालय व्यवस्थापन गरिने छ|
४. विद्यालयहरूमा प्राथमिक उपचार सम्बन्धि बाकस, फोलिक एसिड, आइरन, जुकाको औषधि, स्यानिटरी प्याड जस्तासामग्री स्थानीय स्वास्थ्य कार्यालयको समन्वयमा नियमित वितरणलाई प्रभावकारी बनाइनेछ।
५. विद्यालयमा खाद्य सुरक्षा सरसफाइ तथा स्वच्छता, किशोरीहरूका लागि महिनावारी स्वच्छता र पोषण सम्बन्धि कार्य योजना निर्माण गरि कार्यान्वयन गरिनेछ।
६. दिवाखाजाको लागि स्थानीय कृषि उत्पादनलाई प्राथमिकता दिईने छ ।
७. दिवा खाजा कार्यक्रममा स्थानीय अभिभावकको सहभागिता अभिवृद्धि गरी विद्यलय खाजा व्यवस्थापन समितिलाई थप उत्तरदायी बनाइने छ|
८. दिवाखाजा लगायतका स्वास्थ्य पोषण तथा सरसफाइ र स्वच्छता सम्बन्धि कार्यक्रमको प्रभावकारी अनुगमन तथा मूल्याङकन गरीने छ।

### ४.४.४ प्रमुख उपलब्धि तथा नतिजा

सबै विद्यालयमा सबै विद्यार्थीहरूको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार, मनोसामाजिक कुशलतामा अभिवृद्धि तथा सिकाइमा गुणस्तरीय, सुरक्षित तथा अपाङ्गमैत्री एवं मनोरञ्जनात्मक सिकाइ वातावरणमा सर्वसुलभता, पहुँच टिकाउ तथा स्थायित्व सहित समान सहभागिता हुने।

मुख्य उपलब्धी तथा नतिजाहरू

१ द्यालय स्वास्थ्य तथा पोषण रणनीति २०७६ को प्रभावकारी कार्यान्वयन हुने।
२ स्थानीय उत्पादनमा आधारित स्वच्छ दिवा खाजा पूर्ण रुपमा लागु हुने छ।
३ विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रम कार्यन्वयन गर्न संस्थागत प्रबन्ध हुने छ।

**प्रमुख क्रियाकलाप तथा लक्ष्य**

| क्र. स. | सूचक | आधार वर्ष २०८१/८२ | २०८२/ ८३ | २०८३/ ८४ | २०८४/ ८५ | २०८५/ ८६ | २०८६/ ८७ |
|---|---|---|---|---|---|---|---|
| १ | प्रारंभिक वालविकास र शिक्षामा भर्ना भएका बालबालिकामध्ये आवश्यक खोप प्राप्त गरेका वालवालिका प्रतिशत | शतप्रतिशत विद्यार्थी | | | | | |
| २ | कक्षा १ मा भर्ना भएका वालवालिका मध्ये आवश्यक खोप प्राप्त गरेका वालवालिका प्रतिशत | शतप्रतिशत विद्यार्थी | | | | | |
| ३ | दिवा खाजा प्राप्त गर्ने कक्षा | शतप्रतिशत विद्यालय | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४ | वार्षिक रुपमा विद्यार्थीको नियमित स्वास्थ्य परिक्षण गर्ने विद्यालयको संख्या | शतप्रतिशत विद्यालय | | | | |
| ५ | स्वास्थ्य सेवाको पहुँच पुगेका विद्यालय संख्या | शतप्रतिशत विद्यालय | | | | |
| ६ | नरसिंग सेवा तथा सुविधा पुगेका विद्यालय संख्या | ० | १ | २ | ३ | ४ | ५ |
| ७ | स्यानीटरी प्याड प्राप्त गर्ने विद्यार्थी | शतप्रतिशत विद्यार्थी | | | | |

### ४.४.५ प्रमुख क्रियाकलाप सञ्चालन गर्न लाग्ने अनुमानित बजेट (रु लाखमा)

| क्रस | प्रमुख क्रियाकलाप | अनुमानित बजेट रू लाखमा | | | | | | बाँकी ५ वर्षको बजेट | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | कुल बजेट | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | | |
| १ | विद्यालय पोषण कार्यक्रम | १० | २ | २ | २ | २ | २ | १० | संघ, प्रदेश र स्थानीय सरकार र गै.स.सं. हरू |
| २ | विद्यालय स्वच्छता तथा सरसफाई | ५ | १ | १ | १ | १ | १ | ५ | |
| ३ | महिनावारी स्वच्छता व्यवस्थापन | ५ | १ | १ | १ | १ | १ | ५ | |
| ४ | नियमित स्वास्थ्य परीक्षण, प्राथमिक उपचार किट र अभिमुखीकरण | ५ | १ | १ | १ | १ | १ | ५ | |
| | जम्मा बजेट (लाखमा) | २५ | | | | | | २५ | |

### ४.५ विद्याललय सुरक्षा, विपद न्यूनीकरण तथा उत्थानशीलत

महामारी, प्राकृतिक प्रकोप, द्वन्द वा आपतकालीन अवस्थामा पनि बालबालिकाको शिक्षा अधिकार सुनिश्चित गर्न वैकल्पिक उपायसहितको शैक्षिक कार्यक्रम सञ्चालन गर्नु आवश्यक हुन्छ। यसलाई आपतकालीन तथा संकटपूर्ण अवस्थामा शिक्षा भनिन्छ।

यस अवधारणाले पूर्वतयारी, प्रतिकार्य र पुनःस्थापनाका उपायहरू समेट्छ। शिक्षा निरन्तरतासँगै बालबालिका, परिवार तथा समुदायको जीवन रक्षा, हिंसा तथा दुरुपयोगबाट सुरक्षा र शिक्षा क्षेत्रको सञ्चालन सुदृढ बनाउनु यसको मुख्य उद्देश्य हो।

#### ४.५.१. वर्तमान अवस्था

दोगडाकेदार गाउँपालिकाले प्रकोप, महामारी तथा द्वन्दका अवस्थामा शिक्षामा पर्न सक्ने असरलाई ध्यानमा राख्दै दीर्घकालीन योजना, नीति तथा बजेटमार्फत बालबालिकाको सिकाइलाई निरन्तरता दिने तयारी गरेको छ। कोभिड-१९ लगायत महामारीहरूले सिकाइमा पुर्‍याएको असरबाट पाठ सिक्दै, पालिकाले वैकल्पिक सिकाइ प्रणाली, मनोसामाजिक सहयोग र आपतकालीन अवस्थाको लागि पूर्वतयारी तथा जनचेतनालाई प्राथमिकता दिएको छ।

विद्यालय शिक्षा क्षेत्र योजनाले भूकम्प, बाढी, पहिरो, आगलागी, चट्याङ, अति चिसो, महामारी, बसाइँसराइ आदि प्रकोपहरूबाट शिक्षा क्षेत्रलाई जोगाउने उपायहरू, सचेतना, क्षमता अभिवृद्धि र समन्वयलाई केन्द्रमा राखेको छ।

#### चुनौतीहरू

१. विपद् जोखिम न्यूनीकरणसम्बन्धी पूर्वतयारी र प्रतिकार्यमा विद्यालयहरूको क्षमता विकास गर्न।
२. शिक्षण सिकाइ निरन्तरताका लागि पर्याप्त भौतिक तथा प्रविधि आधारित पूर्वाधारको निर्माण गर्न।
३. शिक्षक, अभिभावक तथा विद्यार्थीमा आपतकालीन अवस्था तथा संकट व्यवस्थापनसम्बन्धी चेतना अभिवृद्धि गर्न।
४. मानसिक स्वास्थ्य तथा मनोसामाजिक परामर्श सेवामा पहुँच सुनिश्चित गर्न।

#### ४.५.२ उद्देश्य

१. विद्यालय तहमा विपद् जोखिम न्यूनीकरण, संकट व्यवस्थापन र आपतकालीन अवस्थामा सिकाइको निरन्तरता सुनिश्चित गर्नु।
२. बालमैत्री, सुरक्षित, समावेशी र संकटसहनशील सिकाइ वातावरणको प्रवर्द्धन गर्नु।
३. शिक्षक, विद्यार्थी, अभिभावक र समुदायमा विपद् तथा आपतकालीन अवस्थासम्बन्धी चेतना र क्षमताको विकास गर्नु।

### ४.५.३ रणनीति

१. विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनसम्बन्धी पूर्वतयारी योजना विद्यालय स्तरमै तयार गर्ने ।
२. संकटकालीन अवस्थाका लागि वैकल्पिक सिकाइ मोडेल (जस्तै: भर्चुअल कक्षा, रेडियो, कार्यपुस्तिका) विकास गर्ने ।
३. शिक्षक, विद्यार्थी र विद्यालय समुदायलाई विपद् तथा मनोसामाजिक परामर्शका विषयमा अभिमुखीकरण दिने ।
४. विद्यालयहरूमा सुरक्षित संरचना, प्राथमिक उपचार सामग्री र सूचना प्रवाह प्रणाली स्थापना गर्ने ।
५. गैरसंरचनात्मक हिंसा र विभेद न्यूनीकरणका लागि नीति,  र सचेतना कार्यक्रम सञ्चालन गर्ने ।

### ४.५.४ उपलब्धि तथा अपेक्षित नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

**अपेक्षित नतिजाहरू**

१. विद्यालय स्तरमा विपद् र आपतकालीन अवस्थाका लागि तयारी र प्रतिक्रिया योजना कार्यान्वयनमा आउने ।
२. संकटका अवस्थामासमेत शिक्षण सिकाइ निरन्तरता पाउने व्यवस्था हुने ।
३. शिक्षक, विद्यार्थी र अभिभावकमा संकट व्यवस्थापन तथा सुरक्षा चेतना अभिवृद्धि हुने ।
४. विद्यालयमा सुरक्षित, समावेशी र बालमैत्री वातावरणको प्रवर्द्धन हुने ।
५. मानसिक स्वास्थ्य तथा मनोसामाजिक सहयोग प्रवाह हुने ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.स. | सूचक | आधार वर्ष २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | बाँकी ५ वर्ष |
|---|---|---|---|---|---|---|---|
| १ | विपद् पूर्वतयारी योजना तयार पारेका विद्यालयहरूको संख्या | ० | १५ | ३० | ४५ | ५० | ५४ |
| २ | हरित विद्यालय संख्या | ० | १ | ३ | ७ | १० | १३ |
| ३ | संकटकालमा वैकल्पिक सिकाइमा सहभागी विद्यार्थीहरूको प्रतिशत | ० | २० | ४० | ६० | ८० | १०० |
| ४ | विपद् व्यवस्थापन तथा मनोसामाजिक विषयमा  प्राप्त शिक्षक प्रतिशत | ० | १० | २० | ३० | ४० | ५० |
| ५ | भौतिक संरचना सुरक्षित रहेको विद्यालयहरूको प्रतिशत | १० | २० | ३० | ४० | ५० | १०० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ६ | हिंसारहित र बालमैत्री वातावरणको सूचकमा सुधार देखिएको विद्यालयहरुको संख्या | १० | २५ | ३५ | ४५ | ५५ | ५६ |

### ४.५.५ प्रमुख क्रियाकलाप सञ्चालन गर्न लाग्ने अनुमानित बजेट (रु लाखमा)

| क्र.सं. | मुख्य क्रियाकलाप | अनुमानित बजेट (५ वर्षे) | | | | | | बाँकि ५ वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | जम्मा | १० वर्ष | |
| १ | सुरक्षित विद्यालय नीति पुनरावलोकन तथा मापदण्ड निर्माण | २ | | | | | २ | २ | संघ, प्रदेश र स्थानीय सरकार तथा गै.स.सं. |
| २ | विपद प्रतिकार्य क्षमता विकास | ५ | ५ | | | | १० | १० | |
| ३ | विद्यालयमा विपद् व्यवस्थापन समिति गठन, अभिमुखीकरण र क्षमता विकास | २ | २ | २ | २ | २ | १० | १० | |
| ५ | हरित,सफा,शान्त र सुरक्षित विद्यालय प्रवर्धन | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ६ | स्थानीय तह र विद्यालयको क्षमता विकास गर्ने | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ७ | उद्दार कार्यका लागि स्वयंसेवक तयारी र परिचालन | ५ | ५ | | | | १० | १० | |
| ८ | वडा स्तरीय विपद व्यवस्थापन समिति गठन | १ | | | | | १ | १ | |
| ९ | विपदमा आवश्यक पर्ने सामग्रि तथा व्यवस्थापकीय योजनाको तयारी गर्ने | २ | २ | २ | २ | २ | १० | १० | |
| १० | विपद् प्रतिकार्य योजना निर्माण | २ | २ | २ | २ | २ | १० | १० | |

## ४.६ विद्यालय भौतिक पूर्वाधार विकास

बालबालिकालाई विद्यालयमा भर्ना हुन, नियमित रूपमा कक्षामा सहभागी हुन तथा समग्र रूपमा सिकाइमा संलग्न गराउन आवश्यक पर्ने आधारभूत भौतिक पूर्वाधारहरूमा सुरक्षित विद्यालय भवन, पठनपाठनका लागि उपयुक्त कक्षाकोठा, खेल्नका लागि खेलमैदान, सरसफाइका लागि शौचालय, पिउने पानीको व्यवस्था, र बस्नका लागि उपयुक्त फर्निचर पर्छन्।

**शिक्षा नियमावली, २०५९** अनुसार, प्रारम्भिक बालविकास तथा कक्षा १ देखि ५ सम्मका कक्षाको लागि प्रतिविद्यार्थी न्यूनतम ०.७५ वर्ग मिटर र कक्षा ६ देखि माथिको तहका लागि १.०० वर्ग मिटर क्षेत्रफलको कक्षाकोठा आवश्यक मानिएको छ।

**राष्ट्रिय शिक्षा नीति, २०७६** ले विद्यालयहरूमा भवन, कक्षाकोठा, फर्निचर, प्रयोगशाला, पुस्तकालय, बुक कर्नर, सुरक्षित शौचालय, स्वच्छ खानेपानीजस्ता भौतिक पूर्वाधारको न्यूनतम मापदण्ड सुनिश्चित गर्ने व्यवस्था गरेको छ। साथै, विद्यालय भवन र अन्य पूर्वाधारहरूलाई विपद् जोखिममुक्त बनाई सबै विद्यालयहरूलाई सुरक्षित, बालमैत्री र हरित विद्यालयको रूपमा विकास गर्ने लक्ष्य निर्धारण गरिएको छ।

### ४.६.१ वर्तमान अवस्था

दोगडाकेदार गाउँपालिकाका अधिकांश विद्यालयहरूमा आधारभूत भौतिक पूर्वाधार जस्तै सुरक्षित भवन, प्रयाप्त कक्षाकोठा, बालमैत्री शौचालय, पिउने पानीको धारा, फर्निचर, खेलमैदान, पुस्तकालय आदि पर्याप्त रूपमा उपलब्ध छैनन्। कतिपय विद्यालयहरू जोखिमयुक्त भवनमा सञ्चालन भइरहेका छन् भने कतिपयमा शिक्षक र विद्यार्थीको संख्याअनुसार कोठा, कुर्सी, टेबुल, पाटी-पैडालको समेत अभाव छ। विद्यालय भौतिक पूर्वाधारको अवस्थाले सिकाइ वातावरणमा प्रभाव पारिरहेको छ।

#### चुनौतीहरू

१. भूकम्प, पहिरो र अन्य विपद् जोखिमयुक्त भवनहरूको मर्मत तथा पुनर्निर्माण गर्न
२. छात्रामैत्री, अपाङ्गमैत्री तथा समावेशी पूर्वाधारको अभाव।
३. विद्यालयको कक्षाकोठा, प्रयोगशाला, पुस्तकालय, ICT कक्षा तथा बुक कर्नरको न्यून उपलब्धता।
४. धेरै विद्यालयमा पिउने पानी, सफा शौचालय, खेलमैदान, कम्पाउन्डवालको अभाव।
५. उपलब्ध संरचनाहरूको संरक्षण तथा मर्मतको लागि नियमित बजेटको अभाव।
६. शिक्षा नियमावलीअनुसारको न्यूनतम क्षेत्रफल नपुगेका कक्षाहरूको उच्च संख्या।

### ४.६.२ उद्देश्य

१. सबै बालबालिका, शिक्षक र कर्मचारीका लागि सुरक्षित, समावेशी, बालमैत्री तथा आपतकालीन अवस्थासमेत सहनसक्ने विद्यालय भौतिक पूर्वाधारको सुनिश्चितता गर्नु।

२. शिक्षण सिकाइका लागि आवश्यक न्यूनतम भौतिक स्रोतसाधनको सहज उपलब्धता गराउनु।
३. उपलब्ध संरचनाको संरक्षण, मर्मत र उपयोगमा स्थानीय सहकार्य प्रवर्द्धन गर्नु।

### ४.६.३ रणनीति

१. विद्यालय भवन, कक्षाकोठा, शौचालय, पानी, फर्निचर, पुस्तकालय, प्रयोगशाला लगायतका पूर्वाधारको अवस्थाको वार्षिक मूल्याङ्कन गर्ने।
२. निर्माणका सबै चरणमा बालमैत्री, समावेशी, अपाङ्गमैत्री तथा विपद् सुरक्षित मापदण्ड अपनाउने।
३. स्रोत परिचालनमा स्थानीय सरकार, समुदाय र साझेदारहरूको सहकार्य विस्तार गर्ने।
४. भौतिक पूर्वाधारको नियमित मर्मत तथा संरक्षण प्रणाली विकास गर्ने।
५. हरित विद्यालय अवधारणालाई प्रोत्साहन गर्ने (सौर्य उर्जा, रेन वाटर हार्भेस्टिङ, वृक्षारोपण)।

### ४.६.४ उपलब्धि तथा अपेक्षित नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

**उपलब्धि तथा अपेक्षित नतिजाहरू**

१. सबै विद्यालयमा सुरक्षित, बालमैत्री र समावेशी भौतिक पूर्वाधार सुनिश्चित हुने
२. जोखिमयुक्त भवन, असुरक्षित कक्षाकोठा र जीर्ण संरचनाहरूको प्रतिस्थापन/पुनर्निर्माण हुने
३. शिक्षण सिकाइका लागि आवश्यक न्यूनतम भौतिक स्रोतसाधन (फर्निचर, पुस्तकालय, प्रयोगशाला, ICT आदि) विद्यालयमा उपलब्ध हुने
४. शौचालय, खानेपानी, खेलमैदान, कम्पाउन्डवाल जस्ता पूर्वाधारहरू सुधार हुने
५. विद्यालय पूर्वाधारको नियमित मर्मत तथा संरक्षण प्रणाली संस्थागत हुने
६. विद्यालयहरू हरित तथा वातावरणमैत्री अवधारणामा रूपान्तरण हुने क्रम तीव्र हुने

**प्रमुख क्रियाकलाप तथा लक्ष्य**

| क्र. सं. | सूचक | आधार वर्ष २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | बाँकी ५ वर्ष |
|---|---|---|---|---|---|---|---|
| १ | भूकम्प प्रतिरोधी विद्यालय | १५ | १५ | ५ | ५ | ५ | ९ |
| २ | नयाँ निर्माण गर्नु पर्ने कक्षा कोठा संख्या | ४ | ४ | ४ | ६ | ८ | २५ |
| ३ | सवलिकरण गर्नु पर्ने कक्षा कोठा संख्या | ५ | १० | १० | १० | १२ | १२ |
| ५ | बाढी पहिरो लगायतका प्रकोप न्यूनीकरणका लागी कार्य गर्नुपर्ने | २ | २ | ३ | २ | २ | ४ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | विद्यालय संख्या | | | | | | |
| ६ | शौचालय, खानेपानी, खेलमैदान, कम्पाउन्डवाल जस्ता पूर्वाधारहरू सुधार भएको विद्यालय | १० | १० | १० | १० | ५० | ५४ |

### ४.६.५ प्रमुख क्रियाकलाप सञ्चालन गर्न लाग्ने अनुमानित बजेट (रु लाखमा)

| क्र.सं. | प्रमुख क्रियाकलाप | अनुमानित बजेट रू लाखमा | | | | | बाँकी ५ वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | | |
| १ | भूकम्प प्रतिरोधी विद्यालय | ५० | ५० | ५० | ५० | ५० | २५० | संघ, प्रदेश, स्थानीय सरकार र गै.स.सं. हरु |
| २ | नयाँ निर्माण गर्नु पर्ने कक्षा कोठा संख्या | ४० | ४० | ६० | ८० | ८० | ३०० | |
| ३ | सवलिकरण गर्नु पर्ने कक्षा कोठा संख्या | ३० | ३० | ३० | ३० | ३० | १५ | |
| ४ | बाढी पहिरो लगायतका प्रकोप न्यूनीकरणका लागी कार्य गर्नुपर्ने विद्यालय संख्या | ४ | ६ | ४ | ४ | ८ | २६ | |
| | जम्मा बजेट (लाखमा) | १२४ | ११८ | १४४ | १६४ | १६८ | ५९१ | |

### ४.७ विद्यालयमा सुचना तथा सञ्चार प्रविधि

वर्तमान समयमा सिकाइलाई प्रविधिमैत्री, समावेशी र प्रभावकारी बनाउन सूचना तथा सञ्चार प्रविधिको प्रयोग अपरिहार्य बन्दै गएको छ । सूचना प्रविधि शिक्षण सिकाइको माध्यम मात्र नभई, विद्यालयको प्रशासनिक कार्य, अभिलेख व्यवस्थापन र विद्यार्थीको मूल्याङ्कनमा समेत उपयोगी बन्न थालेको छ ।

दोगडाकेदार गाउँपालिकामा शिक्षामा प्रविधिको उपयोगलाई प्रोत्साहन गर्दै शिक्षक र विद्यार्थीलाई डिजिटल साक्षरतामा सशक्त बनाउने उद्देश्यले विद्यालयस्तरमा ICT पूर्वाधार विकास, क्षमता विकास तथा प्रविधिमा आधारित शिक्षण सामग्रीको प्रयोग विस्तार गर्ने नीति अवलम्बन गरिएको छ।

यस अवधारणाअन्तर्गत कम्प्युटर, इन्टरनेट, डिजिटल शिक्षण सामग्री, स्मार्ट टिभी, प्रोजेक्टर आदि प्रयोग गरिने छ। साथै, शिक्षक र विद्यार्थी दुवैका लागि ICT प्रयोग क्षमता अभिवृद्धि गरिनेछ, जसले सिकाइलाई सजीव, अन्तरक्रियात्मक र विद्यार्थीकेन्द्रित बनाउन मद्दत पुऱ्याउनेछ।

### ४.७.१ वर्तमान अवस्था

दोगडाकेदार गाउँपालिकाका थोरै विद्यालयहरूमा मात्र कम्प्युटर, प्रोजेक्टर, स्मार्ट टिभी वा इन्टरनेट पहुँच जस्ता सूचना प्रविधि सम्बन्धी पूर्वाधार छन्। अधिकांश विद्यालयमा प्रविधियुक्त शिक्षण सिकाइको अभ्यास प्रारम्भिक चरणमै सीमित छ। शिक्षकहरूको डिजिटल साक्षरताको अवस्था मिश्रित देखिन्छ भने शिक्षक र विद्यार्थी दुवैका लागि ICT प्रयोगसम्बन्धी नियमित अभिमुखीकरण तथा स्रोतको अभाव छ।

### चुनौतीहरू

१. अधिकांश विद्यालयमा ICT पूर्वाधारहरुको अभाव।
२. शिक्षकमाझ प्रविधि प्रयोग गर्न आवश्यक सीप तथा आत्मविश्वासको कमी।
३. नियमित रूपमा ICT मर्मत, संरक्षण तथा प्रयोगशाला सञ्चालनका लागि प्राविधिक जनशक्ति अभाव।
४. वैकल्पिक शिक्षण सामग्री र अनलाइन कक्षा सञ्चालनका लागि पर्याप्त सुविधा र वातावरणको कमी।
५. ग्रामीण क्षेत्रमा विद्युतीय पहुँच तथा इन्टरनेट जडानको सीमितता।

### ४.७.२ उद्देश्य

१. शिक्षामा सूचना तथा सञ्चार प्रविधिको उपयोग विस्तार गरी सिकाइलाई गुणस्तरीय, प्रविधिमैत्री र प्रभावकारी बनाउने।
२. शिक्षक तथा विद्यार्थीको डिजिटल साक्षरता र प्रविधि उपयोग क्षमताको वृद्धि गर्ने।
३. विद्यालयको प्रशासनिक तथा व्यवस्थापन प्रणालीमा ICT को प्रयोग संस्थागत गर्ने।

### ४.७.३ रणनीति

१. विद्यालयस्तरमा ICT पूर्वाधार स्थापना तथा विस्तार गर्ने।
२. शिक्षक र विद्यार्थीका लागि डिजिटल सीप अभिवृद्धि सञ्चालन गर्ने।
३. अनलाइन तथा मिश्रित सिकाइ लाई प्रवर्द्धन गर्ने।
४. विद्यालय व्यवस्थापन, अभिलेख राख्ने प्रणालीमा ICT प्रयोग विस्तार गर्ने।
५. शैक्षिक सामग्री को उत्पादन, पहुँच र प्रयोगमा सुधार गर्ने।

### ४.७.४ उपलब्धि तथा अपेक्षित नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

**उपलब्धि तथा अपेक्षित नतिजाहरू**

१. ICT युक्त विद्यालयहरूको संख्या उल्लेखनीय रूपमा वृद्धि हुनेछ।
२. शिक्षक र विद्यार्थी दुवैमा डिजिटल साक्षरता तथा प्रविधि प्रयोग सीप विकास हुनेछ।
३. सिकाइमा प्रविधिको प्रभावकारी प्रयोगले विद्यार्थीको उपलब्धिमा सुधार आउनेछ।
४. विद्यालय व्यवस्थापन प्रणाली डिजिटल प्रणालीमा रूपान्तरण हुनेछ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र. स. | सूचक | आधार वर्ष २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | बाँकी ५ वर्ष |
|---|---|---|---|---|---|---|---|
| १ | इन्टरनेट जडान भएका विद्यालयको संख्या | ४० | ४५ | ५० | ५४ | | |
| २ | शिक्षण सिकाई क्रियाकलापमा कम्प्युटर लगायतको प्रविधिको उपयोग भएका विद्यालय संख्या | ५ | १० | १५ | २० | २५ | ३० |
| ३ | मुख्य विषयमा डिजिटल पाठ्य सामाग्री प्रयोग गर्ने विद्यालय संख्या | २ | ४ | ६ | ८ | १० | १३ |
| ४ | व्यावाथापकीय कार्यमा सुचना तथा संचार प्रविधिको प्रयोग गर्ने विद्यालय संख्या | २ | ४ | ६ | ८ | १० | १३ |
| ५ | विद्य्युत्को पहुँच पुगेका विद्यालय संख्या | ५० | ५१ | ५२ | ५३ | ५४ | |

### ४.७.५ प्रमुख क्रियाकलाप सञ्चालन गर्न लाग्ने अनुमानित बजेट (रु लाखमा)

| क्र.सं. | मुख्य क्रियाकलाप | ५ वर्ष को अनुमानित बजेट | | | | | | बाँकी ५ वर्ष को बजेट | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | इन्टरनेट जडान | २ | २ | २ | २ | २ | १० | १० | |
| २ | शिक्षण सिकाई | ३ | ३ | ३ | ३ | ३ | १५ | १५ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | क्रियाकलापमा कम्प्युटर लगायतको प्रविधि | | | | | | | | |
| ३ | मुख्य विषयमा डिजिटल पाठ्य सामाग्री प्रयोग | ५ | ५ | ५ | ५ | ५ | २५ | २५ | |
| ४ | माध्यमिक तहमा ICT को व्यवस्थापन | ४ | ४ | ४ | ४ | ४ | २० | २० | |

## परिच्छेद ५
## अन्य उपक्षेत्रहरु

### १.५ छात्रवृत्ति

छात्रवृत्ति विद्यालय शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित गर्नका लागि सञ्चालित उत्प्रेणामूलक कार्यक्रम हो । यसले विशेष गरी आर्थिक, सामाजिक रूपमा पछाडि परेका, अपाङ्गता भएका, सुविधा विहीन तथा कठिन परिस्थितिमा रहेका बालबालिकालाई विद्यालयमा टिकाइ राख्न, सहभागिता बढाउन र सिकाइको निरन्तरता कायम गर्न सहयोग पुऱ्याउँछ ।

### ५.५.१ वर्तमान अवस्था

दोगडाकेदार गाउँपालिकामा दलित, जनजाति, अति विपन्न, अपाङ्गता भएका, किशोरी र अन्य लक्षित समूहलाई छात्रवृत्ति प्रदान गर्दिँ आएको छ । दोगडाकेदारगाउँपालिका अन्तर्गत आ.व. २०८०/०८१ मा आधारभूत तह कक्षा ८ र माध्यमिक तह कक्षा १० मा अध्ययनरत विद्यार्थीहरुले कुल ७ लाख रकम विपन्न लक्षित छात्रवृत्ति सुविधा लिएका छन् । यद्यपि, छात्रवृत्तिको वितरण प्रक्रिया, रकमको प्रयाप्तता, लक्षित समूहको पहिचान र अनुगमन प्रणाली अझ सशक्त बनाउनुपर्ने देखिन्छ । विद्यालयस्तरमा छात्रवृत्ति वितरणबारे अभिलेख, पारदर्शिता र सामाजिक उत्तरदायित्व सम्बन्धी अभ्यासमा एकरूपता छैन ।

### चुनौतीहरू

१. छात्रवृत्ति वितरणको नियमितता र पारदर्शिता कायम राख्न कठिनाइ ।
२. सबै लक्षित बालबालिका नसमेटिनु तथा केही वञ्चित वर्ग छुटिनु ।
३. छात्रवृत्तिको रकम शिक्षासम्बन्धी आवश्यकताका लागि प्रयाप्त नहुनु ।
४. अनुगमन तथा प्रभाव मूल्याङ्कनको अभाव ।
५. छात्रवृत्तिको सदुपयोग सुनिश्चित गर्ने प्रणालीको कमजोरी ।

### ५.१.२ उद्देश्य

१. लक्षित वर्गका सबै बालबालिकालाई छात्रवृत्तिबाट विद्यालय शिक्षामा पहुँच र निरन्तरता सुनिश्चित गर्नु ।
२. छात्रवृत्तिको प्रभावकारिता, पारदर्शिता र अनुगमन प्रणाली सुदृढ गर्नु ।
३. छात्रवृत्तिलाई समावेशी, समानतामूलक र परिणाममुखी बनाउनु ।

### ५.१.३ रणनीति

१. छात्रवृत्ति वितरणमा आवश्यकता आधारित र समावेशी मापदण्ड अपनाउने ।
२. छात्रवृत्तिको उपयोग तथा असर मूल्याङ्कन गर्ने प्रणाली विकास गर्ने ।

३. छात्रवृत्तिलाई पोषण, लैङ्गिक समानता, अपाङ्गता र विपन्नता लगायत बहु-आयामीय सूचकसँग जोड्ने।
४. विद्यालय र पालिकास्तरमा अभिलेख व्यवस्थापन प्रणाली मजबुत बनाउने।
५. पारदर्शी र उत्तरदायी वितरण प्रक्रियाका लागि अभिभावक र समुदायको सहभागिता बढाउने।

### ५.१.४ **उपलब्धि तथा अपेक्षित नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य**

**अपेक्षित नतिजाहरू**

१. छात्रवृत्तिबाट लक्षित विद्यार्थीको विद्यालय सहभागिता र निरन्तरता सुनिश्चित हुनेछ।
२. विद्यालय छाड्ने दर र अनुपस्थित दरमा कमी आउनेछ।
३. छात्रवृत्तिको वितरण तथा उपयोगमा पारदर्शिता र उत्तरदायित्व वृद्धि हुनेछ।
४. समावेशी तथा समानतामूलक शिक्षामा योगदान पुग्नेछ।

**प्रमुख क्रियाकलाप तथा लक्ष्य**

| क्र. स. | सूचक | आधार वर्ष २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | बाँकी ५ वर्ष |
|---|---|---|---|---|---|---|---|
| १ | छात्रवृत्तिबाट लाभान्वित भएका विद्यार्थीहरूको संख्या | IEMIS मा देखिएका सम्पूर्ण विद्यार्थीहरु | | | | | |
| २ | वितरणको अनुगमन तथा सामाजिक उत्तरदायित्व अभ्यास भएका विद्यालयहरूको प्रतिशत | १० | २० | ३० | ४० | ५० | १०० |

### ५.१.५ प्रमुख क्रियाकलाप सञ्चालन गर्न लाग्ने अनुमानित बजेट (रु लाखमा)

| क्र.सं. | मुख्य क्रियाकलाप | ५ वर्ष को अनुमानित बजेट | | | | | | अनुमानित बजेट (बाँकी ५ वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | जम्मा | | संघ, प्रदेश र स्थानीय सरकार तथा गै.स.सं. |
| १ | सामान्य छात्रवृत्ति कार्यक्रम | ५ | ५ | ५ | ५ | ५ | २५ | ३० | |
| २ | प्राविधिक शिक्षा छात्रवृत्ति कार्यक्रम | २ | २ | २ | २ | २ | १० | १० | |

# परिच्छेद ६
# सुशासन तथा व्यवस्थापन

## १.६ विद्यालय सुशासन तथा व्यवस्थापन

विद्यालय सुशासन भन्नाले शिक्षा प्रणालीमा पारदर्शिता, जवाफदेहिता, सहभागिता, कार्यकुशलता र विधिको पालना सुनिश्चित गर्दै नतिजामूलक सेवा प्रवाह गर्ने प्रक्रिया हो । संघीय संरचनाअनुसार तीन तहका सरकार, विद्यालय, समुदाय र साझेदारहरूको समन्वयमा शासकीय प्रबन्ध मजबुत बनाई शिक्षाको गुणस्तर सुधार गर्न आवश्यक संस्थागत संरचना, क्षमता विकास, र प्रभावकारी अनुगमन प्रणालीको स्थापना जरुरी हुन्छ ।

यस परिच्छेदमा सुशासन प्रवर्धन गरी शिक्षा क्षेत्रको यस योजनाको कार्यान्वयनबाट अपेक्षित नतिजा हासिल गर्नका लागि आवश्यक संस्थागत संरचना, क्षमता विकास, योजना कार्यान्वयनको समग्र व्यवस्था र अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीका सम्बन्धमा वर्तमान अवस्थाको समीक्षा गरिएको छ । वर्तमान अवस्थाको समीक्षाका आधारमा यस योजानाका अपेक्षित नतिजा प्राप्तिका लागि प्रस्तावित कार्यक्रमहरुको कुशल तथा प्रभावकारी कार्यान्वयन गर्नका लागि आवश्यक संस्थागत संरचना, क्षमता विकास, योजना कार्यान्वयनको समग्र व्यवस्था र अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणाली स्थापित गर्नु आवश्यक देखिन्छ ।

### ६.१.१ वर्तमान अवस्था

दोगडाकेदार गाउँपालिकाको शैक्षिक सेवा प्रवाहलाई प्रभावकारी र व्यवस्थित बनाउन दक्ष तथा सक्षम जनशक्ति र पर्याप्त स्रोतसाधन आवश्यक छ । जनशक्तिको उचित व्यवस्थापन र संगठनात्मक सुदृढीकरणले कार्य सम्पादनमा वृद्धि ल्याउने भएकाले संस्थागत संरचना र क्षमताको सुधार अपरिहार्य देखिन्छ । बदलिँदो सामाजिक परिवेश, प्रविधि, सञ्चार र संघीय प्रशासनिक व्यवस्थाको सन्दर्भमा तीन तहका सरकारबीचको अधिकार र दायित्व स्पष्ट गर्दै शैक्षिक सुशासन प्रवर्धन गर्न संस्थागत सुधार अनिवार्य छ ।

हाल दोगडाकेदार गाउँपालिकाभित्रका ५४ वटै विद्यालयहरूको समग्र व्यवस्थापनका लागि गाउँ कार्यपालिकाको कार्यालय अन्तर्गत शिक्षा, युवा तथा खेलकूद शाखा क्रियाशील छ । शाखामा शिक्षा सेवा अधिकृत (श्रेणी ६) एकजना र शिक्षा सहायक (श्रेणी ५) एकजना गरी जम्मा दुईजनाको दरबन्दी रहेको छ । सो शाखाको प्रमुख जिम्मेवारीमा पालिकास्तरीय शैक्षिक नीति तथा योजना विकास, विद्यालयहरूसँग समन्वय, शिक्षा मापदण्ड निर्धारण, अनुगमन तथा मूल्याङ्कन कार्यको सहजीकरण पर्दछ ।

तर संघीय शिक्षा ऐन हालसम्म जारी नभएकाले प्रदेश र स्थानीय तहमा शिक्षा सम्बन्धी कानुन निर्माण तथा परिमार्जनमा ढिलाइ भएको छ । यसले शिक्षाका विविध पक्षहरूलाई व्यवस्थापन गर्न चुनौती सिर्जना गरेको छ । परिणामस्वरूप, नीति र कार्यान्वयनबीच अन्तरविरोध देखिएको र शैक्षिक सुशासनमा बाधा पुगेको अवस्था विद्यमान छ ।

**चुनौतीहरू**

१. संघीय शिक्षा ऐनको अभावले नीति, कार्यक्रम तथा कार्यान्वयनबीच समन्वयमा समस्या।
२. स्थानीय स्तरमा शिक्षा सम्बन्धी कानुनी ढाँचा तथा मापदण्डको अपुगता।
३. शिक्षाको व्यवस्थापमा जनशक्तिको संख्या र क्षमता दुबै अपर्याप्त।
४. अनुगमन, मूल्याङ्कन र प्रतिवेदन प्रणाली कमजोर।
५. प्रविधिको सीमित प्रयोग र डिजिटल साक्षरताको अभाव।
६. विद्यालय र पालिकाबीच समन्वय तथा सहकार्य प्रणाली कमजोर।
७. पारदर्शिता र जवाफदेहिताको सुनिश्चितता चुनौतीपूर्ण।

**६.१.२ उद्देश्य**

१. सुशासनको सिद्धान्त अनुसार पारदर्शिता, जवाफदेहिता र समावेशितामा आधारित विद्यालय व्यवस्थापन गर्नु।
२. संघीय संरचनाअनुसार स्थानीय तहमा शिक्षा सेवा प्रवाहलाई प्रभावकारी बनाउनु।
३. दक्ष जनशक्ति उत्पादन र क्षमता विकास गर्दै शैक्षिक नेतृत्व सुदृढ बनाउनु।
४. सूचना प्रविधि र अनुगमन-मूल्याङ्कन प्रणालीलाई प्रभावकारी बनाउनु।
५. विद्यालय सुधार योजनाको प्रभावकारी कार्यान्वयन गर्नु।
६. विद्यालय, समुदाय र सरकारबीच समन्वय तथा सहकार्यलाई मजबुत बनाउन सहयोग गर्नु।

**६.१.३ रणनीति**

१. संघीय, प्रादेशिक र स्थानीय तहमा शैक्षिक कानुन, नियमावली र मापदण्ड तयार पार्न सहयोग गर्ने।
२. शिक्षा शाखा तथा विद्यालय व्यवस्थापन समितिका सदस्यहरूको क्षमता विकासका लागि तालिम सञ्चालन गर्ने।
३. सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरी शिक्षा प्रशासन र अनुगमन प्रक्रियालाई डिजिटल बनाउन पहल गर्ने।
४. विद्यालय र पालिकाबीच नियमित संवाद र समन्वयका लागि संरचना विकास गर्ने।
५. नीति, योजना, अनुगमन तथा मूल्याङ्कनका लागि प्रभावकारी प्रणाली स्थापना गर्ने।
६. विद्यालय सुधार योजना तयार गरि त्यसको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्ने।

**६.१.४ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप लक्ष्य**

अपेक्षित उपलब्धिहरू

१. संघीय शिक्षा ऐन जारी भई स्थानीय तहमा शिक्षा सम्बन्धी कानुनी व्यवस्था स्पष्ट र सुदृढ हुने।
२. दक्ष र सक्षम जनशक्तिको संख्यामा वृद्धि भई विद्यालय व्यवस्थापन सुधारिने।
३. डिजिटल शिक्षा प्रशासन प्रणाली कार्यान्वयनमा आउने।
४. अनुगमन र मूल्याङ्कन प्रणाली प्रभावकारी हुने।
५. विद्यालय, समुदाय र स्थानीय सरकारबीच सहकार्य र समन्वय मजबुत हुने
६. विद्यालय सुधार योजना तयार गरि त्यसको प्रभावकारी कार्यान्वयन सुनिश्चित हुने।

**प्रमुख नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र. सं. | सूचक | आधार वर्ष २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | बाँकी ५ वर्ष |
|---|---|---|---|---|---|---|---|
| १ | माध्यमिक विद्यालयमा नेतृत्व तथा व्यवस्थापन सम्बन्धी तालिम प्राप्त प्रधानाध्यापक प्रतिशत | ३० | ४० | ५० | ६० | ७० | १०० |
| २ | आधारभूत तहको विद्यालयमा नेतृत्व विकास तथा व्यवस्थापन सम्बन्धी तालिम प्राप्त प्रधानाध्यापक प्रतिशत | ३५ | ४५ | ५५ | ६५ | ७५ | १०० |
| ३ | लेखा परीक्षण तथा सामाजिक परीक्षण सम्पन्न गर्ने विद्यालय संख्या | ५४ | | | | | ५४ |
| ४ | विद्यालय सुधार योजनाको प्रभावकारी कार्यान्वयन गर्ने विद्यालय संख्या | ५४ | | | | | ५४ |

### ६.१.५ प्रमुख क्रियाकलाप सञ्चालन गर्न लाग्ने अनुमानित बजेट (रु लाखमा)

| क्र. सं. | मुख्य क्रियाकलाप | अनुमानित बजेट ५ वर्ष | | | | | | ५ वर्षको बजेट | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | क्षमता विकास तालिम | ५ | ५ | ५ | ५ | ५ | २५ | २५ | संघ, प्रदेश, स्थानीय सरकार र गै.स.सं. |
| २ | सामाजिक परीक्षण | ५ | ५ | ५ | ५ | ५ | २५ | २५ | |
| ३ | विद्यालय सुधार योजना कार्यान्वयन | १० | १० | १० | १० | १० | ५० | ५० | |
| ४ | शैक्षिक अनुगमन तथा मूल्याङ्कन कार्यक्रम | १० | १० | १० | १० | १० | ५० | ५० | |
| ५ | शिक्षा सुशासन तथा प्रवर्द्धन कार्यक्रम | १० | १० | १० | १० | १० | ५० | ५० | |

## ६.२ स्थानीय शिक्षा योजना कार्यान्वयन प्रबन्ध

स्थानीय शिक्षा योजना प्रभावकारीरूपमा कार्यान्वयन गर्न समन्वित र संरचित व्यवस्थापन अपरिहार्य हुन्छ । योजनाको सफल कार्यान्वयनका लागि आवश्यक संस्थागत संरचना, जिम्मेवारी बाँडफाँड, स्रोत साधनको व्यवस्थापन, अनुगमन तथा मूल्याङ्कन प्रणालीको विकास र सरोकारवालाको सक्रिय सहभागिता अनिवार्य हुन्छ। संघीय संरचनाअनुसार गाउँपालिकाले आफ्नो अधिकार प्रयोग गरी योजना कार्यान्वयनमा नेतृत्व लिनुपर्छ । विद्यालय, समुदाय र विकास साझेदारबीच सहकार्य गरी नीति, कार्यक्रम र बजेट कार्यान्वयन गर्नुपर्ने आवश्यकता छ। परिणाममुखी कार्यान्वयन सुनिश्चित गर्न नियमित प्रगति अनुगमन, सामाजिक उत्तरदायित्व अभ्यास र प्रतिवेदन प्रणाली मजबुत बनाइनु पर्दछ।

### ६.२.१ वर्तमान अवस्था

दोगडाकेदार गाउँपालिकाले स्थानीय शिक्षा योजना (SESP) निर्माणको थालनी गरिसकेको छ तर योजनाको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक प्राविधिक संरचना, मानव स्रोत र स्पष्ट कार्यविभाजनको कमी छ। शिक्षा शाखामा सीमित जनशक्ति, अनियमित अनुगमन प्रणाली र योजना कार्यान्वयनमा विद्यालयस्तरको स्वामित्व न्यून रहेको छ। योजनालाई स्थानीय सरकारको वार्षिक कार्यक्रम तथा बजेटसँग समायोजन गर्ने प्रक्रिया कमजोर छ।

**चुनौतीहरू**

१. योजना कार्यान्वयनमा स्पष्ट कार्यविभाजनको अभाव।
२. प्राविधिक जनशक्ति तथा कार्यान्वयन क्षमताको कमी।
३. स्रोतसाधनको सीमितता र बजेटको असमान वितरण।
४. विद्यालयहरूमा योजनाको स्वामित्व र सहभागिता कम हुनु।
५. अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणाली कमजोर हुनु।

### ६.२.२ उद्देश्य

१. स्थानीय शिक्षा योजनाको प्रभावकारी, समावेशी र नतिजामुखी कार्यान्वयन सुनिश्चित गर्नु।
२. कार्यान्वयन क्षमताको सुदृढीकरण गरी स्रोत, संरचना र प्रणाली प्रभावकारी बनाउनु।
३. विद्यालय र समुदायको स्वामित्व र सहभागिता अभिवृद्धि गर्नु।
४. अनुगमन र मूल्याङ्कन प्रणालीलाई संस्थागत गर्नु।

### ६.२.३ रणनीति

१. स्थानीय शिक्षा योजनालाई पालिकाको वार्षिक योजना र बजेटसँग समायोजन गर्ने।
२. कार्यान्वयनका लागि शिक्षा शाखा, विद्यालय र समुदायबीच स्पष्ट कार्यविभाजन निर्धारण गर्ने।
३. शिक्षा शाखा, विद्यालय व्यवस्थापन समिति र सरोकारवालाहरूको क्षमता विकास गर्ने।

४. योजना कार्यान्वयनमा प्रविधिको प्रयोग गर्दै नियमित अनुगमन र प्रतिवेदन प्रणाली विकास गर्ने।
५. विद्यालय सुधार योजनालाई SESP सँग जोडेर कार्यान्वयनलाई एकीकृत बनाउने।

### ६.२.४ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

**अपेक्षित उपलब्धिहरू**

१. स्थानीय शिक्षा योजना प्रभावकारी ढंगले कार्यान्वयन हुनेछ।
२. शिक्षा शाखा र विद्यालयहरूको कार्यान्वयन क्षमता वृद्धि हुनेछ।
३. योजना कार्यान्वयनमा विद्यालय र समुदायको सक्रिय सहभागिता हुनेछ।
४. अनुगमन र मूल्याङ्कन प्रणाली नियमित र परिणाममुखी हुनेछ।
५. योजना, कार्यक्रम र बजेटबीच समन्वय कायम हुनेछ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.स. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | भौतिक लक्ष्य बाँकी ५ वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | | |
| १ | SESP अनुसार कार्यान्वयन भएका कार्यक्रमहरूको प्रतिशत | प्रतिशत | २० | ४० | ५० | ६० | ८० | १०० | |
| २ | पालिकाको वार्षिक बजेटमा योजना समायोजन भएको अनुपात | अनुपात | १:२० | १:४० | १:५० | १:६० | १:८० | १:१०० | |
| ३ | योजना कार्यान्वयनमा संलग्न जनशक्तिको क्षमता विकास तालिम | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ४ | स्थानीय शिक्षा योजनामा विद्यालय र समुदायको सहभागिता दर (% मा) | प्रतिशत | २० | ३५ | ५० | ६५ | ८० | १०० | |
| ५ | शैक्षिक तथ्याङ्क | पटक | १ | १ | १ | १ | १ | ५ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | व्यवस्थापन | | | | | | | | |

**६.२.५ प्रमुख क्रियाकलाप सञ्चालन गर्न लाग्ने अनुमानित बजेट (रु लाखमा)**

| क्र. सं. | मुख्य क्रियाकलाप | अनुमानित बजेट ५ वर्ष | | | | | | ५ वर्षको बजेट | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | कानुन,कार्यविधि र निर्देशिका निर्माण | २ | २ | २ | २ | २ | १० | १० | संघ, प्रदेश, स्थानीय सरकार र गै.स.सं. |
| २ | समिति तथा उपसमिति निर्माण तथा अभिमुखीकरण | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ३ | शैक्षिक तथ्याङ्क व्यवस्थापन | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ४ | सरोकारवालाहरुसँग अन्तर्क्रिया तथा छलफल | २ | २ | २ | २ | २ | १० | १० | |

## परिच्छेद ७

## लगानी र स्रोत व्यवस्थापन

शिक्षा क्षेत्रको सशक्तिकरणका लागि दीर्घकालीन सोच अनुरूप लगानी अपरिहार्य हुन्छ । बालबालिकाको शिक्षामा गरिएको लगानीले व्यक्ति, समाज र राष्ट्रको दिगो विकासमा योगदान पुऱ्याउँछ । शिक्षामा राज्यको लगानीले सबै बालबालिकालाई पहुँच सुनिश्चित गर्ने, गुणस्तरीय शिक्षाको प्रत्याभूति गर्ने र स्रोतको समतामूलक वितरण तथा उपयोग सुनिश्चित गर्ने उद्देश्य राख्दछ ।

नेपालको संविधानअनुसार सशर्त, समानीकरण, समपूरक र विशेष अनुदानमार्फत संघीय, प्रदेश र स्थानीय तहमा वित्तीय हस्तान्तरणको व्यवस्था छ । यिनका साथै स्थानीय तहले आफ्नै स्रोतबाट पनि शिक्षा क्षेत्रमा बजेट विनियोजन गर्न सक्छ ।

शिक्षामा लगानी गर्दा स्रोत पहिचान, एकीकरण, वितरण र उपयोगका पक्षहरूमा ध्यान पुऱ्याउनु आवश्यक हुन्छ । यस योजनाले वर्तमान अवस्थाको विश्लेषण गरी चुनौतीहरू पहिचान गरेको छ र तिनको समाधानका लागि उद्देश्य, रणनीति, स्रोतको आकलन, लगानीका क्षेत्र र लागत अनुमान प्रस्तुत गरिएको छ ।

### ७.१ वर्तमान अवस्था

शिक्षा क्षेत्रमा संघीय, प्रदेश र स्थानीय तहबाट बजेट विनियोजन भई आएको भए तापनि तिनको समन्वय र प्रभावकारी प्रयोगमा कमजोरी देखिन्छ । समग्र बजेटको अनुपातमा शिक्षामा विनियोजन हुने रकम अन्य क्षेत्रको तुलनामा अपेक्षाकृत न्यून रहेको छ । संघीय सरकारबाट प्रदान गरिने विभिन्न अनुदान, विशेषतः सशर्त अनुदान, समयमै नआउने तथा प्रयोग प्रक्रियामा जटिलता रहने समस्या विद्यमान छ । विद्यालयहरूमा योजना निर्माण, बजेट तर्जुमा, कार्यान्वयन र खर्च व्यवस्थापनसम्बन्धी प्रणाली तथा जनशक्ति सीपको अभाव छ । यसले गर्दा बजेटको प्रभावकारी उपयोगमा कठिनाइ हुँदै आएको छ। विद्यालय सुधार योजना तथा स्थानीय शिक्षा योजनासँग बजेट र कार्यक्रमको समायोजन नगरीकन बजेट खर्च हुने प्रवृत्तिले शैक्षिक लगानीको प्रभावकारिता घटाएको छ ।

### चुनौतीहरू

१. शिक्षा क्षेत्रमा कुल बजेटको न्यून हिस्सा मात्र विनियोजन हुनु ।
२. स्रोतको दोहोरोपना, असमान वितरण तथा खर्चको प्रभावकारिता कमजोर हुनु ।
३. स्रोत व्यवस्थापन तथा अनुगमन प्रणालीको अभाव ।
४. स्थानीय तह र विद्यालयमा योजना तथा बजेट निर्माण क्षमताको कमी ।
५. साझेदारी संस्थाहरू का कार्यक्रम र स्रोतहरूको अभिलेखिकरण तथा समन्वय कमजोर हुनु ।

### ७.२उद्देश्य .

१. शिक्षा क्षेत्रमा समावेशी, समतामूलक र पारदर्शी ढंगले स्रोतको परिचालन र लगानी प्रणाली सुदृढ गर्ने ।

**७.३ रणनीतिहरू**

१. संघीय, प्रदेश, स्थानीय तह र साझेदार संस्थाहरूबीच स्रोतको समन्वय तथा साझा कार्ययोजना तयार गर्ने ।
२. विद्यालय तहसम्म बजेट तर्जुमा, उपयोग, अनुगमन र प्रतिवेदन प्रणाली सुदृढ गर्ने ।
३. शिक्षा क्षेत्रमा स्रोत परिचालनका लागि साझेदारी विकास र निजी क्षेत्रको संलग्नता प्रवर्द्धन गर्ने ।
४. विद्यालयको सुधार योजना र स्थानीय शिक्षा योजनासँग बजेट र कार्यक्रमको समायोजन गर्ने ।
५. शिक्षामा विनियोजित बजेटको पारदर्शिता, परिणाममुखी खर्च र सार्वजनिक सामाजिक उत्तरदायित्व प्रवर्द्धन गर्ने ।

**७.४ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप लक्ष्य**

**अपेक्षित उपलब्धिहरू**

१. शिक्षा क्षेत्रका लागि पर्याप्त र समतामूलक स्रोत विनियोजन सुनिश्चित हुनेछ ।
२. विद्यालय स्तरमा बजेटको योजनाबद्ध, पारदर्शी र प्रभावकारी प्रयोग हुनेछ ।
३. साझेदारी संस्थाको स्रोत अभिलेखिकरण, समन्वय र प्रयोग सशक्त हुनेछ ।
४. स्रोत व्यवस्थापनमा पारदर्शिता र जवाफदेहिता कायम हुनेछ ।

**७.५ अनुमानित बजेट**

**क) संघीय सरकारबाट विद्यालय शिक्षा क्षेत्र अन्तर्गतका क्रियाकलापहरुमा प्राप्तहुने अनुमानित बजेट**

| क्र.सं. | अनुदान प्राप्त क्रियाकलाप | अनुमानित बजेट (रु लाखमा) | | | | | ५ वर्षको जम्मा | बाँकी ५ वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | | |
| १ | प्रारम्भिक बाल विकास र शिक्षा | १० | १० | १० | १० | १० | ५० | ५० |
| २ | आधारभूत शिक्षा | २० | २० | २० | २० | २० | १०० | १०० |
| ३ | माध्यमिक शिक्षा | १५ | १५ | १५ | १५ | १५ | ७५ | ७५ |
| ४ | प्राविधिक तथा व्यावसायिक शिक्षा | ७ | ८ | ९ | १० | ११ | ४५ | ४५ |
| ५ | अनौपचारिक तथा जीवनपर्यन्त शिक्षा | ५ | ५ | ५ | ५ | ५ | २५ | २५ |

**ख) प्रदेश सरकारबाट शिक्षा क्षेत्र अन्तर्गतका क्रियाकलापहरुमा प्राप्तहुने अनुमानित बजेट**

| क्र.स. | अनुदान प्राप्त | | ५ | बाँकी१० |
|---|---|---|---|---|

| | क्रियाकलाप | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | वर्षको जम्मा | वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बाल विकास र शिक्षा | ३ | ३ | ३ | ३ | ३ | १५ | १५ |
| २ | आधारभूत शिक्षा | ५ | ५ | ५ | ५ | ५ | २५ | २५ |
| ३ | माध्यमिक शिक्षा | ५ | ५ | ५ | ५ | ५ | २५ | २५ |
| ४ | प्राविधिक तथा व्यावसायिक शिक्षा | ५ | ५ | ५ | ५ | ५ | २५ | २५ |
| ५ | अनौपचारिक तथा जीवनपर्यन्त शिक्षा | २ | २ | २ | २ | २ | १० | १० |

**ग) स्थानीय सरकारबाट शिक्षा क्षेत्र अन्तर्गतका क्रियाकलापहरुमा प्राप्तहुने अनुमानित बजेट**

| **क्र.स.** | **अनुदान प्राप्त क्रियाकलाप** | | | | | | **५ वर्षको जम्मा** | **बाँकी १० वर्षको जम्मा** |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | | |
| १ | प्रारम्भिक बाल विकास र शिक्षा | २ | २ | २ | २ | २ | १० | १० |
| २ | आधारभूत शिक्षा | ३ | ३ | ३ | ३ | ३ | १५ | १५ |
| ३ | माध्यमिक शिक्षा | ३ | ३ | ३ | ३ | ३ | १५ | १५ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ४ | प्राविधिक तथा व्यावसायिक शिक्षा | १ | १ | १ | १ | १ | ५ | ५ |
| ५ | अनौपचारिक तथा जीवनपर्यन्त शिक्षा | १ | १ | १ | १ | १ | ५ | ५ |

**घ) अन्य संघसंस्थाहरुबाट शिक्षा क्षेत्र अन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेट**

| **क्र. स.** | **सहयोग अनुदान उपलब्ध गराउने गैससहरु** | | | | | | **बाँकी ५ वर्षको जम्मा बजेट** | **कैफियत** |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | | |
| १ | प्रारम्भिक बाल विकास र शिक्षा | १० | १० | १० | १० | १० | ५० | |
| २ | आधारभूत शिक्षा | १५ | १५ | १५ | १५ | १५ | ७५ | |
| ३ | माध्यमिक शिक्षा | २० | २० | २० | २० | २० | १०० | |
| ४ | प्राविधिक तथा व्यावसायिक शिक्षा | १ | १ | १ | १ | १ | ५ | |
| ५ | अनौपचारिक तथा जीवनपर्यन्त शिक्षा | १ | १ | १ | १ | १ | ५ | |

## ७.६ वार्षिक योजना तर्जुमा प्रक्रिया

माथिको तालिकामा तयार भएको बजेटको लागि श्रोतको अनुमान गर्दा संघ, प्रदेश तथा स्थानीय तहबाट प्राप्त हुने प्रस्तावित बजेट तथा विभिन्न संघ संस्थाबाट कार्यान्वयन हुने क्रियाकलापको समेत हिसाब गरि बजेटको अनुमान गरिएको छ। यसरी योजनामा पाँच वर्षका लागि आवश्यक पर्ने व्यहोर्ने श्रोतको हिसाब गर्दा अपुग हुने बजेट समेत उल्लेख गरि सोका लागि श्रोत पूर्तिका विकल्पको समेत प्रस्तावना गरिएको छ।

### ७.७ योजना कार्यान्वयनका लागि वार्षिक रणनीतिक कार्ययोजना

योजना कार्यान्वयन गर्दा वार्षिक रुपमा तय भएका योजना तथा कार्यक्रमलाई वार्षिक रुपमा संघ, प्रदेश र स्थानीय तहको नीति तथा कार्यक्रमका आधारमा वार्षिक रुपमा श्रोत सुनिश्चतताका आधारमा वार्षिक रणनीति तथा कार्यान्वयन योजना निर्माण गरिएको छ । योजना निर्माण गर्दा स्थानीय तहको पाँच वर्षे वजेट सहितको वार्षिक योजनामा उल्लेखित क्रियाकलापलाई केन्द्रित भई वार्षिक वजेट तथा कार्यक्रम तयार गरि कार्यान्वयन रणनीति तयार गरिएको छ ।

# परिच्छेद ८

## अनुगमन तथा मूल्याङ्कन

स्थानीय तहमा सञ्चालित शैक्षिक कार्यक्रमहरूको प्रभावकारिता, पारदर्शिता र नतिजामुखी कार्यान्वयन सुनिश्चित गर्न अनुगमन तथा मूल्याङ्कन अपरिहार्य हुन्छ। स्रोत र साधनहरूको विनियोजन तथा प्रयोग, निर्धारित कार्यतालिका अनुसार क्रियाकलापहरूको प्रगति, र प्राप्त उपलब्धिको मूल्याङ्कन गर्न एक सशक्त अनुगमन संयन्त्र आवश्यक छ। अनुगमन कार्यक्रम सञ्चालनको चरणमा गरिन्छ भने मूल्याङ्कन कार्यक्रमको प्रभाव र प्रतिफल बुझ्न कार्यक्रम सकिएपछि वा साथसाथै गरिन्छ। दोगडाकेदार गाउँपालिकामा सञ्चालन भइरहेका विद्यालय, बालविकास केन्द्र, सिकाइ केन्द्र तथा संस्थागत विद्यालयहरूमा शिक्षा क्षेत्रको अनुगमन र मूल्याङ्कनलाई नियमित, परिणाममुखी र उत्तरदायी बनाउने उद्देश्यले योजना निर्माणदेखि कार्यान्वयनसम्मका सबै चरणमा आवश्यक नीति, ढाँचा, साधन र प्रतिवेदन प्रणालीको विकास र उपयोग गरिएको छ।

**"मापन नगरेसम्म सुधार सम्भव हुँदैन, र प्रभाव मूल्याङ्कन नगरेसम्म सफलता प्रमाणित गर्न सकिँदैन।"**

यो अवधारणाका आधारमा, दोगडाकेदार गाउँपालिकाले अनुगमन तथा मूल्याङ्कनलाई शिक्षाको गुणस्तर अभिवृद्धिको मेरुदण्डका रूपमा लिएको छ।

### ८.१ वर्तमान अवस्था

दोगडाकेदार गाउँपालिकामा अनुगमन तथा मूल्याङ्कन कार्यलाई योजनाको अभिन्न अङ्गको रूपमा लिने गरिएको छ। गाउँ शिक्षा समिति र शिक्षा शाखाको नेतृत्वमा विद्यालयहरूको नियमित अनुगमन हुँदै आएको छ। विद्यालय क्षेत्र विकास योजना, चालु आवधिक योजना, र नेपाल सरकारका नीति तथा कार्यक्रमहरूलाई आधार बनाई आवश्यक विवरण सरोकारवाला निकायमा पठाउने कार्य समेत भइरहेको छ। तर, विद्यालय निरीक्षक र स्रोत व्यक्ति नहुनु, तथा जनशक्ति र स्रोतसाधनको अभावजस्ता समस्याहरू अझै विद्यमान छन्।

**चुनौतीहरू**

१. मापनयोग्य सूचकहरूको अभाव र सम्बन्धित दक्ष जनशक्ति नहुनु।
२. पर्याप्त स्रोतसाधन नहुनाले अनुगमन कार्य प्रभावकारी बन्न नसक्नु।
३. सूचना प्रविधिको न्यून प्रयोग।
४. स्पष्ट अधिकारयुक्त अनुगमन संयन्त्रको अभाव।
५. विद्यालय निरीक्षण प्रणाली र स्रोत व्यक्तिको व्यवस्था नहुनु।
६. विद्यालयस्तरमा अनुगमन गर्ने सीपयुक्त जनशक्तिको अभाव।
७. साझेदार संस्था तथा स्थानीय संरचनाको न्यून संलग्नता।

## ८.२ उद्देश्य

१. स्रोतसाधनको उपयुक्त उपयोग सुनिश्चित गर्दै प्रतिफलमुखी अनुगमन व्यवस्था विकास गर्नु।
२. योजनाको निर्माणदेखि कार्यान्वयनसम्म मूल्याङ्कन गरी आवश्यकतामा आधारित सुधार सुनिश्चित गर्नु।

## ८.३ रणनीति

१. संघीय, प्रदेश तथा स्थानीय सरकारबीच समन्वयात्मक अनुगमन तथा मूल्याङ्कन प्रणाली लागू गर्ने।
२. गाउँपालिका स्तरीय अनुगमन तथा मूल्याङ्कन समिति गठन गरी समग्र शैक्षिक कार्यक्रमको अनुगमन गर्ने।
३. IEMIS प्रणालीलाई सुदृढ गर्दै सूचकको आधारमा अनुगमन गर्ने।
४. जनप्रतिनिधि तथा शिक्षा शाखाबाट नियमित रूपमा अनुगमन सुनिश्चित गर्ने।
५. विद्यालय व्यवस्थापन समितिलाई समावेश गरेर विद्यालयस्तरको अनुगमन प्रणाली कार्यान्वयन गर्ने।
६. स्थानीय विज्ञ समूहको जिम्मेवारी बढाएर अनुगमन व्यवस्थित बनाउने।
७. कक्षाकोठा-आधारित शिक्षक सहयोग प्रणाली विकास गर्ने।
८. शिक्षा निकायहरूको क्षमता अभिवृद्धिका लागि गोष्ठी, कार्यशाला आयोजना गर्ने।

## ८.४ अपेक्षित उपलब्धि, प्रमुख क्रियाकलाप र लक्ष्य

### अपेक्षित उपलब्धिहरू

१. योजनाको कार्यान्वयनका क्रममा उत्पन्न समस्या समयमै सम्बोधन भई लक्षित उपलब्धि हासिल हुनेछ।
२. आवश्यकता आधारित योजना निर्माणका लागि गुणस्तरीय पृष्ठपोषण प्राप्त हुनेछ।
३. सूचकमा आधारित अनुगमन प्रणाली कार्यान्वयनमा आउनेछ।
४. अनुगमनकै आधारमा नतिजामा सुधार हुनेछ।
५. अनुगमन तथा मूल्याङ्कनका लागि आवश्यक संरचना र जनशक्ति विकास हुनेछ।
६. विद्यार्थी उपलब्धि तथा विद्यालय कार्यसम्पादन परीक्षण थप नियमित, वैज्ञानिक र परिणाममुखी हुनेछ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.स. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | भौतिक लक्ष्य बाँकी ५ वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | | |
| १ | एकिकृत शैक्षिक अनुगमन तथा मूल्यांकन संयन्त्रको निर्माण | पटक | १ | १ | १ | १ | १ | ५ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २ | नतिजाका आधारमा अनुगमन सूचकहरु तयारी र अद्यावधिक | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ३ | वार्षिक तथा चौमासिक समीक्षा प्रर्तिवेदन | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ४ | विद्यार्थी सिकाइ उपलब्धि परीक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ५ | विद्यालयको कार्यसम्पादन परीक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ६ | वडास्तरीय अनुगमन प्रणालीको विकास तथा कार्यान्वयन | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ७ | विद्यालयहरुको लेखापरीक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | |

**८) प्रमुख क्रियाकलाप सञ्चालन गर्न लाग्ने अनुमानित बजेट ५.रु लाखमा(**

| क्र. सं. | मुख्य क्रियाकलाप | अनुमानित बजेट ५ वर्ष | | | | | | ५ वर्षको बजेट | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | कानुन,कार्यविधि र निर्देशिका निर्माण | २ | २ | २ | १ | १ | ८ | ८ | संघ, प्रदेश, स्थानीय सरकार र गै.स.सं. |
| २ | समिति तथा उपसमिति निर्माण तथा अभिमुखीकरण | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ३ | सिकाई उपलब्धी परीक्षण | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ४ | वार्षिक समीक्षा | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ५ | विद्यालयको कार्य सम्पादन परीक्षण र लेखा परीक्षण | १ | १ | १ | १ | १ | ५ | ५ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ६ | नियमित अनुगमन तथा मूल्याङ्कन | २ | २ | २ | २ | २ | १० | १० | |

**सन्दर्भ सामग्री**


१. नेपालको संविधान, २०७२, कानुन किताब व्यवस्था समिति

२. उच्च स्तरीय कार्यदलका प्रतिवेदन २०५५, शिक्षा मन्त्रालय, काठमाण्डौं

३. उच्च स्तरीय कार्यदलका प्रतिवेदन २०५८, शिक्षा मन्त्रालय, काठमाण्डौं

४. चौधौं (त्रिवर्षीय) योजना (२०७३) राष्ट्रिय योजना आयोगको सचिवालय, काठमाण्डौं

५. विद्यालय क्षेत्र सुधार कार्यक्रम मूल दस्तावेज (२०६६–२०७२) शिक्षा मन्त्रालय, काठमाण्डौं

६. विद्यालय क्षेत्र विकास कार्यक्रम (२०७३–२०८०), शिक्षा मन्त्रालय, काठमाण्डौं

७. राष्ट्रिय जनगणना २०७८  को प्रतिवेदन, केन्द्रीय तथ्याङ्क विभाग, थापाथली काठमाण्डौं

८. शिक्षा ऐन (संशोधन सहित), २०२८, कानुन किताब व्यवस्था, समिति, काठमाण्डौं

९. शिक्षा नियमावली (संशोधन सहित), २०५९ कानुन किताब व्यवस्था समिति, काठमाण्डौं

१०. स्थानीय सरकार सञ्चालन ऐन २०७४, कानुन किताब व्यवस्था समिति,काठमाण्डौं

११. निःशुल्क तथा अनिवार्य शिक्षा ऐन २०७५, कानुन किताब व्यवस्था समिति, काठमाण्डौं

१२. दिगो विकास लक्ष्य २०१७-३० राष्ट्रिय योजना आयोग, काठमाण्डौं

१३. उच्च स्तरीय कार्यदलको प्रतिवेदन शिक्षा मन्त्रालय, काठमाण्डौं

१४. नेपाल सरकारको कार्यक्रम बजेट २०८०/८१ , काठमाण्डौं

१५. १६ औं योजनाको आधारपत्र

१६. Emis रिपोर्ट दोगडाकेदार गाउँपालिका

१७. सरोकारवालाहरूसँगको छलफल